# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# बागमती प्रदेश




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# बागमती प्रदेश


रसुवा
धादिङ
नुवाकोट
सिन्धुपाल्चोक
काठमाडौं
भक्तपुर
दोलखा
चितवन
मकवानपुर
ललितपुर
काभ्रेपलाञ्चोक
रामेछाप
सिन्धुली

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# बागमती प्रदेश

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।
(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

**नेपालका महालेखापरीक्षक**

बबरमहल, काठमाडौं
नेपाल

पत्र संख्या : २०७६।७७
च.नं.: ६३

मिति : २०७७।०३।३१

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**विषय: वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा ।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

# विषय सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **प्रदेश सञ्चित कोष** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरीएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका  बेरुजूको स्थिति** | ४ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ९ |
| | १. प्रदेश सभा सचिवालय ...................................................................... | ९ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ................................................ | ११ |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय .................................................. | १२ |
| | ४. आन्तरिक मामिला तथा कानुन मन्त्रलय................................................. | १८ |
| | ५. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ........................................... | २० |
| | ६. भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ........................................... | २६ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ........................................... | ३२ |
| | ८. सामाजिक विकास मन्त्रालय ................................................................ | ४२ |
| | ९. मुख्य न्यायाधिवक्ताको कार्यालय ........................................................... | ४८ |
| | १०. प्रदेश नीति तथा योजना आयोग | ४९ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति**................................................................. | ५० |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु** ............................................................................. | ५१ |
| | **अनुसूचीहरु** ............................................................................................ | ५४ |
| | **तस्बिरहरु**.................................................................................................. | ७४ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाल लगायतका सबै संघीय, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकले लेखापरीक्षण ऐन, २०७५ तथा अन्य प्रचलित कानुनको आधारमा लेखापरीक्षण गरी त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरण उपर राय सहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ । उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु । प्रदेश सभामा पेश भएको लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा नियमावली वमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु ।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखा परीक्षकले जारी गरेका निर्देशनहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन(इन्टोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरु समेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु तथा लेखा उत्तरदायी अधिकृत लगायत सम्बद्ध पक्षहरुसँग आवश्यक छलफल गरेको छु । छलफलबाट प्राप्त राय सुझाव एवं सूचना बमोजिम लेखापरीक्षणको गुणस्तरीयताको अभिवृद्धि गरी परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु ।

यस वर्ष प्रदेश अन्तरगतका निकायबाट कानुनको पालना, जवाफदेहिता वहन, लेखापालन र आर्थिक कारोवारको स्थिति, सार्वजनिक सम्पत्ति र श्रोत साधनको उपयोग, सार्वजनिक निर्माण र सेवा प्रवाह जस्ता विषयलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ । यो वर्ष प्रदेश अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित ७ मन्त्रालय, प्रदेशसभा सचिवालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १९१ निकायको रु ३९ अर्व ४७ करोड ५४ लाखको लेखापरीक्षण सम्पन्न भएकोमा रु. ९८ करोड ७३ लाख बेरुजू कायम भएको छ । यो बेरुजू कुल लेखापरीक्षण अङ्कको २.५० प्रतिशत हुन आउँछ ।

प्रदेश अन्तर्गतका कार्यालयहरुको लेखापरीक्षणबाट मुख्य रुपमा वजेटमा समावेश भएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पदाधिकारी तथा कर्मचारी सुविधा र सहायता वितरण जस्ता अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्ने, सार्वजनिक सम्पत्तिको लगत अद्यावधिक गर्नुपर्ने, आर्थिक कारोवारको लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली समयबद्ध गर्नुपर्ने, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रणाली प्रभावकारी बनाई वित्तीय जवाफदेहिता स्तरमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसै गरी कतिपय आवश्यक कानुन निर्माण गर्न र संगठन व्यवस्था गर्न बाँकी रहेको, प्रदेशस्तरमा सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्न बाँकी रहेको, नीति, मापदण्ड एवं कार्यविधि पर्याप्तरुपमा तयार नभएको र संगठन व्यवस्था र दरवन्दी बमोजिम जनशक्ति पदपूर्ति नभएकोले प्रदेश सरकारबाट प्रवाहित सेवा प्रभावकारी बनाउन उल्लिखित विषयमा थप सुधार गर्नुपर्ने जस्ता व्यहोरा देखिएका छन् ।

त्यसैगरी विकास निर्माण तर्फ योजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तह बीच समन्वय गरी एउटै भौगोलिक स्थानका एकै प्रकृतिका कार्यक्रमहरु तीनै तहबाट सम्पादन भई दोहोरो पर्ने, खप्टिने तथा टुक्रिने कार्य नियन्त्रण गर्ने, साना तथा टुक्रे आयोजनाको छनौट नगर्ने, बजेट र खर्च प्रकृया सुनिश्चित नगरी काम गर्नाले भुक्तानीमा समस्या आएको,उपलब्धि सुनिश्चित गरेर मात्र संस्थागत अनुदान र सहायता जस्ता कार्यक्रमहरुमा बजेट परिचालित गर्नुपर्ने, अनुदानको अनुगमन संयन्त्र बनाउने, सार्वजनिक खरिद

ऐनको पूर्णपालना गरी खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी बनाउने, उपभोक्ता समितिहरुबाट जटिल प्रकृतिका निर्माण कार्यहरु गर्न रोक्नुपर्ने, तोकिए बमोजिम जनसहभागिता जुटाउनु पर्ने र दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएको छ ।

प्रदेश सरकारको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचना, आवधिक योजना र कार्यक्रमसँग तालमेल हुनेगरी कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्दछ । वितरणमुखी र अनुत्पादक खर्चमा नियन्त्रण गर्दै एकीकृत कार्यालयको अवधारणा अनुसार सीमित संख्याका कार्यालयबाट कार्यसम्पादन गर्ने व्यवस्था गर्नुपर्दछ । प्रभावकारी अनुगमन, सार्वजनिक खरिद ऐन लगायतका कानुनको परिपालना, आन्तरिक नियन्त्रण प्रणालीको स्थापना र प्रभावकारी आन्तरिक लेखापरीक्षण मार्फत वित्तीय अनुशासनको प्रवर्द्धन गर्नुपर्दछ । प्रदेशस्तरबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामञ्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । स्वीकृत ढाँचामा प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने एवं प्रदेशले स्थानीय तहको समेत चौमासिक आयव्यय विवरण सङ्कलन गरेर एकीकृत विवरण तयार गरी संघीय अर्थ मन्त्रालयमा पठाउने व्यवस्था हुनुपर्ने देखिएको छ । सेवा प्रवाहको मापदण्डहरु तर्जुमा गरी नियमित अनुगमन गर्नुपर्दछ ।

संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक श्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई नमूनाको रुपमा सञ्चालन गर्ने अवसर प्राप्त भएको छ । यद्यपि वित्तीय श्रोत तथा जनशक्तिको अभावका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । प्रदेशमा समृद्धि र सुशासनको उद्देश्य हासिल गर्न उर्जा, कृषि, पर्यटन, उद्योग, वन, शिक्षा, खानेपानी र भौतिक पूर्वाधार लगायतका क्षेत्रहरुमा समावेश भएका प्रतिवेदनका व्यहोरा र सुझावबाट प्रदेशस्तरको शासकीय व्यवस्था र विकास निर्माण कार्य सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेश तहको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध श्रोत साधनको अधिकतम प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह र रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने छ । साथै संघीय सरकारको अनुदान प्रतिको निर्भरतालाई क्रमशः घटाउदै नेपालको संविधान बमोजिम आफ्नो कार्य क्षेत्रभित्र परेका श्रोत साधन मार्फत आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारवाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभाका सभामुख तथा उपसभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु लगायत प्रदेशका सबै निकाय र पदाधिकारी तथा नागरिक समाज र सञ्चारकर्मीहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, कोरोना भाइरसको महामारीको वावजूद अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या:२०७६।७७
च.नं. : ७०

मिति : २०७७/०३/३०

श्री सचिव ज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय
हेटौडा, मकवानपुर ।

**विषय : प्रदेश सञ्चितकोषको आर्थिक विवरण उपर लेखापरीक्षण प्रतिवेदन ।**

## कैफियत सहितको राय

हामीले बागमती प्रदेश सञ्चितकोषको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति भुक्तानीको एकीकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससङ्ग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु (**अनुसूची-१५**) को लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५/७६ को प्राप्ति भुक्तानीको एकिकृत आर्थिक विवरण, बजेटको तुलनात्मक विवरण र त्यससङ्ग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समाबेश भएको आर्थिक विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान र आर्थिक कार्यविधी र वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको रायव्यक्त गर्ने आधार

कैफियतसहितको लेखापरीक्षण रायव्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन ।

१. प्रदेश सञ्चित कोषको स्वीकृत ढाँचा प्रयोग गरी आर्थिक विवरण तयार गरेको छैन ।

२. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.९८ करोड ७३ लाख १५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ करोड २९ लाख १८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२४ करोड ५३ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.२१ करोड २४ लाख ८७ हजार र पेश्की बाँकी रु.४७ करोड ६६ लाख ५ हजार रहेको छ ।

३. प्रदेश सरकारको स्थिर सम्पती मुल्यांकन गरी आर्थिक विवरणमा खुलासा गरेको छैन ।

४. प्रदेश सरकारको लागि रु. ५ अर्ब ९६ करोड ९७ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये खर्च भई बाँकी रहेको रकमको अद्यावधिक हिसाब नराखेकोले खर्चको यथार्थता एकिन भएको छैन ।

५. प्रदेश सरकारबाट स्थानीय तहलाई रुं १ अर्ब समानीकरण अनुदान निकासा भएकोमा महालेखा नियन्त्रकको कार्यालयबाट प्राप्त विवरण अनुसार रु.५८ करोड ६० लाख ८२ हजार खर्च भई रु.४१ करोड ३९ लाख १८ हजार स्थानीय तहहरुमा मौज्दात रहेको छ । उक्त मौज्दात रहेको रकमलाई समेत प्रदेश लेखा नियन्त्रक कार्यालयले खर्च जनाएको हुदाँ वास्तवीक खर्चको हिसाब एकीन भएको छैन ।

६. प्रदेश सरकारको लागि रु.८ अर्ब ५५ करोड ६९ लाख सर्शत अनुदान र रु.६० करोड समपूरक अनुदान प्राप्त भएकोमा बर्षान्तसम्म रु.६ अर्व २१ करोड ५६ लाख ४२ हजार सर्शत अनुदानको रकम मात्र खर्च भएको छ । अर्थात अनुदान रकमको ७२.६० प्रतिशत मात्र खर्च भएको छ भने समपूरक अनुदान तर्फको रकम खर्च नभई संघीय संचितकोषमा फिर्ता भएको छ ।

७. राजस्व बाँडफाँड अन्तरगत प्रदेश सरकारलाई प्राप्त हुनुपर्ने मुल्य अभिबृद्धि कर वापत रु.५ अर्ब ६९ करोड ६८ लाख र अन्तशुल्क रु.१ अर्ब ६८ करोड ४१ लाख प्राप्त भएको देखिएको छ । प्राप्त हुनुपर्ने रकमको हिसाब राखेको छैन । त्यस्तै प्रदेश विभाज्य कोषमा प्राप्त भएको वन रोयल्टी र सवारी साधनको रु.६ अर्व ५८ करोड ११ लाख बाँडफाँड गरेतापनि प्रदेशले प्राप्त गर्ने अन्य प्रकारको राजश्वको हिसाब राखेको छैन ।

८. प्रदेशले स्थानीय तह ११९ मध्ये ५१ बाट रु.५८ करोड ६२ लाख ९६ हजार आयमा लेखांकन गरेको छ । प्रदेश र स्थानीय तह बीच बाँडफाँड हुने राजस्व देखिने गरी बेग्लै हिसाब तयार गरेको देखिएन ।

९. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको सर्शत, समपूरक र बिशेष अनुदान मध्ये आषाढ मसान्त सम्म सम्बन्धित स्थानीय तहमा खर्च नभै रु १ अर्ब ६८ करोड ९३ लाख ३८ हजार फिर्ता गर्नुपर्नेमा रु ८२ करोड ५४ लाख ७१ हजार मात्र फिर्ता गरेकोले छुट रु.८४ करोड ४१ लाख ६४ हजार बाँकी रहेको छ । उक्त रकम यथार्थमा खर्च नभै प्रदेश सरकारबाट स्थानान्तरण भै स्थानीय तहको खातामा मौज्दात रहेको तर प्रदेश संचितकोषमा खर्च देखाएको छ ।

१०. ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह लगायतका विषयमा कमीकमजोरी देखिएका छन् ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । संञ्चितकोषको आर्थिक विवरण तयार गर्ने प्रदेश लेखा नियन्त्रकको कार्यालयसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकारमा रहेको छ । प्रदेश मन्त्रालयका लेखाउत्तरदायी अधिकृतहरु प्रदेश संञ्चितकोषको आर्थिक प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(रामु प्रसाद डोटेल)
उप महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको बिचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोवारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य राखिएको छ । देहायका विषयहरु सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्य रहेको छ :-

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोवार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश सरकारका मन्त्रालय तथा निकाय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेतको २०७५।७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ अनुसरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराईएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायबाट प्राप्त जवाफ प्रतिकृया समेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा प्रदेश सरकारका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरि लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र परिच्छेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १
# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| १. सरकारी कार्यालय | १८२ | ३८९१०१४३ |
| २. अन्य संस्था तथा समिति | ९ | **५६५२५८** |
| **जम्मा** | **१९१** | **३९४७५४०१** |

यो वर्ष प्रदेश मातहत १८२ सरकारी निकायको रु.३८ अर्ब ९१ करोड १ लाख ४३ हजार अन्य संस्था र समिति ९ को रु.५६ करोड ५२ लाख ५८ हजार समेत रु.३९ अर्ब ४७ करोड ५४ लाख १ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरुको विवरण **अनुसूची - १ र २** मा उल्लेख छ।

१. **सरकारी निकाय** – यो वर्ष १८२ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु. हजारमा)

| क्र.सं | कारोबार | लेखापरीक्षण सम्पन्न | |
|---|---|---|---|
| | | २०७४।७५ को रकम | २०७५।२०७६ |
| १. | विनियोजन | २६९६७४ | २०६५२७०२ |
| २. | राजस्व | १५६ | १६९०१७२० |
| ३. | धरौटी | ४७९९ | ८०४९४७ |
| ४. | अन्य कारोबार | ० | ५५०७७४ |
| | **जम्मा** | **२७४६२९** | **३८९१०१४३** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची १ र २** मा उल्लेख छ।

२. **समिति र अन्य संस्था -** यो वर्ष ९ समिति र अन्य संस्थाको रु.५६ करोड ५२ लाख ५८ हजारको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख ब्यहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ। बिस्तृत विवरण **अनुसूची-५** मा उल्लेख छ।

३. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष प्रदेश मातहतका निकायहरुको लेखापरीक्षणमा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण र संक्षिप्त कार्यविधिको अवलम्बन गरिएको छ।

- **बजेट र राजस्वको कार्यान्वयन स्थिति**

४. **बजेट तथा खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७५।७६ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु | १६,८६,७०,०६ | ११,०९,८३,३४ | ६५.८० |
| पुँजीगत | १७,७६,५९,४८ | ९,५५,४३,६८ | ५३.७८ |
| **जम्मा** | **३४,६३,२९,५४** | **२०,६५,२७०२** | **५९.६३** |

बजेट अनुमानको तुलनामा पुँजीगत खर्च ५३.७८ प्रतिशत मात्र गरिएको अवस्थाले प्रदेशको कार्यसम्पादनमा प्रभावकारिता आएको छैन । तसर्थ समयमा योजना स्वीकृति, कार्यक्रम संचालन र सेवाप्रबाहको अवस्थामा सुधार, कार्यप्रकृयामा सरलीकरण गरी विनियोजन दक्षता बढाउनुपर्दछ।

५. **खर्चको स्थिति –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चको निकायगत विवरण निम्नानुसार छ :

(रु. हजारमा

| सि. नं. | निकाय | यथार्थ खर्च | | | |
|---|---|---|---|---|---|
| | | चालु | | पूँजिगत | |
| | | खर्च | प्रतिशत | खर्च | प्रतिशत |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ५१४१५९ | ४.६३ | ६३७५४०७ | ६६.७३ |
| २. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १०१५७८७ | ९.१५ | १३७३५७९ | १४.३८ |
| ३. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ६७४२३२ | ६.०८ | ९२४०३२ | ९.६७ |
| ४. | सामाजिक विकास मन्त्रालय | २२१०७७६ | १९.९२ | ५५८५६१ | ५.८५ |
| ५. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ११६७०४ | १.०५ | १६७२६० | १.७५ |
| ६. | प्रदेश सभा सचिवालय | १६६४०२ | १.५० | ६९२८९ | ०.७३ |
| ७. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ६२८६२२७ | ५६.६४ | ३५३३३ | ०.३७ |
| ८. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९३४२९ | ०.८४ | ३११४७ | ०.३३ |
| ९. | मुख्य न्यायधिवक्ताको कार्यालय | ६४४६ | ०.०६ | १०६५६ | ०.११ |
| १०. | प्रदेश नीति तथा योजना आयोग | १४१७२ | ०.१३ | ९१०४ | ०.१० |
| **जम्मा** | | **११०९८३३४** | १००.०० | **९५५४३६८** | १००.०० |

६. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु. हजारमा)

| स्रोत | २०७५।७६ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| **संघीय सरकार अनुदान** | **१७१८५३००** | **१२१८५३४२** | **७०.९०** |
| समानीकरण अनुदान | ५९६९७०० | ५९६९७०० | १००.०० |
| शसर्त अनुदान | १०६१५६०० | ६२१५६४२ | ५८.५५ |
| बिशेष अनुदान | - | - | - |
| समपूरक अनुदान | ६००००० | - | - |
| **प्रदेश सरकार** | **१८३३०३००** | **८४६७३६०** | **४६.१९** |
| राजस्व बाडफाड | १४९९६६२७ | **८४६७३६०** | ५६.४६ |
| आन्तरिक स्रोत | ३३३३६७३ | - | - |
| आन्तरिक ऋण | ० | - | - |
| **गत बर्षको नगद** | **७५१०७४** | - | - |
| **जम्मा** | **३६२६६६७४** | **२०,६५,२७,०२** | **५६.९४** |

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२० अर्ब ६५ करोड २७ लाख २ हजार मध्ये संघीय सरकारको अनुदानबाट ५९ प्रतिशत र प्रदेश सरकारको राजस्वबाट ४१ प्रतिशत व्यहोरेको छ । संघीय सरकारबाट प्राप्त हुने प्रक्षेपण गरेको समपूरक अनुदान प्राप्त नभएको, बिशेष अनुदानलाई स्रोतमा नै प्रस्ताव नगरेको, गत बर्षको नगद मौज्दात रु ७५ करोड १० लाख ७४ हजारलाई यो बर्षको बजेटमा समाबेश नै नगरेको अवस्था छ । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, खर्च व्यवस्थापन तथा कार्यसंपादन नतिजामा प्रभावकारिता आएको छैन ।

७. **संघ तथा स्थानीय तहलाई बजेट -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुन बमोजिम विकास निर्माण तथा सेवा प्रवाहका कार्य अगाडि बढाउनु पर्नेमा प्रदेशले विनियोजन गरेको बजेटबाट संघीय तथा स्थानीय सरकारका कार्यक्रम संचालन गर्न बजेट अख्तियारी दिएको र संघीय तथा स्थानीय तहका कार्यालयहरुले चालुतर्फ रु.११ करोड ८३ लाख १८ हजार र पुजीगततर्फ रु.१७ करोड ८९

लाख ५८ हजार समेत रु.२९ करोड ७२ लाख ७६ हजार बजेट खर्च गरेका छन् । उक्त रकमको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु सम्बन्धित कार्यालयमा उपलब्ध गराईएकोले प्रदेशको आय-व्ययको कारोवारमा समावेश गरिएको छ । यसको विवरण **अनुसूचि-१३** मा छ ।

८. **राजस्व असुली –** सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७५।७६ मा प्रदेश सरकारले संघीय सरकारबाट बाँडफाँड भई प्राप्त हुने मुल्य अभिबृद्धि कर रु ५ अर्ब ६९ करोड ६७ लाख ८९ हजार, अन्तशुल्क रु १ अर्ब ६८ करोड ४० लाख ७० हजार समेत रु ७ अर्ब ३८ करोड ८ लाख ५९ हजार रहेको छ । प्रदेशले संकलन गरेको प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने राजस्वमध्ये सवारी साधन कर मात्र बिभाज्य कोषमा जम्मा गरी सोको ६० प्रतिशतले हुने सवारी साधन कर रु ३ अर्ब ९० करोड २२ लाख ८४ हजार प्रदेश सरकारको संचितकोषमा जम्मा भएको छ । यसैगरी घर जग्गा करबाट बाँडफाँड भई प्रदेशलाई रु ३ अर्ब ९३ करोड १३ लाख ९५ हजार प्राप्त भएको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको राजस्वको आर्थिक विवरणमा रु.१७ अर्ब ८९ करोड ५७ लाख ८६ हजार देखाएतापनि लेखापरीक्षणबाट रु.१६ अर्ब ९० करोड १७ लाख २० हजार मात्र राजस्व संकलन गरेको देखिएकोले रु.९९ करोड ४० लाख ६६ हजार फरक परेकोमा हिसाब मिलान गरेको छैन् । यस सम्बन्धी विवरण अनुसूची ९ मा रहेको छ ।

९. **कर तथा शुल्क** - प्रदेशले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजस्व उठाउन सक्नेसमेत व्यवस्था छ । प्रदेशलाई घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर तोक्ने अधिकार छ । प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन र कार्य सञ्चालन गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयको रहेको परिप्रेक्ष्यमा चालु वर्ष २०७५।७६ को बजेटमा आर्थिक ऐन समेत जारी भै कार्यान्वयनमा आएको भएतापनि सबै क्षेत्रको संभाव्य राजस्वको प्रक्षेपण र असुली कार्यमा प्रभावकारिता आउन सकेको छैन ।

१०. **छलफल र अन्तरक्रिया :** महालेखापरीक्षकको २०७५।७६ को लेखापरीक्षण कार्य तालिकाअनुसार २०७६ मंसिर पहिलो हप्तामा प्रदेश सरकारलगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा २०७६।९।१८ मा महालेखापरीक्षकबाट बागमती प्रदेशका प्रदेश प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका कामकारबाही, वित्तीय व्यवस्थापन एवं सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा छलफल भएको थियो ।

प्रदेश मन्त्रिपरिषद्का सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन मार्फत सार्वजनिक सेवा प्रवाहमा सुधार सम्बन्धमा महालेखापरीक्षकले २०७६।९।१९ मा सुझाव प्रस्तुत गर्नु भएको थियो भने मुख्यमन्त्री तथा प्रदेश मन्त्रालयका मन्त्री र सचिवहरुबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो ।

सोही दिन मकवानपुर जिल्ला स्थित सबै स्थानीय तह र सरकारी निकायका कार्यालय प्रमुख र लेखाप्रमुखसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तन पश्चात निकायको सेवा प्रवाह, कार्यसम्पादन स्थिति र बेरुजू फछ्र्यौट सम्बन्धमा महालेखापरीक्षकबाट प्रष्ट पार्नुको साथै स्थानीय तहका जनप्रतिनिधिलाई आर्थिक प्रशासन, वित्तीय अनुशासन र जवाफदेहिताको पालनाका सम्बन्धमा ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २
# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** बागमती प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २ (ब) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याई कारोवार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोवार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको कारोवारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ। प्रदेश कार्यालयअन्तर्गत उपर्युक्त परिभाषाबमोजिम फछ्र्यौट गर्नुपर्ने अद्यावधिक रकम देहायअनुसार रु.९८ करोड ८२ लाख ८७ हजार रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-१२** मा उल्लेख छ।

(रु. हजारमा)

| क.सं. | विवरण | गत वर्ष | यो वर्ष | जम्मा रकम |
|---|---|---|---|---|
| १ | प्रदेश सरकारी निकायको बेरुजू | ९७२ | ९७२०९४ | ९७३०६६ |
| २ | समिति तथा अन्य संस्था | ० | १५२२१ | १५२२१ |
| | **जम्मा** | **९७२** | **९८७३१५** | **९८८२८७** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। लेखापरीक्षणबाट कायम बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ। यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | कुल वेरुजूको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजू** | **९७२०९४** | **१५२२१** | **९८७३१५** | **१००** |
| **१. असुल गर्नुपर्ने** | **५१३४७** | **१५७१** | **५२९१८** | **५.३६** |
| **२. नियमित गर्नुपर्ने** | **४४४१४२** | **१३६५०** | **४५७७९२** | **४६.३७** |
| ● अनियमित भएको | २०६४६२ | ६०२५ | २१२४८७ | २१.५२ |
| ● प्रमाण कागजात पेस नभएको | २३७६८० | ७६२५ | २४५३०५ | २४.८५ |
| **३. पेस्की** | **४७६६०५** | **०** | **४७६६०५** | **४८.२७** |
| ● कर्मचारी पेस्की | १९२२ | ० | १९२२ | **०.१९** |
| ● मोबिलाइजेसन पेस्की | ४५८६३५ | ० | ४५८६३५ | **४६.४५** |
| ● प्रतीतपत्र पेस्की | ० | ० | ० | ० |
| ● अन्य पेस्की | १६०४८ | | **१६०४८** | **१.६३** |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची– १० र ११** मा छ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७५।७६ को बेरुजू फछ्र्यौट नभएकाले उक्त व्यहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विवरण **अनुसूची-१४** मा रहेको छ।

२.२ सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालयहरु निम्नानुसार छन :

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १५४२८१०३ | २९९३२ | १५५८६८ | ३७५५७७ | ५६१३७७ | ५७.७५ | **३.६४** |
| २. | सामाजिक विकास मन्त्रालय | ३०२२२१४ | १५८३६ | १४०९८३ | २६३१३ | १८३१३२ | १८.८४ | **६.०६** |
| ३. | भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १६६८७१८ | १८५१ | ५९९२७ | ७३७३६ | १३५५१४ | १३.९४ | **८.१२** |
| ४. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २९६५८८५ | ३६९३ | ८६५७८ | ८२४ | ९१०९५ | ९.३७ | **३.०७** |
| ५. | अन्य | १५८२५२२३ | ३५ | ७८६ | १५५ | ९७६ | ०.१० | **०.०१** |
| | **जम्मा** | **३८९१०१४३** | **५१३४७** | **४४४१४२** | **४७६६०५** | **९७२०९४** | १०० | **१००** |

*माथिको तथ्यांकमा समिति तथा अन्य संस्थातर्फको लेखापरीक्षण अंक र बेरुजू समावेश गरिएको छैन ।*

२.३ यो वर्ष १८२ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ७१ कार्यालय (३९.०१ प्रतिशत) मा लगती बेरुजू देखिएको छैन । समिति तथा अन्य संस्था ९ मध्ये ३ कार्यालयमा लगती बेरुजू देखिएको छैन् ।

२.४ यो वर्ष प्रदेश मातहतका निकाय तथा समितितर्फ २ हजार ४७२ दफा मध्ये प्रतिक्रियाबाट १५५ दफा फछ्र्यौट भई २ हजार ३१७ दफा बेरुजू देखिएकोमा १ हजार ७३८ दफा सैद्धान्तिक र ५७९ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ सरकारी कार्यालय तर्फ यो वर्ष रु.४७ करोड ६६ लाख ५ हजार पेश्की बाँकी रहेको छ । उक्त पेश्की मध्ये कर्मचारी तर्फ रु. १९ लाख २२ हजार, मोविलाईजेशन तर्फ रु.४५ करोड ८६ लाख ३५ हजार र संस्थागत तर्फ रु. १ करोड ६० लाख ४८ हजार छ । यस सम्बन्धी विवरण **अनुसूची-६** मा छ ।

२.६ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थाबाट यो वर्ष लेखापरीक्षणको दौरानमा रु.८८ लाख ६० हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.९८ लाख ८४ हजार समेत रु. १ करोड ८७ लाख ४४ हजार असुल भई राजस्वमा दाखिला भएको छ । यस सम्बन्धी विवरण **अनुसुची-७** मा छ ।

२.७ सरकारी कार्यालय, समिति तथा अन्य संस्था तर्फ ३८ निकायको रु.३२ लाख १५ हजार अग्रिम कर कट्टी नगरेकोमा १८ निकायको रु. ८ लाख ४८ हजार असूल भई रु. २३ लाख ६७ हजार बाँकी छ । यस सम्बन्धी विवरण **अनुसूची-८** मा छ ।

२.८ प्रदेश सरकारी कार्यालय अन्य संस्था र समिति तर्फ यो वर्षको सम्पन्न लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. हजारमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो, २०७५ | २७४६२९ | ९७२ | ०.३५ | ९७२ | ०.३५ |
| दोस्रो, २०७७ | ३९४७५४०१ | ९८७३१५ | २.५० | ५१०७१० | १.२९ |

प्रदेश बेरुजूको विवरण **अनुसूची १२** मा छ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

३. **कानुन निर्माण -** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तर्जुमा गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधिसम्म पहिचान गरिएका ९९ कानुन मध्ये ३६ कानुन पारित भएको, ६ नियमावली र ५ गठन आदेश जारी, ८ कार्यविधि तर्जुमा भएको, ७ विधेयक बिचाराधिन रहेको तथा १२ विधेयकको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहमति प्रदान गरिएको छ । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

४. **कानुनमा सामञ्जस्यता -** प्रदेश सरकारले बनाउने कानुनसंघीय कानुनसँग सामञ्जस्य हुने गरी निर्माण गर्नुपर्नेमा केही असमाञ्जस्यता देखिएकोछ । उदाहरणको लागि बागमती प्रदेशले निर्माण गरेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) मा महालेखापरीक्षकबाट औँल्याएको बेरुजु सम्बन्धित कार्यालयले फछ्र्यौट र सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउने व्यवस्था गरेको देखिन्छ । सोही ऐनको दफा ३८ मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजु सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको पाइयो । उक्त व्यवस्था साबिक आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजु फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था र हालको आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३८(४) को बेरुजु फछ्र्यौट तथा सम्परीक्षण व्यवस्था भन्दा भिन्न रहेको छ । सम्परीक्षण लेखापरीक्षणकै अङ्ग भएकोले उक्त कार्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट गराउने व्यवस्था उचित देखिदैन । यस्तो व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ ।

५. **संगठन र कर्मचारी व्यवस्थापन -** प्रदेश सरकारको कार्य सम्पादन गर्न आवश्यक सँगठन र कर्मचारीको व्यवस्था हुनुपर्दछ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रायलबाट २०७५।१२।१४ मा प्राप्त विवरणको आधारमा यस प्रदेश अन्तर्गतका कार्यालयहरुमा ३९०६ दरबन्दी स्वीकृत गरेकोमा २५२५ जनाको समायोजन भएको विवरण प्राप्त भएको छ । स्वीकृत दरबन्दीको तुलनामा ६४.६४ प्रतिशत मात्र समायोजन भएको, समायोजन भएका पनि सबै पदपूर्ति नभएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिँदा स्वीकृत दरबन्दी समयमै पदपूर्ति हुनुपर्दछ ।

६. **कार्यालय स्थापना -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा उल्लेख गरिएका कार्य सम्पादन र सेवा प्रबाहका लागि मितव्ययिता कायम हुने गरी कार्यालयहरुको स्थापना हुनुपर्दछ । स्थानीय तहमा हस्तान्तरण भएका कृषि र स्वास्थ्य सेवा सम्पादनका लागि प्रदेशअन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको स्थापना भएको, संघ र प्रदेश दुवैले एउटै प्रकृतिको कार्य (जस्तै सडक निर्माण तथा पुर्वाधार सम्बन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्यलगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनः प्रदेश निर्देशनालयहरुको नाममा स्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययिता हुने देखिएन । साथै कार्यमा समेत दोहोरोपन हुने देखिँदा दोहोरोपन नहुनेगरी कार्यालयको स्थापना र सञ्चालन गर्नुपर्दछ ।

७. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएपनि कार्यान्वयनमा नआएको, प्रक्रियामा रहेको, कार्यान्वयन गर्न बाँकी रहेको आदि व्यहोरा देखिने गरी कार्य जिम्मेवारीको सूची र सोको कार्यान्वयन समय तालिका तयार गरेको पाइएन । कार्यान्वयन तालिका तयार गरी कार्य जिम्मेवारी कार्यान्वयन गर्नेतर्फ थप प्रभावकारिता ल्याइनुपर्दछ ।

८. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले आगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सो साथ राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्था सहितको बजेट अनुमान

समेत गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको अनुमान रु.३६ अर्ब २२ करोड ६६ लाख प्रदेश सभामा पेश गरेको देखिन्छ । प्रदेश सरकारको २०७५।७६ वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा प्रदेश संसदको बिषयगत समितिहरुको कार्यक्षेत्रगत संचालन हुने अध्ययन अनुसन्धान, प्रदेश सुरक्षा नीति तर्जुमा, सूचनापार्क सम्बन्धी अनुसन्धान, स्थानीय तहहरुको कानुन निर्माणमा सहजीकरण, आर्थिक विश्लेषण तथा वित्तीय क्षेत्र व्यवस्थापन लगायतका बिषय कार्यान्वयन हुन सकेको छैन । अन्य व्यहोरा निम्नानुसार देखिएको छ:

८.१ संघीय सरकारबाट समपूरक अनुदान रु.६० करोड प्राप्त भएपनि खर्च नगरेको अवस्था छ । १३ जिल्लाका सडक आयोजनाको लागि प्रदेश सरकारको ६० प्रतिशत अनुदान रु.९० करोड र संघीय सरकारको ४० प्रतिशत समेत रु.१ अर्ब ५० करोडको लागत रहेको बजेट कार्यान्वयन नभएको कारण संघीय सरकारबाट प्राप्त रु.६० करोड नै फिर्ता भएको पाइयो । उपलब्ध स्रोत परिचालन नभएको कारणले विकास निर्माण, खर्च तथा कार्यसंपादन नतिजामा प्रभावकारिता आएको छैन ।

८.२ प्रदेश मन्त्रालय लगायतमा विनियोजित कुल रु.३६ अर्ब २६ करोड ६६ लाख ७४ हजारमध्ये रु.२० अर्ब ६५ करोड २७ लाख २ हजार अर्थात ५६.९४ प्रतिशत मात्र बजेट खर्च भएको छ । मन्त्रालयगत खर्च अनुसार औसत सञ्चालन खर्च ६६ प्रतिशत र कार्यक्रम खर्च ५४ प्रतिशत रहेको छ ।

८.३ जस अनुसार संघीय सरकारबाट प्राप्त भएको अनुदान रु.१७ अर्ब १८ करोड ५३ लाख र राजस्व बाडफाड रु १४ अर्ब ९९ करोड ६६ लाख २७ हजार मध्ये रु २० अर्ब .६५ करोड २७ लाख खर्च भई आन्तरिक स्रोत समेत रु १० अर्ब १८ करोड २७ लाख ९५ हजार बाँकी रहेकोछ । बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको कारण प्रस्तावित बजेट खर्च भएको देखिएन ।

८.४ संघबाट प्राप्त सर्शत, समपूरक र विशेष अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्ने व्यवस्था छ । मन्त्रालयहरुले मातहत कार्यालयलाई गएको सर्शतको बजेटबाट खर्च भएको रकमको हिसाब तयार गरी बाँकी रकम संघीय संचितकोष दाखिला गर्नुपर्नेमा २०७६ कार्तिक मसान्तसम्म पनि दाखिला भएको छैन ।

९. **कार्यक्रम कार्यान्वयन -** बजेटमा समावेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७५।७६ को आय व्यय अनुमान (बजेट वक्तव्य) कार्यविभाजन नियमावली, २०७४ मा उल्लेख भएबमोजिम सेवाग्राही सन्तुष्टी सर्वेक्षण, प्रदेश गौरवका आयोजनाको छनौट, आकष्मिक र युवा लक्षित कोषको स्थापना, विपद् व्यवस्थापन कार्यविधि, प्रादेशिक नीति, प्रदेश भित्रको समष्टिगत गुरुयोजना तर्जुमा, प्रदेशस्तरको सूचना एकीकृत गर्ने कार्य, प्रादेशिक दुग्ध विकासबोर्ड गठन, मन्त्रालयगत प्रोफाइल र प्रोजेक्ट बैंक तयारी, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापना सम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसेकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नु पर्दछ ।

१०. **सम्पत्ति व्यवस्थापन -** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तरगत रहेका कृषि, वन, सिँचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तरगत रुपान्तरण तथा मर्ज भएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य नभएकोले कानुनले तोकेअनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

११. **कारोवारको लेखा -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम लेखाउत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन, राजश्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत वित्तीय विवरण र एकीकृत हिसाव तयार गरी तोकिएको समय भित्र (प्रत्येक वर्षको कार्तिक १) प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेमा मन्त्रालयहरुले एकीकृत विवरण तयार गरी पठाएको छैन । सोबाट भएको समानीकरण, सर्शत, विशेष तथा समपूरक अनुदानको यथार्थ खर्चको नतिजा विश्लेषण हुन सकेन । एकीकृत विवरण समयमै तयार गर्नुपर्दछ ।

१२. **वित्तीय प्रतिवेदन सार्वजनिक -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४६ बमोजिम सम्बन्धित कार्यालयहरुले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त

भएको मितिले ७ दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्ने व्यवस्था रहेकोमा सो अवलम्बन गरी कार्यान्वयनमा ल्याएको देखिएन । वित्तीय प्रतिवेदनहरु सार्वजनिक गर्नुपर्दछ ।

१३. **मितव्ययिता कायम गर्ने मार्गदर्शन** - नेपाल सरकार (म.प.) बाट २०७५।१।२६ मा स्वीकृत सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सवारी साधनको किसिम, इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन, कार्यकक्ष, फर्निसिङको मापदण्ड र सवारी साधन इन्धन, मर्मतको मापदण्ड तयार गर्ने नीतिगत व्यवस्था भएकोमा मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्च मितव्ययी हुन सकेको छैन । तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१४. **सवारी साधन खरिद** - प्रदेश मन्त्रिपरिषद्बाट २०७४।१२।२९ मा सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ स्वीकृत गरेको छ । स्वीकृत मापदण्ड अनुसार महाशाखा प्रमुख/कार्यालय प्रमुखलाई बढीमा ३० लाख रुपैयाँसम्म (घ बर्ग)को सवारी साधन उपलब्ध गराउने व्यवस्था छ । प्रदेश मातहतका १३ निकायले यो वर्ष सवारी साधन खरिदमा रु.२६ करोड ४७ लाख ७९ हजार खर्च गरेका छन । यी सवारी साधनको इन्धन, मर्मत लगायतका खर्च लाई मध्यनजर गर्दा सवारी साधनको खर्च अझै बढ्ने देखिदा यस्तो खर्चमा मितव्ययिता ल्याउनुपर्दछ ।

१५. **सिधै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिदसम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने हो होइन यकीन गरेर मात्र खरिद गर्नुपर्नेमा एकिन नगरी मन्त्रालय र मातहतका ३४ कार्यालयले सामग्री खरिदमा रु.१० करोड ७५ लाख ६९ हजार, निर्माणमा रु.५ करोड ७० लाख ६८ हजार र परामर्श सेवामा रु.२५ करोड ५६ लाख ७१ हजार समेत रु.४२ करोड ३ लाख ८ हजारको सिधै खरिद गरेको छ । प्रचलित कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

१६. **सेवाग्राही सन्तुष्टी सर्भेक्षण** - प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को अनुसूची २(२२) अनुसार प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन गर्ने गरी कार्यविभाजन नियमावलीमा उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म कार्यविधि स्वीकृत नभएकोले स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

१७. **सेवा प्रवाह** - प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि २६ कानुनमात्र पारित भएको, प्रदेश अन्तर्गतको स्वीकृत दरवन्दी ३९०६ मध्ये २५२५ जनाको समायोजन भएको एवं २०७५।७६ को कुल वार्षिक बजेटको ५४ प्रतिशत मात्र खर्च भएको छ ।

लेखापरीक्षणको क्रममा मन्त्रालयको लागि निर्धारण गरिएको वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारणलगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमनलगायतको कार्य हुन बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको पाइएन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१८. **आन्तरिक नियन्त्रण** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र लागु गरिसक्नु पर्ने व्यवस्था छ । सो ऐन, २०७५।१।५ गते जारी भएकोमा लेखापरीक्षण अवधिसम्म प्रदेशका लेखा उत्तरदायी अधिकृतहरुले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी लागु नगरेको अवस्था छ । ऐनको दफा ३१ अनुसार आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनका लागि सम्बन्धित निकायको लेखा उत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्नेमा उक्त समिति समेत गठन नभएको व्यहोरा औंल्याएको मा यो बर्ष पनि सुधार भएकोछैन । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

# परिच्छेद – ३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही संञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय सञ्चालनमा रहेको छ । प्रदेश व्यवस्थापिकाको कार्य सञ्चालनमा आवश्यक सहयोग गर्ने प्रशासकीय निकायको रुपमा सचिवालयको स्थापना भएको हो । बागमती प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ६६ जना, समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने ४४ जना गरी ११० जना सभासद निर्वाचित हुने व्यवस्था रहेको छ ।

यो वर्ष विनियोजन रु.२३ करोड ५६ लाख ९१ हजार, राजस्व रु.२ लाख ८६ हजार, धरौटी रु.३९ लाख ४४ हजार र अन्य कारोवार रु.६ लाख २९ हजार समेत रु.२४ करोड ५ लाख ५० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् :

१. **लक्ष्य प्रगति** - प्राप्त विवरण अनुसार कर्मचारीको नेतृत्व विकास, द्वन्द्व, जोखिम तथा विपद् व्यवस्थापन, अभिलेखालय तथा पुस्तकालय व्यवस्थापन, भाषिक सीप, प्रस्ताव तथा प्रतिवेदन लेखन, कानुन निर्माण तथा व्यवस्थापन र सूचना व्यवस्थापन तालिम जस्ता कार्यक्रमहरु सञ्चालन हुन नसकेकोले समग्रमा ३६.२३ प्रतिशत मात्र वित्तीय प्रगति हासिल गरेको देखिन्छ । वार्षिक लक्ष्य अनुसारको प्रगति हासिल हुनुपर्दछ ।

२. **दरबन्दी र पदपूर्ति** - तोकेको जिम्मेवारी पूरा गर्न दरबन्दी अनुसार पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ३६ रहेकोमा २२ पदपूर्ति भएको देखिन्छ । पदपूर्तिमध्ये ७ काजमा कार्यरत रहेको पाइयो । सचिवालयको दरबन्दी र पदपूर्ति अवस्था अद्यावधिक गरेको छैन । दरबन्दी बमोजिम पदपुर्ति हुनुपर्दछ ।

३. **खर्चको मापदण्ड** - नेपाल सरकार (म.प.)ले २०७५।०१।२६ मा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ जारी गरेको छ । भवन तथा पदाधिकारीको कार्यकक्षको फर्निसिङ र पदाधिकारीलाई उपलब्ध गराइने सवारी साधनको किसिम, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने नीतिगत व्यवस्था भएकोमा मापदण्ड तयार नभएकोले तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **मासिक सुविधा** -प्रदेश सभाका सभामुख, उपसभामुख तथा सदस्यको पारिश्रमिक र सुविधा तोक्ने सम्बन्धी मन्त्रिपरिषद्को आदेश, २०७५ बमोजिम यो वर्ष मासिक सुविधा भुक्तानी गर्दा देहायबमोजिमका दरले पारिश्रमिकमा रु.६ करोड ३ लाख २६ हजार, बैठक भत्ता रु.४० लाख ७० हजार, पदाधिकारी अन्य सुविधा रु.६ करोड ६२ लाख ४५ हजार समेत रु.१३ करोड ६ लाख ४२ हजार खर्च भएको देखिन्छ ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | उप सभामुख / प्रतिपक्ष दलको नेता | मुख्य सचेतक /प्रमुख सचेतक/ सभापति | प्रदेश सभा सदस्य | सचेतक |
|---|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ५३,००० | ५०,००० | ४९,००० | ४५,००० | ४७००० |
| आवास सुविधा | मासिक रु. | आवास दिने | २५,००० | २५,००० | १५,००० | १५००० |
| फर्निचर | एकमुष्ठ रु. | - | ५०,००० | ५०,००० | ५०,००० | ५०००० |
| निजी सचिवालय | मासिक रु. | २,००० | १,७५० | १,७५० | - | १२००० |
| सवारी | वटा | १ | १ | - | - | - |
| सवारी इन्धन | मासिक लिटर | १५० | १२५ | १२५ | - | - |
| मोविल | त्रैमासिक लि | १० | ५ | ५ | - | - |
| यातायात सुविधा | प्रति दिन रु. | - | - | - | १००० | १००० |
| सञ्चार सुविधा | प्रति महिना रु. | ५,००० | ५,००० | २,००० | ५,००० | १५०० |
| धारा बिजुली | प्रति महिना रु. | बिल बमोजिम | ३,००० | २,००० | १,५०० | २००० |
| अतिथि सत्कार | प्रति महिना रु. | १०,००० | ५००० वा ४५०० | ४,५०० | १,००० | ३५०० |

विभिन्न समितिहरुका सभापतिको पारिश्रमिक, पदाधिकारीको संचार र आवास सुविधाको रकम अन्य प्रदेश भन्दा फरक देखिएकोले समन्वात्मक रुपमा एकरुपता ल्याउनुपर्दछ ।

५. **समिति गठन र कार्यक्षेत्र** - प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि देहायबमोजिमको कार्यक्षेत्र रहने गरी समिति गठनको व्यवस्था रहेको छ :

| क्र.सं. | समितिको नाम | कार्यक्षेत्र | यो बर्ष बसेको बैठक संख्या |
|---|---|---|---|
| १. | प्रदेश मामिला समिति | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उपभोक्ता हित सम्बन्धी । | २८ |
| २. | अर्थ तथा विकास समिति | आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालय सम्बन्धी । | २८ |
| ३. | सार्वजनिक लेखा समिति | महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट, प्रदेश सरकारको सार्वजनिक लेखा सम्बन्धी । | २७ |
| ४. | शिक्षा, स्वास्थ्य तथा कृषि समिति | भूमि, कृषि तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय सम्बन्धी । | ४० |
| ५. | उद्योग, पर्यटन तथा वातावरण समिति | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्बन्धी । | ४१ |

प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिनका लागि यो बर्ष १६४ वटा बैठक बसेर विभिन्न निर्णय गरेको भएतापनि निर्देशन वा राय सल्लाहको कार्यान्वयनको अभिलेख राखी अनुगमन नगरेकोले सोमा सुधार हुनुपर्दछ ।

६. **सवारी साधन खरिद** - सवारी साधन शीर्षकमा रु.३ करोड बजेट स्वीकृत भएकोमा रु.३ करोड ३३ लाख ५० हजार थप गरेर रु.६ करोड २७ लाख २९ हजारमा १० जीप तथा १७ मोटरसाइकल खरिद भएको छ । बजेट तथा कार्यक्रम बेगर रकम थप गरी सवारी साधन खरिद गरेको नियमित देखिएन । सभामुख र उप सभामुखलाई मात्र सवारी साधन सुबिधा उपलब्ध हुने कानुनी व्यवस्था रहेको अवस्थामा उल्लेखित सवारी साधन खरिद गर्न पाउने आधार देखिएन ।

७. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । प्रदेश सभा सचिवालयले यो बर्ष पनि पूँजीगत तर्फको रु.४३ लाख ६० हजारको फर्निचर तथा मेशिनरी औजार पटक पटक सोझै खरिद गरेको छ । कानुनको परिपालना गरी प्रतिस्पर्धा र मितव्ययितापूर्वक खरिद कार्य गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - सचिवालयको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजू देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मन्त्रिपरिषदले प्रदेश सरकार, बागमती प्रदेश (कार्य विभाजन) नियमावलीको परिधि भित्र रही कार्य गर्दछ । प्रदेश भित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो । कार्यालयको कार्य क्षेत्र बागमती प्रदेशका १३ जिल्ला स्थित प्रदेश कार्यालय, ३ महानगरपालिका समेत ११९ स्थानीय तहहरु रहेका छन् ।

यो वर्ष विनियोजन रु.१२ करोड ४५ लाख ७६ हजार, राजस्व रु.६४ हजार र धरौटी रु.२१ लाख ५९ हजार समेत रु.१२ करोड ६७ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । अन्य संस्थातर्फ महिला विकास प्रशिक्षण केन्द्रको रु.२ करोड ५८ लाख ३४ हजार को लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य सम्पादन स्थिति** - प्रदेश सरकारले करिब ९९ किसिमको कानुन निर्माण गर्नुपर्ने देखिएकोमा ३६ विधेयक प्रदेश सभाबाट पारित भएको छ । त्यस्तै २ नियमावली र ८ कार्यविधि तयार भई कार्यान्वयनमा रहेको छ । पहिचान भएका कानुन निर्माण गरी कार्यसम्पादन गर्नुपर्दछ ।

२. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको २ महिना भित्र विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । नेपाल सरकारबाट प्राप्त अनुदान, वैदेशिक अनुदान तथा ऋण अनुमानको प्राप्ति तथा परिचालनको यथार्थ विवरण र प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका सार्वजनिक स्रोतको प्राप्ति, परिचालन, कार्यक्रमहरुको कार्यान्वयन अवस्था र अन्य आवश्यक विवरणको आधारमा मूल्याङ्कन गर्नुपर्नेमा गरेको देखिएन । बजेट तथा कार्यक्रमको मूल्याङ्कन गरी विवरण सार्वजनिक गर्नुपर्दछ ।

३. **सँगठन तथा व्यवस्थापन** - प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरका कार्य सम्पादनमा प्रभावकारिता ल्याउन र प्रदेशका सबै जिल्लामा रहने सरकारी निकायको सँगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा सो कार्य गरेको छैन । सबै जिल्लामा प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई प्रभावकारी बनाई समन्वयात्मक रुपले कार्य सम्पादन गर्न सँगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४. **खरिदको प्याकेज** - सार्वजनिक खरिद ऐन, २०६३ अनुसार कार्यालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाई एकमुष्ट रुपमा खरिद कार्य गर्नुपर्नेमा कार्यक्रमगत छुट्टाछुट्टै रुपमा ६ पटक सेन्ट्रीपोष्ट, आवास लगायतका मर्मत कार्यमा रु.३८ लाख ८३ हजार, ६ मोटर साइकल खरिदमा रु.१४ लाख ११ हजार र फर्निचर तथा उपकरण खरिदमा रु.४५ लाख ३७ हजारसमेत रु.९८ लाख ३१ हजारको सोझै खरिद गरेको नियमसम्मत देखिएन । खरिद कार्य कानुनसम्मत बनाउनुपर्दछ ।

५. **प्रदेश समन्वय परिषद** - स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकारक्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिष्द रहने र परिषदको बैठक बर्षको कम्तिमा एक पटक वस्ने ब्यवस्था रहेको छ । हेटौडामा २०७६।२।२९ र ३० मा सम्पन्न परिषदको बैठकमा प्रदेश र स्थानीय तह बीचको नीतिगत सामन्ज्जस्यता, योजना व्यवस्थापन, साझा अधिकार जस्ता मूलभूत विषयमा नीतिगत रुपमा समन्वय गर्ने निर्णय गरेको भएतापनि समन्वय हुन नसकेको, राजनैतिक, वित्तीय र प्रशासनिक अन्तरसम्बन्धका सम्बन्धमा निर्णय नभएको स्थिति छ । प्राकृतिक श्रोत र साधनको उपयोग एवं बाँडफाँड तथा सो को स्रोत संकलनमा प्रभावकारिता नआएको जस्ता व्यहोरा स्थानीय तहहरुमा देखिएका छन । परिषदको बैठकमा समस्या पहिचान गर्ने, सोको अभिलेख अद्यावधिक गर्ने र भएका निर्णय कार्यान्ययनका गर्ने गराउने ब्यवस्था हुनु पर्दछ ।

- **बेरुजू स्थिति** - मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजू देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची-१० र ११** मा रहेको छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन, नियन्त्रणको साथै प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारिता र गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्य सम्बन्धी नीति, मापदण्ड बनाई लागू गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका १४ निकायको विनियोजन रु.६ अर्ब ३२ करोड १५ लाख ६० हजार, राजस्व रु.८ अर्ब ७५ करोड ६७ लाख ५० हजार र धरौटी रु.२३ लाख २५ हजार समेत रु.१५ अर्ब ८ करोड ६ लाख ३५ हजार र सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कार्य जिम्मेवारी -** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ मा मन्त्रालयले प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषयमा कार्यान्वयन र नियमन गर्ने उल्लेख भएकोमा यी कार्य गर्न बाँकी रहेका छन । कार्यान्वयन तालिका तयार गरी कार्य जिम्मेवारीलाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **स्रोतको यथार्थता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा प्रदेशबाट सञ्चालित योजनाको लक्ष्य नीति र नीति आयोगको मार्ग दर्शनलाई ध्यानमा राखी प्रदेश सरकारले गर्नुपर्ने काम र हासिल गर्नुपर्ने लक्ष्य एवम् आर्थिक स्रोत समेतलाई मध्यनजर राखी बजेट बनाउनु पर्ने व्यवस्था छ । आर्थिक मामिला मन्त्रीले प्रदेश सभामा पेश गरेको बजेटमा राजस्वबाट रु.१८ अर्व ३३ करोड ३ लाख र संघीय सरकारको अनुदान रु.१७ अर्व २८ करोड ५३ लाख समेत रु.३५ अर्व ६१ करोड ५६ लाख अनुमान गरी बजेट पेश गरेको देखिन्छ । प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको सञ्चित कोषको हिसाबमा राजस्व रु.१७ अर्व ८९ करोड ५८ लाख, संघीय सरकारको अनुदान रु.१५ अर्व १२ करोड ६६ लाख र गतवर्षको मौज्दात रु.७५ करोड ११ लाख समेत रु.३३ अर्व ७७ करोड ३५ लाख कुल आम्दानी भएको देखियो । सो मध्ये रु.२३ अर्व ५९ करोड ७ लाख खर्च भई रु.१० अर्व १८ करोड २८ लाख बचत रहेको छ । यथार्थतामा आधारित रहने गरी लक्ष्यमुखी र कार्यान्वयनमुखी बजेट बनाउनु पर्दछ ।

३. **राजस्व** - प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्रभित्र रहेको घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरन्जन कर तथा अन्य गैर करहरु अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने व्यवस्था छ । सो अनुरुप प्रदेश सरकारलाई यो बर्ष सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशनबाट प्रदेशलाई रु.७ अर्व ८४ करोड ३६ लाख ७९ हजार प्राप्त भएको छ । संघीय सरकारले सङ्कलन गर्ने अधिकार क्षेत्रमा रहेको मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकमको १५ प्रतिशतले हुने रु.८ अर्व ९९ करोड ६६ लाख २७ हजार अनुमान गरेकोमा रु.७ अर्ब ३७ करोड ७८ लाख ५९ हजार प्राप्त भएको छ । प्राकृतिक स्रोतको रोयल्टी बापत २५ प्रतिशतको रकम आषाढ मसान्तसम्म प्राप्त भएको छैन । प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार रु.१७ अर्व ८९ करोड ५७ लाख ८६ हजार मात्र राजस्व असुली भएको देखिन्छ । यो हिसाबले ९७ प्रतिशत राजस्व असुली भएको देखिएपनि प्रक्षेपित शीर्षकमा रु.१३ अर्व ५३ करोड ४ लाख ६८ हजार मात्र राजस्व असुली भएको छ । तसर्थ सम्भाव्य सबै राजस्व शीर्षकको असुलीको अनुमान गरी सोही अनुसार राजस्व सङ्कलनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

४. **स्थानीय तहमा हस्तान्तरण -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार ११९ स्थानीय तहलाई सशर्तमा रु.३ अर्ब ७१ करोड ४२ लाख ४५ हजार, समानीकरणमा रु.१ अर्ब, समपूरकमा रु.८७ करोड ५९ लाख २१ हजार र बिशेषमा रु.६५ करोड समेत रु.६ अर्ब २४ करोड १ लाख ६६ हजार अनुदान उपलब्ध गराएको छ। सोध्ये सशर्त तर्फ रु.२ अर्ब ६४ करोड ५४ लाख ६८ हजार र बिशेषतर्फ रु.२८ करोड ३० लाख १३ हजार समेत रु.३ अर्ब ९६ करोड ७८ लाख १९ हजार अर्थात ६३.५८ प्रतिशत खर्च भएकोछ । खर्च नभई बाँकी रहेको सशर्तर्फ रु.१ अर्ब ३२ करोड २३ लाख ५१ हजार र विशेषतर्फ रु.३६ करोड ६९ लाख ८७ हजार समेत रु.१ अर्ब ६८ करोड ९३ लाख ३८ हजार फिर्ता लिनुपर्नेमा रु.८२ करोड ५४ लाख ७१ हजार मात्र फिर्ता प्राप्त गरेको छ। बाँकी रु.८४ करोड ४१ लाख ६४ हजार फिर्ता लिनुपर्दछ। यो बर्ष प्रदेश बिभाज्यकोषबाट सवारी साधनकर रु.२ अर्ब ६० करोड १५ लाख स्थानीय तहहरुलाई हस्तान्तरण गरेपनि स्थानीय तहको बिभाज्यकोषबाट प्राप्त आयको लेखांकन गरेको नदेखिदा सबै हिसाव तयार गरी आय लेखांकन गर्नुपर्दछ ।

५. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छ :

५.१. यो बर्ष बजेटमा रु.३५ अर्व ६१ करोड ५६ लाख खर्च हुने अनुमान गरेकोमा रु.२३ अर्व ५९ करोड ६ लाख ६१ हजार खर्च भएको विवरण पेश भएपनि सशर्त अनुदान फिर्ता रु.२ अर्व ९४ करोड १२ लाख ५३ हजार घटाउदा रु.२० अर्व ६४ करोड ९४ लाख ८ हजार (५७.९७ प्रतिशत) खर्च भएकोछ । जिल्लागत विश्लेषण गर्दा सबैभन्दा बढी मकवानपुरमा ५१.८८ र सबैभन्दा कम रसुवामा ०.८२ प्रतिशत खर्च भएको छ । गत बर्ष रु.७५ करोड १० लाख ७४ हजार बजेट बचत रहेकोमा यो बर्ष रु.१० अर्व १८ करोड २७ लाख ९४ हजार बचत रहन गएको देखिन्छ । प्रस्ताव गरे अनुसारका कार्यक्रम कार्यान्वयन गर्न नसकेको कारण बजेटको उल्लेखनीय हिस्सा परिचालन हुन सकेको छैन ।

५.२. आर्थिक वर्ष २०७५।७६ को आय व्यय अनुमान (बजेट बक्तव्य) मा उल्लेख भएबमोजिम प्रदेश लोकसेवा आयोगको गठन सम्बन्धी कार्य, प्रदेश गौरवका आयोजनाको छनौट, प्रदेशस्तरको सूचना एकीकृत गर्ने कार्य, प्रादेशिक दुग्ध विकास बोर्ड गठन, मन्त्रालयगत प्रोफाइल र प्रोजेक्ट बैंक तयारी, प्रदेशस्तरीय विपद् व्यवस्थापन कोष, युवा वैज्ञानिक कोष र प्रदेश बाल उद्धार कोषको स्थापना सम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयन हुन नसकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

५.३. प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७५।७६ को बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन ।

५.४. बजेट तथा कार्यक्रम तर्जुमा ढाँचाको निर्माण गर्दा प्रस्तावित बजेटको पुष्ट्याइँका लागि आवश्यक विवरण समेत खुल्नेगरी तयार गर्नुपर्नेमा तयार नहुँदा विनियोजन दक्षता कमजोर देखिएको छ । बजेट तर्जुमा गर्दा दीगो विकास लक्ष्यसँग समन्वयसमेत गर्नुपर्दछ ।

६. **आयोजना स्वीकृति** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ८ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको बिचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्दछ । जिल्लास्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयको नीतिभित्र रही सम्बन्धित मन्त्रालयका सचिवले र प्रदेशस्तरीय आयोजना प्रदेश योजना आयोग वा मन्त्रालयले स्वीकृत गर्नुपर्नेछ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा मन्त्रालयले उपरोक्त अनुसारको प्रकृया पूरा नगरी कार्यक्रम तथा वजेट स्वीकृत गरेकोले कानुनी प्रक्रिया पूरा गरेर आयोजना स्वीकृत तथा संचालन गर्नुपर्दछ ।

७. **वैदेशिक सहायता** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार संघिय सरकारबाट वैदेशिक सहायता प्राप्त गरी प्रदेशलाई उपलब्ध गराएको सोधभर्ना हुने ऋणबाट रु ३ अर्ब ६५ करोड २४ लाख र सोघभर्ना हुने अनुदानबाट रु ७३ करोड ७८ लाख स्रोतगत विवरण बेगर अनुदान उपलब्ध भएकोमा प्रदेशले यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै अभिलेख नराखेकोले खर्च भएको रकम दातागत अभिलेखमा नजनिने र सो को सोधभर्ना समेत हुने अवस्था छैन । प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्ति र अभिलेखको कुनैपनि कार्य नगरेको कारण बजेट सम्बन्धी स्रोतगत विवरण नदेखिनाले सबै आय र व्ययमा नेपाल सरकारको स्रोत कायम भएको अवस्था छ । प्रदेशले अन्तरिक ऋण उठाउने विषय समेत बजेटमा समावेश नभएको स्थिति देखिएको छ ।

८. **बर्षान्तमा रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २४ र २५ मा मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम, खर्च गर्ने अख्तियारी सम्बन्धित मन्त्रालयले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र पठाउनु पर्ने र नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट अनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई लागत नबढ्ने गरी संशोधन गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले २०७६ बैशाखदेखि आषाढ मसान्तसम्ममा

अख्तियारी, कार्यक्रम संशोधन तथा रकमान्तर र थप मार्फत पूँजीगत बजेट ५२ पटक संशोधन गरी रु.२ अर्व ३३ करोड २८ लाख १९ हजार (कुल पूँजीगत खर्च रु.९ अर्ब ५५ करोड ३७ लाख १२ हजारको २४.४२ प्रतिशत) अख्तियारी दिएको छ । सोमध्ये आषाढ १५ पश्चात् मात्र रु.३७ करोड ३८ लाख ६२ हजार (कुल पूँजीगत खर्च रु.९ अर्ब ५५ करोड ३७ लाख १२ हजारको ३.९२ प्रतिशत) रहेको छ । कार्यक्रमको उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजनालाई अनुकूल बनाउन नसक्नुले कार्यक्रम संशोधन गर्नुपर्ने अवस्था सृजना भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा पूँजीगत बजेटमा रकमान्तर गरी खर्च गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनामा प्रर्याप्त निरीक्षण तथा अनुगमन हुन नसक्ने र गुणस्तर तथा दीगोपनामा समेत असर पर्ने भएकोले समयमा नै स्रोत व्यवस्थापन गरी कार्य गर्नुपर्नुपर्दछ ।

९. **कानुन प्रतिकूल निर्णय** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा रु.१ करोडसम्मको सार्वजनिक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराँउदा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम र गर्नुपर्ने काम एवं निर्माण पश्चात मर्मत सम्भारको सुनिश्चितता समेत बिचार गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्य गर्दा प्रस्ताव माग गरी वा उपभोक्ताबाट प्राप्त प्रस्तावमध्ये बढी प्रतिफल दिने प्रकृतिका संरचना निर्माणका लागि छनौटको आधारमा सार्वजनिक निर्माणको कार्य अगाडि बढाउनुपर्नेमा २०७५।७।१३ को मन्त्रीस्तरीय निर्णयानुसार प्रदेशबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत सशर्त अनुदानका रुपमा पठाइएका कार्यक्रममा स्थानीय स्तरको लागत वा जनसहभागिता नचाहिने निर्णय गरी मातहतका निकाय र स्थानीय तहहरु समेतलाई परिपत्र गरेको पाइयो । जनसहभागिता वा लागत सहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा लागत सहभागिता र अपनत्व नहुने, आयोजना खर्च सार्वजनिक नहुने, मर्मत सम्भारको लागि आवश्यक स्रोत नभएकोले निर्माण भएका कार्यहरुको मर्मत सम्भार र टिकाउपनाकोसमेत सुनिश्चितता भएको छैन । विद्यमान कानुनी व्यवस्था प्रतिकूल हुनेगरी मन्त्रीस्तरीय निर्णय गरेर परिपत्र गर्दा निर्माण कार्यको लागतमा व्ययभार बढ्न गएको देखियो ।

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ मा सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले दिएको आदेशअनुसार भएको कारोवारका सम्बन्धमा सम्बन्धितले नै जिम्मेवारी बहन गर्नुपर्ने व्यवस्थालाई मध्यनजर गरी यस्तो निणर्य गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

१०. **खरिदको प्याकेज** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ । ऐन अन्तर्गत नियमावलीको नियम ८ मा बार्षिक खरिद योजना स्वीकृत गराई खरिद गर्नुपर्ने उल्लेख रहेका छन् । मन्त्रालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाई एकमुष्ट रुपमा खरिद कार्य गर्नुपर्नेमा छुट्टाछुट्टै रुपमा ६ मर्मत कार्यको रु.२१ लाख ३३ हजार, ६ मोटर साइकलको रु.१५ लाख ४ हजार र फर्निचर तथा उपकरण रु.३३ लाख ९० हजार समेत रु.७० लाख २७ हजारको सोझै खरिद गरेको नियम सम्मत देखिएन । खरिद कार्य कानुनसम्मत् हुनुपर्दछ ।

११. **परामर्श सेवा** - मन्त्रालयले आयोजना बैंक निर्माण र अनुगमन सफ्टवेयर खरिदमा रु.४ लाख ७५ हजार र परियोजना बैंक पहिचान तथा सञ्चालन गर्नका लागि एक आयोजना विज्ञ नियुक्त गरी रु.२ लाख २२ हजार पारिश्रमिक समेत रु.६ लाख ९६ हजार खर्च गरेको छ । उक्त सफ्टवेयर सञ्चालनमा आएको छैन । त्यस्तै आ.ब.२०७६।७७ को बजेट भाषण प्रत्यक्ष प्रसारण गरेबापत हेटौडाको एक मिडीया प्रा.लि.लाई रु.३० हजार र काठमाडौको एक मिडिया प्रा.लि.लाई रु.१ लाखसमेत रु.१ लाख ३० हजार भुक्तानी दिएको छ । राष्ट्रिय महत्वका सूचनाहरु सङ्कलन गरी सम्प्रेषण गर्नु सञ्चार जगतको नियमित दायित्व भित्रनै पर्ने हुँदा प्रत्यक्ष प्रशारण खर्च भुक्तानी दिन मिल्ने देखिँदैन । यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ ।

१२. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ अनुसार प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिंचाइ, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकार अन्तर्गत रुपान्तरण तथा गाभिएको अवस्थामा साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सम्पत्तिको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुल उपर गर्ने कार्य भएको छैन । प्रदेश कार्यालयको सम्पत्ति तथा बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१३. **लेखाङ्कन तथा प्रतिवेदन** - कारोवारको लेखा र प्रतिवेदनको ढाँचा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा २०७६।२।१९ र नेपाल सार्वजनिक वित्तीय क्षेत्र प्रतिवेदन लेखामान, नेप्सासको ढाँचा २०७५ मार्गमा नै स्वीकृत भइ सकेकोछ । प्रदेश मंत्रालय तथा केन्द्रीय निकायहरुले स्वीकृत भए वमोजिमको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । तोकिएको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गरिनुपर्दछ ।

१४. **प्रतिवेदन प्रणाली -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३२ मा स्थानीय तहले आफूले गरेको आय व्ययको चौमासिक विवरण त्यस्तो अवधी समाप्त भएको १५ दिन भित्र प्रदेशमा पेश गर्नुपर्ने र प्रदेशले स्थानीय तहबाट समेत प्राप्त गरी आफ्नो आय व्ययको विवरण चौमासिक अवधी समाप्त भएको ३० दिन भित्र नेपाल सरकार अर्थ मंत्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेशले यस्तो विवरण स्थानीय तहबाट संकलन गरेको र अर्थ मंत्रालयमा पठाएको देखिएन जसबाट क्षेत्रगत रुपमा सरकारका तीनबटै तहले गरेको खर्च एकिन हुन सकेन । क्षेत्रगत रुपमा सरकारका तीनबटै निकायले गरेको आय र खर्चको एकीकृत अभिलेख तयार गरी प्रतिवेदन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

१५. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा व्यवस्थित गर्न लेखा समूहका पर्याप्त कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निष्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी देखिएन ।

१६. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश सरकार अन्तर्गतका कार्यालय तथा निकायको प्रत्येक चौमासिक हिसाबको आन्तरिक लेखापरीक्षण हुने व्यवस्था छ । आन्तरिक लेखापरीक्षणमा सम्बन्धित निकायको उद्देश्य, गणितीय शुद्धता र कानुनको परिपालना, परिचालित स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुको व्यवस्थापकीय अभ्यास र सञ्चालन संस्कृतिका सम्बन्धमा लेखाजोखा गरी सुझाव सहितको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ । चौमासिक अवधिमा लेखापरीक्षण नगरेको, कानुनको परिपालन, परिचालित स्रोतको नतिजामूलक उपयोग, नीतिगत एवं प्रक्रियागत पक्षहरुका सुझाव सहितको टिप्पणी नगरेको, आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन आश्विन मसान्तभित्र तयार गरी तालुक मन्त्रालयमा नपठाएको कारण आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिएन । कानुनी व्यवस्थाको कार्यान्वयन गरी आन्तरिक लेखापरीक्षण प्रभाकारीता बनाउनु पर्दछ ।

१७. **कार्य संचालन कोष** - गत बर्ष सम्म संघीय कार्यालयको रुपमा रही यो बर्ष प्रदेश मातहत समायोजन भइ कारोवार गरेका प्रदेश अन्तरगतका कार्यालयहरुको अन्य कारोवारको आय-व्यय देखिने हिसाव प्रदेश लेखा नियन्त्रकको कार्यालयबाट एकिकृत गर्नुपर्नेमा सो अनुसार गरेको छैन । यो बर्ष प्रदेश मातहत आएका १०१ कार्यालयहरुले कार्यसंचालन तर्फको गत बर्षको मौज्दात रु.२८ करोड ७५ लाख १९ हजारमा यो बर्ष प्राप्त रु.३१ करोड ८९ लाख २३ हजार समेत रु.६० करोड ६४ लाख ४२ हजारबाट खर्च भएको रु.५६ करोड ६१ लाख ९९ हजार घटाउदा बाकी रहेको रु.४ करोड २ लाख ४३ हजार एकीकृत हिसावमा समाबेश गर्नुपर्दछ ।

१८. **वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरादायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ । प्रदेश सञ्चित कोषको सञ्चालन र एकीकृत लेखा वित्तीय विवरण २०७६ कार्तिक मसान्तभित्र महालेखा नियन्त्रक तथा महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्नेमा सो अवधि भित्र पेश हुन सकेन । तोकिएको समयमा वित्तीय विवरण पेश गर्नुपर्दछ ।

१९. **प्रदेश संचितकोष** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम प्रदेश सरकारले २०७५।७६ मा प्राप्त गरेको आय, अनुदान तथा सहायता र प्रदेश सरकार सञ्चालनको क्रममा भएका व्ययहरु समेत समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

(रु. हजारमा)

| **(क) प्राप्ती** | **रकम** |
|---|---|
| १.गत वर्षको जिम्मेवारी | ७५१०७४ |
| २.राजस्व तथा अनुदान | |
| २.१. कर राजस्व | १२५०४७५३ |
| २.२. अन्य राजस्व | ५३७९९२६ |
| २.३. गत वर्षको नगद मौज्दात तथा बेरुजू | ११११०६ |
| २.४.समानीकरण अनुदान | ५९६९७०० |
| २.५. समपुरक अनुदान | ६००००० |
| २.६. सशर्त अनुदान | ८५५६८९५ |
| २.७. विशेष अनुदान | ० |
| ३. वित्तीय व्यवस्था | |
| ३.१. सोधभर्ना हुने गरी भएको खर्च | ० |
| ३.२. ऋण लगानी फिर्ता | ० |
| ३.३. शेयर विक्री | ० |
| ३.४.बैदेशिक ऋण प्राप्ती | ० |
| ४.अनुदान मध्ये खर्च नभई फिर्ता गर्नुपर्ने रकम | -२९४१२५३ |
| ५.चालु आर्थिक वर्षको संचितकोषको खुद मौज्दात | ० |
| ६.आर्थिक वर्षको अन्यको खुद मौज्दात | -१०१८२७९४ |
| ७.बैंकबाट भुक्तानी नभएको खर्च समायोजन | ३२९५ |
| **जम्मा प्राप्ती** | **२०६५२७०२** |
| **(ख) भुक्तानी** | |
| १.चालु वर्षको भुक्तानी | |
| १.१.संचित कोष माथी व्यभार हुने रकममा खर्च | ० |
| १.२.विनियोजन ऐन द्धारा भएको खर्च (चालु) | ११०९८३३४ |
| १.३.विनियोजन ऐन द्धारा भएको खर्च (पूँजिगत) | ९५५४३६८ |
| २. वित्तिय व्यवस्था भुक्तानी | |
| २.१.आन्तरिक ऋणको सावा भुक्तानी | ० |
| २.२.बाह्य ऋणको साँवा भुक्तानी | ० |
| २.३. ऋण लगानी तथा शेयर लगानी | ० |
| **जम्मा भुक्तानी** | **२०६५२७०२** |

प्रदेश सञ्चित कोषको आय-व्ययबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१९.१. प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको हिसाबमा राजस्व सूचना प्रणालीमा प्रबिष्ट नभएको रु.१ अर्ब ७ करोड १४ लाख ४ हजार सञ्चित कोषको आय-व्ययमा समाबेश गरेतापनि असुलीको यर्थाथता यकीन गरेको छैन् ।

१९.२. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ बमोजिम नगदमा आधारित लेखा प्रणालीको आधारमा संचित कोषको हिसाब तयार गरेको र संचित कोषमा सम्पत्ति र दायित्वको अवस्था चित्रण गरेको छैन् ।

१९.३. प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार स्थानीय तहलाई प्रदान गरेको सबै अनुदानलाई प्रदेशले खर्च देखाएको छ । प्रदेश सरकारले ११९ स्थानीय तहलाई सशर्त रु.३ अर्ब ७१ करोड ४२ लाख ४५ हजार, समानीकरण रु.१ अर्ब, समपूरक रु.८७ करोड ५९ लाख २१ हजार र बिशेष रु.६५ करोडसमेत रु.६ अर्ब २४ करोड १ लाख ६६ हजार अनुदान उपलब्ध गराएको छ । सोमध्ये रु.३ अर्ब ९६ करोड ७८ लाख १९ हजार मात्र खर्च भइ रु.२ अर्ब २७ करोड २३ लाख ४७ हजार बाँकी रहेता पनि प्रदेश संचितकोषमा यी रकमहरु खर्च देखाईएको छ । रीतपूर्वक लेखा राख्नु पर्दछ ।

१९.४. प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्र भित्रका स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकमको अद्यावधिक अभिलेख राखी संचित कोषमा आम्दानी बाँधेको देखिएन ।

१९.५. राजस्व व्यवस्थापन सूचना प्रणालीबाट संघीय विभाज्य कोषमा आम्दानी बाँधेकोमध्ये प्रदेश तथा स्थानीय सञ्चित कोषमा ट्रान्सफर हुन बाँकी रहेको रकम एकीन गरी आम्दानी बाधेको छैन ।

१९.६. धरौटीबाट काट्नु पर्ने चेक विनियोजनबाट काटी साटिएकोले उक्त चेकको रकम प्रदेश लेखा इकाई कार्यालय सिन्धुपाल्चोकको बेरुजू खातामा जम्मा गरिएको हुँदा चालु वर्षको राजस्वमा बेरुजूको रुपमा दाखिला भएको देखिई गत आ.व.को मौज्दातमा रु.३३ हजार फरक परेको छ ।

२०. **लेखा नीति र टिप्पणी -** प्रदेश सरकारको आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश सरकारले स्वीकृत गरेको मापदण्डबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टीगत स्थिति दर्शाउने उद्देश्यले शीर्षकसमेत खुल्नेगरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने उल्लेख छ । उक्त प्रावधान अनुसार बजेट अनुमान, प्राप्ति र भुक्तानी विवरण तथा सोसँग सम्बन्धित चार्ट अफ एकाउन्स सहितको लेखा टिप्पणीसमेतको विवरण बनाई लेखापरीक्षणमा पेश गर्नुपर्ने व्यवस्था भए तापनि प्राप्त केन्द्रीय आर्थिक विवरणमा लेखा नीति एवं टिप्पणी पूर्ण रुपले उल्लेख गरेको देखिएन ।

२१. **वित्तीय सुशासन -** प्रभावकारी वित्तीय व्यवस्थापन मार्फत सार्वजनिक आय तथा व्ययको सर्वोत्तम परिचालन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्नु प्रदेश सरकारको दायित्व हो । सार्वजनिक वित्तीय व्यवस्थापन प्रभावकारी बनाउन सार्वजनिक आय र व्ययको अद्यावधिक स्थितिको लेखाङ्कन गर्दा प्रतिवेदन प्रणाली व्यवस्थित बनाउनु आवश्यक छ । समयमै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना बनाउने, ठेक्का बन्दोवस्त, चालु खर्चको सीमा निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण गर्ने जस्ता क्षेत्रमा चुनौति रहेका छन् । चुनौति सम्बोधन गर्न बजेट सूचना व्यवस्थापन प्रणाली, लागत लाभ विश्लेषण सहितको योजना तथा कार्यक्रम, सार्वजनिक क्षेत्र लेखामान, कम्प्यूटरमा आधारित लेखा प्रणालीको प्रयोग जस्ता क्षेत्रमा सुधार गरी वित्तीय व्यवस्थापनमा जवाफदेहिता अभिवृद्धि गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट यो वर्ष रु. ७ लाख ८६ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फछ्र्यौट हुन नसकेकोले सोही बेरुजू बाँकी रहेको छ । यस सम्बन्धि विवरण **अनुसूची १०** मा समावेश छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशको शान्ति, सुव्यवस्था र सुरक्षा कायम गर्ने नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन मार्फत जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै यस प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, नेपालको संविधानद्वारा प्रत्याभूत जनताको अभिव्यक्ति स्वतन्त्रता र सुसूचित हुन पाउने मौलिक हकको संरक्षण र सम्बर्धन गर्ने, पारदर्शिता तथा सुशासनको लागि सूचना प्रविधिमैत्री शासन व्यवस्था सञ्चालन गर्ने, संघसँगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने तथा प्रदेशको लागि आवश्यक पर्ने कानुनहरुको तर्जुमा, समसामयिक संशोधन र फैसला कार्यान्वयन गराई वास्तविक न्याय प्रदान गरी कानुनी राज्यको स्थापना गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले २०७४ मा यस मन्त्रालयको स्थापना भएको हो ।

मन्त्रालयलाई प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र कानुन निर्माण र प्रदेश स्तरका प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने लगायतका ४२ कार्य जिम्मेवारी तोकेको छ ।

यो वर्ष विनियोजन रु.२८ करोड ३९ लाख ६५ हजार, राजस्व रु.४ लाख १५ हजार र धरौटी रु.१३ लाख १६ हजार, अन्य कारोवार रु.५ करोड ४ लाख ४७ हजार समेत रु.३३ करोड ६१ लाख ४३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कानुन निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार मन्त्रालयको ४२ कार्यक्षेत्र रहेको छ । प्रदेश सरकारले ९९ वटा कानुन तर्जुमा गर्नुपर्ने आवश्यकता पहिचान गरेकोमा हालसम्म ४५ वटा कानुन निर्माण र प्रमाणीकरण गरी राजपत्रमा प्रकाशित भएका छन् । ४ कानुन प्रदेश सभामा दर्ता भएका छन् । सैद्धान्तिक सहमति भएका ५ वटा विधेयक र ७ वटा अवधारणापत्र समेत १३ वटा कानुन प्रदेश मन्त्रिपरिषदको विधायन समितिमा रहेका छन् । पारित ऐन, नियमावली, गठन आदेश, बिचाराधीन विधेयक र सहमति प्रदान गरिएका विधेयक समेत ३७ नयाँ कानुन बनाउन बाँकी रहेको देखिन्छ । सेवा प्रवाह प्रभावकारी तुल्याउन आवश्यक कानुन निर्माण गर्नुपर्दछ ।

२. **संघीय र प्रदेश कानुन** - प्रदेश सरकारले संघीय कानुनसँग समाञ्जस्य हुने गरी कानुन निर्माण गर्नुपर्दछ । निर्माण भएका केही कानुन संघीय कानुनसँग मेल खाएका छैनन । उदाहरणको लागि बागमती प्रदेशले निर्माण गरेको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) मा महालेखापरीक्षकबाट औंल्याएको बेरुजू सम्बन्धित कार्यालयले फछ्र्यौट र सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ३८ मा लेखापरीक्षणबाट दर्शाइएका बेरुजू सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा सम्परीक्षण हुने र सो कार्यको अनुगमन महालेखापरीक्षकको कार्यालयले गर्ने व्यवस्था गरेको छ । उक्त व्यवस्था साबिकको आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र फछ्र्यौट भएको व्यहोरा दफा १९(१) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था र हालको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ भन्दा भिन्न रहेको छ । सम्परीक्षण लेखापरीक्षणकै अङ्ग भएकोले उक्त कार्य सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट हुने व्यवस्था उचित छैन । यस व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ ।

३. **सवारी साधन खरिद** - प्रदेश सरकारको सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार महाशाखा प्रमुख/कार्यालय प्रमुखलाई घ वर्गको बढीमा ३० लाख रुपैयाँसम्मको सवारी साधन उपलब्ध गराउने व्यवस्था छ । मन्त्रालयको स्वीकृत संरचना अनुसार मन्त्री, सचिव र ३ महाशाखा लागि ४ वटा सवारी साधन मन्त्रालयमा रहेका छन । मन्त्रालयले यो बर्ष रु.२ करोड २ लाख २१ हजारका थप ४ सवारी साधन खरिद गरेको छ । जसमध्ये महाशाखा प्रमुख/कार्यालय प्रमुखले प्रयोग गर्ने गरी रु.८६ लाख ७१ हजारका २ सवारी साधन खरिद गर्दा मापदण्डभन्दा रु.२६ लाख ७१ हजार बढी खर्च गरेको छ । सवारी साधन खरिदमा प्रदेश आफैले तयार गरेको मापदण्डको पालना गरेको छैन । अतः मापदण्डको पालना गर्नुपर्दछ ।

४. **कानुनी सहजकर्ता** - 'प्रदेश सरकारको पहिचान नागरिकलाई निःशुल्क कानुनी सहायता अभियान' अन्तर्गत ७४ कानुनी सहजकर्ताको लागि रु.१ करोड ९२ लाख ४० हजार खर्च गरेको छ । सो बजेटबाट प्रत्येक गाउँपालिकामा कानुनी सहजकर्ता नियुक्ति गरेको देखिन्छ । कानुनी सहजकर्ताहरुले सम्पादन गरेको कामको प्रतिवेदन प्रदेश सरकारलाई गरेको छैन । स्थानीय तहहरुले कानुनी परामर्शको लागि छुटै सल्लाहकार नियुक्ती गरी कार्य गर्ने गरेको अवस्थामा प्रदेश सरकार सहजकर्ता मार्फत सम्पादन भएको कामको प्रभावकारीता समेत मूल्यांकन भएको देखिदैन् । यस्तो खर्चमा मितव्यीता ल्याउन सम्बन्धित स्थानीय तहरुसँग समन्वय गरेर मात्र सहजकर्ताको व्यवस्था गर्नुपर्दछ ।

५. **सहायता** - मन्त्रालयले प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय अनुसार २०७५।८।२८ मा नुवाकोट घ्याङ डाँडामा मिनिट्रक दुघर्टनामा मृत्यु हुनेहरुको हकदारलाई रु.१ लाखको दरले रु.२२ लाख, बारा र पर्सा जिल्लामा २०७५।१०।१७ मा भएको भिषण हावाहुण्डरी प्रभावितको लागि २ नं. प्रदेश सरकारलाई रु.१ करोड सहयोग गरेको देखिन्छ । गत वर्ष कार्यविधि वेगर आर्थिक सहायता वितरण गरेको व्यहोरा औल्याईएकोमा सो बेगर मन्त्रालयले यो वर्ष आफ्नो कार्य क्षेत्र बाहिर समेत आर्थिक सहायता दिएको छ । कार्यविधि तर्जुमा गरी आर्थिक सहायतालाई व्यवस्थित गर्नुपर्दछ ।

६. **विपद् व्याबस्थापन कोष** - प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ को दफा १० ले प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना गर्ने व्यवस्था गरेको छ । प्राकृतिक विपद्को संभावित असर न्यूनीकरण, उद्धार तथा राहत एवम् आपतकालीन योजना तर्जुमा लगायतको कार्यमा आन्तरिक मामिला तथा कानुन मन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको व्यवस्था छ । मन्त्रालयले सम्पादन गर्नुपर्ने गरी तोकिएको जिम्मेवारी विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण सम्बन्धी नीति तर्जुमा गर्न बाँकी रहेको अवस्थामा यो बर्ष मन्त्रालयलाई विनियोजन भएको बजेटबाट रु.५ करोड विपद् व्यवस्थापन कोषमा हस्तान्तरण गरेको देखियो । विपद व्यवस्थापन नीतिको तर्जुमा गरी कोषको परिचालन गर्नुपर्दछ ।

७. **दरबन्दी र पदपूर्ति** - तोकेको जिम्मेवारी पूरा गर्न दरबन्दी अनुसार पदपूर्ति हुनुपर्नेमा स्वीकृत दरबन्दी ४३ मध्ये २४ स्थायी र ६ करारमा समेत ३० पदपूर्ति भएको छ । दरबन्दी अनुसारको पदपूर्तिको व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

- **बेरुजू स्थिति** - मन्त्रालयको लेखापरीक्षणबाट यो वर्ष रु. १ लाख ५९ हजार बेरुजु देखिएकोमा प्रतिकृयाबाट फछ्र्यौट हुन नसकेकोले सोही बेरुजू बाँकी रहेको छ । सोमध्ये रु. १ लाख ५५ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची १०** मा समावेश छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको वैज्ञानिक वन व्यवस्थापनका लागि कार्यक्रम तर्जुमा र कार्यान्वयन गरी वातावरण व्यवस्थापन, उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन, प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका ३५ निकायको विनियोजन रु.२ अर्ब ३८ करोड ९३ लाख ६६ हजार, राजस्व रु.२३ करोड ७१ लाख ७० हजार र धरौटी रु.१० करोड २८ लाख ४६ हजार, अन्य कारोवार रु. २३ करोड ६५ लाख ३ हजार समेत रु.२ अर्ब ९६ करोड ५८ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

१. **कार्यसम्पादन स्थिति** - मन्त्रालयले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश गौरवका आयोजनाको सम्भाव्यता अध्ययन, परियोजना बैंक निर्माण, पर्यटन सर्किट लगायतको पर्यटकीय सम्भावनाको खोज, प्याराग्लाईडिङ्ग, र्‍याफ्टिङ्ग, बञ्जी जम्पिङ्ग, हट एयर बेलुनिङ्ग जस्ता साहसिक पर्यटन प्रवर्द्धन गरी आयआर्जन र राजस्व वृद्धिको माध्यमको रुपमा विकास गर्न आवश्यक कार्य गरेको देखिएन । प्रदेश वन, औद्योगिक, व्यापार व्यवसाय, पर्यटन, वातावरण र विज्ञान प्रविधि सम्बन्धी नीति निर्माण, सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण, कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण, हानिकारक पदार्थको प्रयोगमा नियमन तथा व्यवस्थापन लगायतका कार्य गर्न बाँकी रहेको देखिन्छ ।

१.१. प्रदेश सरकारको कार्य विभाजन सम्बन्धी नियमावली, २०७४ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एव. नियमन र जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश वांडफांडको नीति तर्जुमा गरी कार्यान्वयन, संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारणको लागि प्रदेश स्तरमा थप संरक्षण क्षेत्रको पहिचान, श्रममूलक, निर्यातजन्य र आयात प्रतिस्थापनको लागि उद्योग क्षेत्रको भूमिकामा वृद्धि गर्नु र उद्योगको लागि आवश्यक पर्ने कच्चापदार्थको व्यवस्थापन गरी औद्योगिक वातावरण सिर्जना लगायत प्रदेश सरकारको अधिकार तथा दायित्व रहेको छ । प्रदेशभित्र खानीजन्य वस्तुहरुको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रमहरुलाई अगाडि बढाई औद्योगिक क्षेत्र र सीपमूलक रोजगारी अगाडि बढाउने जिम्मेवारी समेत प्रदेश सरकारको रहेको छ । प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य प्रारम्भ भएको छैन ।

१.२. प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता (काठ, दाउरा, घाँसपात, गैर काष्ठ, वन पैदावार) को आपूर्ति, कृषि, पशुपालन, पर्यटन र सिंचाई सहित प्रदेशको दीगो विकासमा वन क्षेत्रको भूमिका उल्लेखनीय छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडानी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दीगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्ने प्रदेश सरकारका चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी दीगो तथा वातावरण अनुकूलन कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ ।

२. **कार्यक्रम सञ्चालन** - प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ अनुसार मन्त्रालयको कार्य बर्गीकरणमा मूलतः ऐन, नियम, नीति, मापदण्ड, कार्यविधि, निर्देशिका, निर्णय, परिपत्र र अन्तर्गत निकायमा परेको समस्याको सहजीकरण, वैकल्पिक मार्ग पहिचान, प्रक्रियागत सरलीकरण, जनशक्ति व्यवस्थापन लगायतका कार्यमा केन्द्रित हुने व्यवस्था छ । यस बर्ष भू तथा जलाधार संरक्षण उपभोक्ता समितिसँग खहरे नियन्त्रण ११, खहरे गल्छी पहिरो ११, सिचाई कूलो मर्मत १० लगायतका ३४ कार्यक्रममा रु.६६ लाख ११ हजार बजेट विनियोजन गरी मन्त्रालयबाट रु.५० लाख १७ हजार भुक्तानी भएको देखियो । मातहतका कार्यालयबाट सम्पादन हुने ती कार्यक्रम मन्त्रालय स्वयमले संचालन गर्नु उपयुक्त देखिएन ।

३. **प्लाष्टिकमुक्त प्रदेश** - वातावरण संरक्षण आयोजना अन्तर्गत प्लाष्टिकमुक्त प्रदेश अभियानको लागि रु.१ करोड विनियोजन भएकोमा २०७५।१२।२५ को मन्त्रिस्तरीय निर्णयबाट १८ कार्यक्रम निर्धारण गरी पूरै रकम खर्च गरेको छ । कार्यक्रममा प्लाष्टिक मुक्त अभियानको कार्ययोजना निर्माण र प्लाष्टिकबाट डिजल निकाल्ने प्लान्ट स्थापना गर्ने विषयको अध्ययन गर्ने लक्ष्य रहेको थियो । प्लाष्टिक प्रशोधन उद्योगहरु

पूर्णरूपमा सञ्चालनमा आउन नसकेको सरोकारबालाहरुको भनाई रहेको छ । बागमती प्रदेशका स्थानीय तहहरुलाई प्लाष्टिक व्यवस्थापनको नमूनाको रुपमा विकास गर्ने, प्लाष्टिक व्यवस्थापन सम्बन्धी प्रचार प्रसार सामग्री उत्पादन प्रशारण, फोहोरबाट प्लाष्टिकजन्य बस्तु र अन्य फोहोर छुट्याउने विधि सिकाउने जानकारीमूलक पुस्तिका पोष्टर, स्टीकर होर्डिङ्ग बोर्ड, तालिम लगायतमा उक्त रकम खर्च गरेको देखिन्छ । मन्त्रालयले सञ्चालित कार्यक्रमको प्रगति विवरण तयार गरेको छैन । उपलब्धि सहितको प्रगति विवरण तयार गरी मूल्याङ्कन गर्नुपर्दछ ।

४. **विज्ञान प्रयोगशाला प्रबर्द्धन** - नमूना विज्ञान प्रयोगशाला प्रबर्द्धन तथा स्थापना अनुदान सहयोग कार्यक्रम अन्तर्गत फर्निचर, मेशिनरी औजार शीर्षकमा सिन्धुली, नुवाकोट, चितवन, रसुवा र सिन्धुपाल्चोक जिल्लाका एक-एक विद्यालयलाई रु.२० लाखको दरले रु.१ करोड खर्च लेखेको छ । कार्यक्रमको २ टोलीबाट अनुगमन गरी प्रतिवेदन पेश गरेको उल्लेख गरे तापनि नमूना विज्ञान प्रयोगशालाका लागि आवश्यक सामग्री मापदण्ड निर्धारण नगरेको र दोहोरोपना नहुने गरी समन्वय भएको देखिएन । मन्त्रालयले प्रयोगशालाका लागि आवश्यक मापदण्ड निर्धारण गरी समन्वयात्मक रुपमा कार्यक्रम संचालन गर्नुपर्दछ ।

५. **सवारी साधन खरिद** - प्रदेश मन्त्रिपरिषद्बाट २०७४।१२।२९ मा स्वीकृत सवारी साधन खरिद सम्बन्धी मापदण्ड, २०७४ अनुसार महाशाखा प्रमुख र कार्यालय प्रमुखको लागि बढीमा ३० लाख रुपैयाँसम्मको सवारीसाधन उपलब्ध गराउने उल्लेख भएकोमा यो बर्ष मन्त्रालयले पिक अप प्रतिगोटा रु.३५ लाख ४५ हजारले ५ वटा खरिद गरी रु.१ करोड ७७ लाख २३ हजार खर्च लेखेको छ । खरिद भएका ५ थानमध्ये २ सवारी साधन निर्देशनालयलाई हस्तान्तरण गरेकोमा मापदण्डभन्दा रु.३० लाख ९० हजार बढी खर्च गरेको छ । त्यस्तै पर्यटन पूर्वाधार आयोजनाले रु.४४ लाख ९५ हजारको १ सवारी साधन खरिद गरेकोमा मापदण्डभन्दा रु.१४ लाख ९५ हजार बढी खर्च गरेको छ । सवारी साधन खरिदमा प्रदेश आफैले तयार गरेको मापदण्डको पालना गरेको छैन । मापदण्डको पालना गर्नुपर्दछ ।

६. **सफ्टवेयर खर्च** - लेखा व्यवस्था र प्रतिवेदन प्रणालीलाई व्यवस्थित बनाउन तोकिएको सफ्टवेयर प्रणाली जडान गरिनुपर्दछ । मन्त्रालयले कार्य सञ्चालन स्तर र केन्द्रीय स्तरको लेखा सफ्टवेयर डिजाइनिङ्ग र इन्स्टलेशनमा रु.४ लाख ५२ हजार खर्च लेखेको छ । महालेखा नियन्त्रक कार्यालयले विकास गरेको सफ्टवेयर जडान गरी सुरक्षा, एकरुपता, विश्वसनीयता कायम गर्नेतर्फ ध्यान नदिई मन्त्रालयले छुट्टै सफ्टवेयर निर्माण गरेकोमा उपयोगमा नल्याएकोले खर्चको प्रभावकारिता देखिएन ।

७. **परामर्श सेवा खर्च** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा ५ लाख रुपैयाँसम्मको दरभाउपत्रबाट सोझै र रु.२० लाखसम्मको परामर्श सेवा आर्थिक तथा प्राविधिक प्रस्ताव लिई खरिद गर्न सकिने व्यवस्था रहेको छ । मन्त्रालयले यो बर्ष कागज उद्योग स्थापना, जुस उद्योग, काष्ठहस्तकला उद्यम जस्ता विभिन्न क्षेत्रको अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरेको उल्लेख गरी २४ परामर्शदातालाई रु.२ करोड १ लाख २० हजार भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन :

७.१. मन्त्रालयले वार्षिक खरिद योजना तथा प्याकेज बनाई एकमुष्ठ रुपमा खरिद कार्यहरु गर्नुपर्नेमा पटक पटक खरिद गरेकोले खरिद कार्य व्यवस्थित, कानुनसम्मत्, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था देखिएन ।

७.२. सम्झौता अनुसार इन्सेप्सन, ड्राफ्ट र फाइनल रिर्पोट पेश गर्नुपर्नेमा अधिकांश फर्महरूले इन्सेप्सन र ड्राफ्ट रिर्पोट पेश गरेको देखिएन । एकै पटक अन्तिम प्रतिवेदन पेश गरी भुक्तानी माग गरेको छ । प्राप्त प्रतिवेदन अध्ययन गरी टर्म अफ रिफरेन्समा उल्लेख भएका विषय समाबेश गरी गुणस्तरयुक्त भएको एकीन गर्न प्रतिवेदन प्रस्तुतीकरण तथा छलफल गर्ने र त्रुटी सच्याउने कार्य गरेको प्रमाण पेश गरेको छैन ।

७.३. परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन ।

७.४. नीति, योजना, कार्यक्रम तर्जुमा, अनुगमन मूल्याङ्कन, कार्यक्रमहरुको समन्वय र पृष्ठपोषण कार्यमा संलग्न हुनुपर्ने मन्त्रालय परामर्श सेवा खरिद जस्ता कार्य सञ्चालनमा सहभागि हुनु उपयुक्त देखिएन ।

## पर्यटन विकास आयोजना

पर्यटन पूर्वाधार विकास, प्रबर्द्धन र पर्यटन क्षेत्रका कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले २०७५।६।२२ प्रदेश मन्त्रिपरिषद्को निर्णयले २०७५।७।१९ मा आयोजनाको स्थापना भएको हो । आयोजनाको कार्यक्षेत्र बागमती प्रदेशको १३ जिल्ला रहेको छ । यसवर्ष आयोजना अन्तरगत रु ९४ करोड ६६ लाख ८७ हजार बजेट विनियोजन भएकोमा रु ३६ करोड ५९ लाख ३३ हजार खर्च भएको छ ।

८. **कार्य जिम्मेवारी** - आयोजनाले सञ्चालन गर्नुपर्ने १९८ मध्ये पदमार्ग सञ्चालन, स्तरोन्नति तथा निर्माण, ऐतिहासिक तथा पुरातात्विक विकास कार्यक्रम, पर्यटन विकास लगायतका ६५ वटा कार्यक्रम कार्यान्वयन भएका छैनन् । सम्भाव्यता अध्ययन भएका १७, विभिन्न स्थानहरुमा पर्यटकीय पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको ४०, सम्भावित पर्यटकीय स्थलहरुको विकासको लागि ४ गुरुयोजना निर्माण गरेको भए तापनि कार्यान्वयनमा ल्याएको देखिएन् । स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

९. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र नियमावलीको नियम ८५ मा ५ लाख रुपैँयासम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था छ । पर्यटन विकास आयोजनाले यो वर्ष रु.२ करोड १५ लाख १४ हजारको लागत अनुमान तयार गरी विभिन्न ४८ फर्मबाट सोझै परामर्श सेवा खरिद गरी रु.२ करोड ११ लाख १६ हजार खर्च गरेको छ । यस सम्बन्धी व्यहोरा निम्न छन् :

९.१. आयोजनाले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज बनाइ एकमुष्ट रुपमा खरिद गर्नुपर्नेमा पटक पटक खरिद गरेको छ । खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी बनाउनु पर्दछ ।

९.२. सम्झौता अनुसार इन्सेप्सन, ड्राफ्ट र फाइनल रिर्पोट पेश गर्नुपर्नेमा अधिकांश फर्महरूले इन्सेप्सन र ड्राफ्ट रिर्पोट पेश नगरी अन्तिम प्रतिवेदन पेश गरेर भुक्तानी माग गरेको देखिन्छ । टर्म्स अफ रिफरेन्स अनुसार प्रतिवेदनको प्रस्तुतीकरण तथा छलफल गरी त्रुटी सच्याउने कार्य भएको देखिएन ।

९.३. परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन ।

९.४. आयोजना संचालन गरिने समय, बजेट, कार्यक्रम, कार्यनीति तयार नगरी कार्यान्वयनको सुनिश्चितता वेगर यो वर्ष पूँजीगत अनुसन्धानमा लेखेको खर्चको उपलब्धि अनिश्चित छ । श्रोतको सुनिश्चितता र विस्तृत परियोजना प्रतिवेदनमा भएको खर्चको आश्वस्तता र प्रतिवद्ध कार्यक्रमको रणनीति तयार गरी गरिएको खर्चलाई उपलब्धिमूलक वनाउन सोको मार्गचित्र प्रस्तुत गर्नुपर्दछ ।

१०. **हस्तान्तरित कार्यक्रम** - संघीय सरकारबाट २०७५।९।२ मा हस्तान्तरित सशर्त कार्यक्रमतर्फ रु.५ करोड ८४ लाखको खर्च गर्ने अख्तियारी प्राप्त भएको छ । यस कार्यक्रमबाट आषाढ महिनामा मात्र रु.२ करोड ६७ लाख ६६ हजार खर्च भएको छ । वर्षान्तमा खरिद कार्य गर्दा गुणस्तरमा असर पर्दछ । खरिद गुरुयोजना र खरिद योजना बनाई समयमै कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

११. **लागत सहभागिता** - प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट स्वीकृत साना कृषि सडक निर्माण मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद-४ को दफा ९ मा साना कृषि सडक निर्माण तथा मर्मतमा साझेदार संस्थाले १० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ । यो व्यवस्था प्रदेशले विनियोजन गरेको अन्य पूर्वाधार निर्माणमा पनि लागू गराउनु पर्नेमा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७५।१।१७ को प्रदेश सरकारको योजना तथा कार्यक्रम कार्यान्वयन गराउँदा लाभग्राही समितिबाट लागत सहभागिता नगराउने व्यहोराको पत्रलाई आधार मानी सबै योजनाहरुमा कार्यविधि अनुसार उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंश बेगर नै रु.५० लाख रुपैँयासम्मको पर्यटकीय मार्ग घोषणा तथा विकास कार्यक्रम लगायतका कार्य विभिन्न ९७ उपभोक्ता समितिमार्फत गराई रु.२८ करोड २५ लाख ८५ हजार भुक्तानी गरेकोले लागत सहभागिताको अंशको रकम समेत भुक्तानीले रु.२ करोड ८३ लाख व्ययभार परेको छ । प्रदेश सरकार अन्तर्गत संचालित कुनै योजनामा लागत सहभागीता गराउने कुनैमा नगराउने गर्दा निर्माण कार्यमा प्रतिस्पर्धा र खर्च पारदर्शी नहुने तथा सीमित स्रोतको अधिकतम परिचालन हुन नसकेको, लाभग्राहीको योजनाप्रति अपनत्व नदेखिएको जस्ता अवस्था देखिएका छन् । उपभोक्ता समिति

मार्फत योगदान बेगर कार्य गराउनु उचित होइन । साथै सडक निर्माणको कार्य संघीय सडक, प्रदेश पूर्वाधार कार्यालय, स्थानीय तह समेतबाट भइरहेकोमा यस मन्त्रालय मातहत निकायहरुले पनि सोही प्रकृतिको कार्य सञ्चालन गरेको छ । एकै प्रकृतिको काम धेरै निकायबाट सम्पादन हुँदा दोहोरो पर्ने अवस्था अन्त्य गर्न समन्वयात्मक तवरले सञ्चालन गर्ने सम्बन्धमा कार्यविधि, समन्वय संयन्त्र तयार गर्नुपर्दछ ।

१२. **होमस्टेलाई सहयोग** - काठमाडौंमा रहेका १३ पूराना होमस्टेहरुलाई सहयोग गर्न रु.३९ लाख बजेट स्वीकृत भई रु.३ लाखको दरले खर्च लेखेको छ । सामाजिक सेवा र पूर्वाधारको विकास गरी नागरिकको जीबनस्तरमा सुधार ल्याउने कार्यक्रमलाई प्राथमिकतामा नराखी व्यवसायिक रुपमा सञ्चालित होमस्टेलाई बिल भरपाई र कार्यसम्पन्न प्रतिवेदनको आधारमा अनुदान दिने जस्ता वितरणमूखी कार्यमा बजेट खर्च गर्ने प्रवृति नियन्त्रण हुनुपर्दछ ।

१३. **समन्वय** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बिल, भरपाई र खर्च प्रमाण गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने, प्रत्येक किस्तामा गरेको खर्चको विवरण सामाजिक लेखापरीक्षण गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । आयोजनाले बागमती प्रदेशका १३ जिल्लामा उपभोक्ता समिति मार्फत पूर्वाधार कार्यक्रम सञ्चालन गरेको छ । संचालित कार्यक्रमको भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिश संलग्न भए तापनि स्थानीय तहका पदाधिकारीबाट अनुगमन भएको, उपभोक्ता समितिबाट खर्चको अनुमोदन र खर्च सार्वजनिक गरी सामाजिक लेखापरीक्षण गरेको देखिएन । लागत सहभागिता समेत नभएको अवस्थामा स्थानीय तहसँग समन्वय गरी खर्चको पारदर्शीता प्रबर्द्धन गर्न उपभोक्ता समितिबाट खर्चको अनुमोदन गरी सामाजिक परीक्षण गर्ने गराउने व्यवस्था कार्यान्वन गर्नुपर्दछ ।

## भू-तथा जलाधार व्यवस्थापन कार्यालयहरु

१४. **मूल्य अभिवृद्धि कर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । जलाधार कार्यालय ललितपुरले उपभोक्ता समितिबाट सम्पन्न गरिने निर्माण कार्यको लागत अनुमान बनाउँदा बजारबाट खरिद गरिने निर्माण सामग्रीमा मूल्य अभिवृद्धि कर समेत थप गरी कायम भएको मूल्यको आधारमा दररेट कायम गरेको छ । नियमावलीमा उल्लेख भएबमोजिम मूल्य अभिवृद्धि कर रकम कट्टा गरेरमात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा कार्यालयले उपभोक्ता समितिले निर्माण सामग्री खरिद गरेको वीजक विल तथा निर्माण सामग्री खर्च भएको आधारमा मूल्य अभिवृद्धि कर समेत समावेश भएको दरबाट मूल्य अभिवृद्धि कर रु.६२ लाख ४० हजार उपभोक्ता समितिलाइ भुक्तानी दिएको छ । उपर्युक्त कानुनी व्यवस्था अनुसार उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर भुक्तानी दिन मिल्दैन ।

१५. **उपभोक्ता समितिलाई भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३ मा रु.२५ हजार भन्दा बढी रकम एकाउण्टपेयी चेकको माध्यमबाट सेवाप्रदायकलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । यो वर्ष भू तथा जलाधार सँरक्षण कार्यालय सिन्धुपाल्चोकले उपभोक्ता समितिमार्फत सम्पन्न गरेका भू तथा जलाधार संरक्षण सम्बन्धी कार्यमा रु.६ करोड ६१ लाख ८९ हजारको जाली प्रयोग भएको छ । तारजालीमा ढुङ्गा भर्ने कार्य उपभोक्ता समिति मार्फत गराएकोमा जाली खरिद बापतको रकम उपभोक्ता समितिको सिफारिसमा सो उपभोक्ता समितिको बिलबाट कटाई रु.१ करोड ४५ लाख २९ हजार तारजाली बिक्रेतालाई भुक्तानी दिएको देखियो । उपभोक्ता समिति मार्फत सार्वजनिक खरिद ऐन नियमका प्रक्रिया पूरा गरेर प्रतिस्पर्धा गराई खरिद नभई सोझै खरिद गर्दा मितव्ययी समेत नहुने देखिएकोले कार्यालयले नै प्रतिस्पर्धात्मक तरिकाले गुणस्तरीय जारजाली खरिद गरी आवश्यक परिमाण उपभोक्ता समितिलाई उपलब्ध गराउने र खरिद बाहेकका श्रममूलक कार्यहरु उपभोक्ता समितिमार्फत गराउने व्यवस्था मिलाउनु पर्दछ ।

## घरेलु तथा साना उद्योग कार्यालयहरु

१६. **मूल्य अभिबृद्धि कर** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखि ठेक्का वा करारको भुक्तानीमा मू.अ.करको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीले २ संस्थालाई रु.११ लाख ५३ हजार भुक्तानी गर्दा ५० प्रतिशतले हुने मू.अ.कर रु.५ लाख ७७ हजार कट्टा र दाखिला नगरी भुक्तानी दिएकोले कर समायोजन प्रमाण पेश हुनुपर्दछ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको पछिल्लो महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकले विभिन्न ५ फर्मलाई मूल्य अभिवृद्धि कर रु.४ लाख २२ हजार भुक्तानी दिए पनि कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानुनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

१७. **लघु उद्यम विकास कार्यक्रम -** मन्त्रालयले गरिबी निवारणको लागि लघु उद्यम कार्यक्रम सञ्चालन गर्न सस्था छनौटका लागि तयार गरेको कार्यक्षेत्रगत शर्तमा ६ वा सो भन्दा वढी स्थानीय तह रहेका जिल्लाको हकमा लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० अनुसार दुईवटा क्लष्टर हुने भएकोले सबैभन्दा बढी अँक प्राप्त गरी प्रथम हुने प्रस्तावकलाई पहिलो क्लष्टर र दोश्रो हुनेलाई दोश्रो क्लष्टरमा कार्यक्रम सञ्चालनको लागि छनौट गरिने उल्लेख भए अनुसार गरीवी निवारणका लागि पुनर्ताजगी र स्तरोन्नति, सीप विकास तालिम तथा नयाँ लघु उद्यमी सृजना गर्ने कार्यलाई दुईवटा कलस्टरमा विभाजन गरी आधा आधा काम गर्ने गरी दुई दुई परामर्शदातासँग सम्झौता गरी कार्य गराएको देखियो । एकै कामका लागि आंशिक प्रस्ताव स्वीकृत गर्ने कानुनी व्यवस्था भएको समेत देखिदैन् । जसबाट प्रथम घटीवालासँग मात्र सम्झौता गरी कार्य गर्नुपर्नेमा दुई परामर्शदाता मार्फत कार्य गराउँदा घरेलु तथा साना उद्योग विकास समिति, सिन्धुपाल्चोकले रु.६ लाख २९ हजार, घरेलु तथा साना उद्योग विकास कार्यालय, चितवनले रु.३ लाख ६६ हजार र काठमाडौंले रु.३ लाख ५७ हजारसमेत रु.१३ लाख ९२ हजार बढी व्ययभार परेको छ ।

१८. **नाफामूलक संस्थालाई अनुदान -** घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीले एक बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पानी प्रशोधन उद्योग स्थापना गर्न सो सम्बन्धी मेशिन/उपकरण तथा कारखाना भवन निर्माण समेतको लागि समेत रु.१९ लाख २७ हजार भुक्तानी गरेको पाइयो । त्यस्ता नाफामूलक संस्थालाई उद्योग, व्यवसाय सञ्चालन गर्न उक्त रकम उपलब्ध गराएकोमा त्यसबाट सरकारलाई प्राप्त हुने प्रतिफल तथा सेवा सम्बन्धमा स्पष्ट मापदण्ड तथा कार्यविधि तर्जुमा नगरी तथा उचित प्रतिफल प्राप्त हुने सुनिश्चित नगरी गरिएको लगानी मनासिब देखिएन । अतः त्यस्ता आयोजना वा उद्योगमा लगानीबाट कम्पनीको शेयर स्वामित्व समेत प्राप्त हुने गरी दीर्घकालीन प्रतिफल समेतको बिचार गरी लगानी गर्नुपर्दछ ।

## जिल्ला वन कार्यालयहरु

१९. **काठ दाउराको लगत -** जिल्ला वन कार्यालयहरुले आफ्नो क्षेत्रबाट वार्षिक रुपमा संकलन गरेको काठ दाउरा तथा गत विगतबाट जिम्मेवारी सरेको काठ मौज्दात लगायत अन्य वन सम्पदाको वन नियमावली बमोजिम वर्गीकरण समेत गरी लगत राख्नुपर्ने र चालु वर्षमा विक्री वितरण भएको परिमाण, जिम्मेवारी सारेको परिमाण र वर्गीकरण अनुसार काठको मूल्य उल्लेख गरी राजश्वको आर्थिक विवरणमा खुलासा गर्नु पर्नेमा बन कार्यालयहरुले लगत राखेको पाईएन । काठ दाउराको वर्गीकरण बमोजिम मूल्याङ्कन गरी लगत राख्नुपर्दछ ।

२०. **काठ मौज्दात -** जिल्ला वन पैदावर आपूर्ति समितिले तयार गरेको २०७५।७६ को वार्षिक प्रतिवेदन तथा घाटगद्दी मौज्दात रजिष्ट्रर अनुसार बन कार्यालय, सिन्धुलीमा गत बर्ष ५५ हजार ९३३ घ.मि. काठ मौज्दात रहेकोमा यो वर्ष विभिन्न सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त भएको १५ हजार ७६६ घ.मि. काठमध्ये यस वर्ष ४ हजार ४६५.२५ घ.मि. काठ बिक्री भएको र २८ हजार ९१९ घ.मि. काठ सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिलाई फिर्ता गरी आर्थिक वर्षको अन्त्यमा ३८ हजार ३१४ घ.मि. काठ मौज्दात रहेको देखिन्छ । सामुदायिक वन उपभोक्ता समितिलाई फिर्ता गर्नुको पुष्ट्याई पेश नभएको र बिक्री तथा फिर्ता गर्न नसकी ठूलो परिमाणमा मौज्दात रहेको उक्त काठ जिल्ला वन पैदावार आपूर्ति समितिले लिलाम बिक्री गरेको देखिएन । मौज्दात रहेको काठ समयमै लिलाम बिक्री गर्नुपर्दछ ।

२१. **काठ बिक्री -** यो वर्ष डिभिजन वन कार्यालय, चितवनले राष्ट्रिय वनको काठ बिक्रीबाट रु.५ करोड ७० लाख ५५ हजार आम्दानी गरेको छ । कुल बिक्री भएको काठ मध्ये सालको परिमाण ७३ हजार ३४७ क्यू.फिट रहेको देखिन्छ । टिम्बर कर्पोरेशन नेपाललाई औषत रु.८०३.४५ प्रति घन फिट र वन पैदावार आपूर्ति समितिलाई औषत रु.७६५.६६ प्रति घन फिटको दरले बिक्री गरेको छ । सामुदायिक वनबाट जम्मा ३३ हजार ९१८ घन फिट काठ उत्पादन गरी समूह सदस्यलाई प्रति घन फिट रु १००० को दरले बिक्री वितरण गरेको देखिन्छ । चितवन जिल्लाको जिल्ला दररेट अनुसार ए, वी र सी ग्रेडको सालको काठ प्रति

घन फिट क्रमश: रु.४ हजार ९५५, रु.४ हजार ५१३ र रु.४ हजार १५९ रहेको छ । सो अनुसार सामुदायिक वन उपभोक्ता समूह तथा वन कार्यालयले बिक्री वितरण तथा राजस्व प्रयोजनको लागि निर्धारण गरेको मूल्य न्यून रहेको देखियो । यसबाट सरकारलाई प्राप्त हुने राजस्वमा कमी आउने र उपभोक्ताले आवश्यकताभन्दा बढी काठ माग गरी व्यवसायिक प्रयोजनको लागि महँगो दरमा बिक्री गर्ने जोखिम समेत रहने भएकोले काठको वर्तमान मूल्य पुनरावलोकन गर्नुपर्दछ ।

२२. **वन क्षेत्रको जग्गा प्रयोग** - जिल्ला बन कार्यालय, काभ्रेले पेश गरेको विवरण अनुसार वन क्षेत्रको जग्गा निम्नानुसार संघ, संस्था तथा कार्यालयलाई उपलब्ध गराइएकोमा राजस्व असुली नभएको र सट्टाभर्ना, वृक्षारोपण तथा हटाइएका रुख र काठको विवरण पनि पेश नभएकोले आवश्यक कारबाही गरी किनारा लगाउनुपर्दछ ।

| संस्थाको नाम | उपलब्ध गराईएको जग्गाको क्षेत्रफल | व्यहोरा | निर्णय मिति |
|---|---|---|---|
| विकलाङ्ग मित्र समूह | २.२३६ हेक्टर | पत्रचार गर्ने कार्यालय फेला नपरेको | २०५१/७/१० |
| नेपाल दुरसञ्चार संस्थान | ३७५ व.मि. | पत्राचार भईरहेको | २०५१/६/२२ |
| नेपाली सेनाको ब्यारेक (पाँचखाल र खनालथोक) | २०७.०२ हेक्टर | रकम बुझाउनुपर्ने सम्झौता नभएको | २०५८/६/२२ |
| सशस्त्र प्रहरी वल | ४५.४६ हेक्टर | रकम बुझाउनुपर्ने सम्झौता नभएको | २०६९/९/१९ |
| काठमाण्डौ विश्वविद्यालय | १३.१३९ हेक्टर | मेडिकल शिक्षाको ५% मन्त्रालयलाई सिट उपलब्ध गराउने सम्झौता | २०५४/११/१४ |
| काठमाण्डौ विश्वविद्यालय | १४.१२४ हेक्टर | | २०५६/५/२२ |
| काभ्रे एकिकृत खानेपानी आयोजना | १.१ हेक्टर | पत्राचार भईरहेको | २०७०/४/२४ |
| सैनिक तालीम इलाका | ६०९.४९ हेक्टर | रकम बुझाउनुपर्ने सम्झौता नभएको | - |
| शसस्त्र प्रहरी वल, भुम्लुटार | ६.९१ हेक्टर | रकम बुझाउनुपर्ने सम्झौता नभएको | - |

२३. **भोगाधिकार** - जिल्ला वन कार्यालय काठमाडौंले यो वर्ष विभिन्न संघसंस्थालाई दिएको सामुदायिक वन तथा कबुलियती वनबाट रु.१० लाख ४५ हजार राजस्व आम्दानी गरेकोछ । सरकारी वन उपयोग गर्न दिएको विवरण अनुसार १० संस्थालाई भोगाधिकार दिएपनि अद्यावधिक अभिलेख राखेको छैन । एक इको फ्रेण्डली कम्पनी प्राइभेट लिमिटेड सँग २२ हेक्टर र एक हिल्स लिमिटेडसँग ३६ हेक्टरको प्रतिहेक्टर रु.१५ हजारका दरले रोयल्टी असुल गरेपनि सम्भौता अनुसार बृक्षारोपणको अवस्था यकीन हुन सकेन । एक वाइल्ड लाइफ प्राइभेट लिमिटेड लप्सीफेदीको ११ हेक्टर वनको प्रति हेक्टर रु.६६०० भुक्तानी गर्ने सम्झौता भएपनि रोयल्टी असुल गरेको छैन । भोगाधिकारको लागि दिएको जग्गाको विवरण अद्यावधिक गरी राजस्व रकम असुल गर्नुपर्दछ ।

२४. **वन रोयल्टी –** डिभिजन वन कार्यालय, सिन्धुली र बि.पी. राजमार्ग आयोजना, नेपाल विद्युत प्राधिकरणको एक सब स्टेशन तथा एक प्रसारण लाइन आयोजना बीच भएको सम्झौतामा वन क्षेत्रको जग्गा उपयोग गरे वापत उक्त क्षेत्रमा कटान भएका रुख संख्याको आधारमा १:२५ अनुपातका दरले हुने बिरुवा वृक्षारोपण गरी ५ वर्षसम्म संरक्षण र व्यवस्थापन गरी हस्तान्तरण गर्नुपर्ने उल्लेख भएकोमा सो बमोजिम वृक्षारोपण भएको छैन । साथै सम्झौता बमोजिम ती आयोजनाले वन क्षेत्रको जमिन उपयोग गरी बुझाउनु पर्ने वार्षिक रोयल्टी रु. १५ लाख ५२ हजार समेत असुल भएको नपाइएकोले उक्त रकम असूल गर्नुपर्दछ ।

२५. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिष्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । जिल्ला वन कार्यालय, दोलखाले रु.६७ लाख ७६ हजार मूल्यका विभिन्न विरुवाहरु २६ पटक टुक्राटुक्रामा खरिद गरेको छ । एउटै बिरुवा कार्यक्रम अनुसार पटक पटक खरिद गरेको, एउटै सामग्रीको मूल्य समेत फरक देखियो । यसबाट खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी देखिएन । पटक पटक खरिद गरी भपाईको आधारमा वितरण गरी खर्च जनाएका विरुवाहरु कृषक तथा समुदायहरुबाट बृक्षारोपण गरेको, सोको संरक्षण हुने व्यवस्था भएको अभिलेख अद्यावधिक गर्ने सम्बन्धमा कुनै कार्यहरु गरेको देखिन आएन । समुदायहरुले वृक्षारोपण गरेको भूमि, क्षेत्रफल, बिरुवाको संख्या र संरक्षण सम्बन्धमा अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - लेखापरीक्षणबाट मन्त्रालय र मातहतसमेत २५ निकायको यो वर्ष रु. ११ करोड २४ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड १३ लाख ५८ हजार फछ्र्यौट गरेकोले रु ९ करोड १० लाख ९५ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. ८ लाख २४ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश भित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्यले २०७४।१०।१० गते यस मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयको कार्य क्षेत्रमाहरु ३७ कार्यालय रहेका छन् ।

यो वर्ष मन्त्रालय र मातहतका ३७ कार्यालयको विनियोजन रु.१ अर्ब ५९ करोड ८२ लाख ६४ हजार, राजस्व रु.२ करोड ३२ लाख ७४ हजार, धरौटी रु.२ करोड १९ लाख ६६ हजार  र अन्य कारोवार रु.२ करोड ५२ लाख १४ हजार समेत रु.१ अर्ब ६६ करोड ८७ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **नीति कार्यान्वयन** – बागमती प्रदेशको नीति तथा कार्यक्रममा उल्लेख भएको मन्त्रालय अन्तर्गत प्रदेश स्तरीय खाद्य गुणस्तर परीक्षण संयन्त्र स्थापना गरी अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी वनाउने, कृषि वीमा विस्तार गरिने, प्रत्येक जिल्लामा कृषक पाठशाला सञ्चालन एवं तालिम केन्द्र विकास गर्ने, दुग्ध प्रशोधन केन्द्र स्थापना गर्ने, भूमि आयोग गठन गर्ने, भू–उपयोगी नीतिबमोजिम जमिनको बर्गीकरण गर्ने, सम्पूर्ण गुठी जग्गा रैकरमा पारित गर्ने नीति लिने, छुट जग्गा दर्ता र पुनः नापी गरी सार्वजनिक निजी जग्गा यथार्थ अभिलेखीकरण गर्ने जस्ता कार्यहरु भएको पाइएन । नीतिगत प्रतिबद्धताको कार्यान्वयन गरिनुपर्दछ ।

२. **कार्य जिम्मेवारी** - कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन, चरण तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन हुन बाँकी रहेको छ । त्यस्तै वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित खाद्य सुरक्षा सम्बन्धी नीति, पशु विकास सम्बन्धी नीति, भू-उपयोग नीति, सहकारी तथा गरिबी निवारण सम्बन्धी नीति तर्जुमा गर्ने गरी बजेट सहित कार्यक्रम स्वीकृत गरेकोमा नीतिहरु वनाई सकेको देखिएन । नीति ऐन तर्जुमा समिति गठन गरी कार्य प्रारम्भ भएको मन्त्रालयले जनाएको छ ।

२.१. **अनुदान वितरण** – विशेष प्रकारका पटके कार्यक्रम/आयोजना सञ्चालनमा कुनै संस्था तथा व्यक्तिलाई लागत साझेदारीको आधारमा अनुदान दिँदा सोबाट भएको प्रगति विवरण लिई जुन कामको लागि रकम दिएको हो सो काममा खर्च भएको र लेखापरीक्षण गराएको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय तथा मातहत निकायबाट कृषि एवं पशुपंक्षी लगायत फार्मको पूर्वाधार सुदृढीकरण अनुदान, मेशिनरी औजार हाटबजार, बजार सेड, भवन निर्माण, बजारीकरण, सडक पूर्वाधार, भण्डारण थ्रेसर, पावर ट्रिलर, स्प्रेयर, ट्र्याक्टर, उपकरण, डिफ्रिज, मिल्क क्यान, चिलिङभ्याट, कन्टेनर लगायतका कार्य लागत साझेदारीमा गर्न उपभोक्ता निजी व्यवसायी समेतका लागि रु.७७ करोड ७३ लाख ६६ हजार अनुदान वितरण गरेको छ ।

केन्द्र, प्रदेश र स्थानीय तह समेतका सरकारवाट कृषिमा अनुदान उपलब्ध गराउदै आएको भएतापनि समग्रमा ५ वर्षको अवस्था विश्लेषण गर्दा रु.५१ अर्व २० करोड अनुदान उपलब्ध गराएको देखिन्छ । कृषिमा सरकारले दिएको अनुदान प्रत्येक वर्ष वृद्धि भइरहेको अवस्थामा कृषकहरु आत्मनिर्भर हुँदै जानुपर्नेमा कृषिजन्य उपजको वृद्धि वाट आत्मनिर्भरता हुन नसकेको स्थिति छ । फलस्वरुप ५ वर्षको अवधिमा कृषिजन्य वस्तुमा रु.७ खर्व ८१ अर्वको आयात भएको छ । कृषि सामाग्री आयातमा सरकारले राजस्व छुट समेत दिएको छ । यो तथ्यांकले कृषि अनुदानको रकम लक्षित वर्गमा पुगी प्रतिफल प्राप्त भएको देखिदैन । तसर्थ हालको अनुदान वितरणको प्रक्रियाको मूल्याङ्कन गरी सुलभ ऋण, ब्याज अनुदान, उत्पादित कृषि उपज एवं पशुजन्य उत्पादनमा आधारित अनुदान जस्ता प्रक्रियाबाट वास्तविक किसानको जीवनस्तर उकास्ने गरी परिवर्तनको अनुभूती पुर्‍याउने नीति निर्माण गर्नुपर्दछ । प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम लागु गर्ने गरी कार्यक्रम र बजेट तर्जुमा गरिएको मन्त्रालयले जनाएको छ ।

३. **कानुन निर्माण** - प्रदेश सरकारको २०७५।७६ को नीति तथा कार्यक्रममा विभिन्न मन्त्रालयहरुले पहिचान गरेका आवश्यक कानुनहरु निर्माण गरिने उल्लेख गरेको एवं मन्त्रालय अन्तर्गत भूमि, गुठी तथा गुठी जग्गा व्यवस्था, खाद्य पोषण तथा खाद्य सम्प्रभूता, गरिबी निवारण, पशुपंक्षी औषधि किटनाशक तथा विषादी, दाना पदार्थ, पशु सेवा, वीउ वीजन तथा विरुवा संरक्षण, सहकारी, कृषि तथा पशुजन्य उत्पादनको

व्यवसायिकरण, प्राङ्गारिक तथा रसायनिक मलखाद्य सम्बन्धी कानुन र चरण तथा खर्क नीति समेत १२ वटा कानुन निर्माण गर्न पहिचान भएकोमा प्रदेश वीउ वीजन ऐन, २०७५, प्रादेशिक सहकारी सम्बन्धी कानुन र कृषि व्यवस्था प्रबर्द्धन ऐन, २०७५ मात्र तर्जुमा भएको देखिन्छ । अन्य ९ वटा कानुनहरु निर्माण हुन बाँकी रहेको छ भने पहिचान नभएका प्रादेशिक दुग्ध विकास बोर्ड ऐन, २०७५ र जलचर संरक्षण ऐन, २०७५ निर्माण भएको छ । अतः पहिचान भएका बाँकी ९ कानुनहरु आवश्यकताको आधारमा निर्माण गर्नुपर्दछ ।

मन्त्रालय आफैमा विभिन्न कानुन, नीति तथा मापदण्ड र कार्यविधि वनाई निर्मित नीतिहरुको कार्यन्वयन अवस्थाको अनुगमन र मुल्याङ्कन एवं मार्ग दर्शन गर्ने निकाय भए तापनि मन्त्रालयले कार्यसञ्चालन स्तरका सीप विकास तालिम, बधशाला र बधस्थल निर्माण, डीप बोरिङ निर्माण, पर्खाल निर्माण, यन्त्रउपकरण खरिद गरी हस्तान्तरण र पशु आय वृद्धि कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गरेको छ । नीतिगत व्यवस्था वनाई कार्यान्वयन गराउने निकाय कार्यसञ्चालन स्तरका कार्यक्रममा संलग्न हुँदा नियमनकारी भूमिका कमजोर हुने हुँदा उक्त कार्यहरु मातहत निकायहरु मार्फत सञ्चालन गर्ने प्रवन्ध गर्नुपर्दछ ।

४. **समग्र वित्तीय कार्यसम्पादन** - मन्त्रालयको लागि २०७५।७६ मा विनियोजन भएको रु.३ अर्ब ११ करोड १५ लाख ७१ हजार बजेटमध्ये चालूतर्फ ६७ प्रतिशत र पूँजीगततर्फ ४३ प्रतिशतमात्र खर्च भएको छ । स्वीकृत बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा पिग एण्ड पोर्क पार्क निर्माण तर्फको रु.१ करोड, उत्पादनमूलक सहकारी संस्था प्रबर्द्धनतर्फ रु.१ करोड ५० लाख, गुठी व्यवस्थापनतर्फ रु.५० लाख, प्रादेशिक दुग्ध विकास बोर्ड गठनमा रु.१ करोड ५० लाख, भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबास व्यवस्थापन गर्न अध्ययन तथा एकीकृत बस्ती स्थापनातर्फ रु.५० लाख  गरी जम्मा रु.५ करोड समर्पण भएको देखिन्छ । तत्पश्चात् २८ कार्यक्रम अन्तर्गत २५८ क्रियाकलापको लागि रु.६ करोड ७८ लाख ५० हजार बजेट कायम भएकोमा कार्यक्रमहरु सञ्चालन भएको देखिएन । कार्य योजना तयार गरी सोको अनुगमन गर्ने एवं कार्यान्वयनको लक्षित नतिजा प्राप्ति हुनेगरी वार्षिक बजेट, कार्यक्रम र कार्यान्वयन बीचको अन्तर कम गर्नुपर्दछ ।

५. **भूमि व्यवस्थापन** - भूमिमा रहेको दोहोरो स्वामित्वको अन्त, किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमि व्यवस्थापन, जग्गाको चक्लावन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि, भू-उपयोग नीति तथा कानुन, भूमिको उत्पादनशीलता र समुचित उपयोग, कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्न प्रदेश सरकारले भूमि व्यवस्थापन गरी जग्गाको अभिलेख व्यवस्थित गर्नुपर्ने व्यवस्था छ । प्रदेश अन्तर्गत यस सम्बन्धी कार्य सुरु भएको छैन ।

६. **सहकारी –** आर्थिक र समाजिक विकासमा सहकारी क्षेत्रको योगदान उल्लेख्य रहेको छ । प्रदेशभित्र छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गराई अर्थतन्त्रमा सहकारीको योगदान वृद्धि गर्नुपर्ने अवस्था छ । प्रदेश अन्तर्गत २०७५ असार मसान्तसम्म विभिन्न प्रकृतिका ११ हजार ५७७ सहकारी संस्थाहरु क्रियाशील रहेकोमा मन्त्रालयले ती सहकारी सस्थाहरुको अद्यावधिक अभिलेख राखी अनुगमन गरेको छैन । सहकारीले संकलन गरेको पूँजीलाई कृषि, पर्यटन, उद्योग र उर्जा जस्ता क्षेत्रमा परिचालन गर्नुका साथै सीपमूलक तालिम, सहुलियत कर्जा, युवा स्वरोजगार, बचत सुरक्षण वीमा आदि कार्यक्रमसमेत कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची-१ मा कन्टिन्जेन्सी खर्च सम्बन्धी व्यवस्था गरेको छ । कन्टिन्जेन्सीमध्ये २ प्रतिशत वर्क चार्जस्टाफ खर्च र २ प्रतिशत साना तथा अन्य खर्च गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयबाट प्राप्त विवरण अनुसार सूचना प्रकाशनमा रु.२० लाख ६४ हजार, दैनिक भत्ता तथा भ्रमण खर्चमा रु.९ लाख २२ हजार, मर्मत सम्भारमा रु.८ लाख २७ हजार, बैठक भत्तामा रु.१ लाख ३५ हजार, पारिश्रमिकमा रु.३ लाख ८३ हजार, वृत्तचित्र निर्माणमा रु.१ लाख ५० हजारसमेत रु.४४ लाख ८१ हजार कार्यालय सञ्चालन प्रकृतिका कार्यमा कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ । कार्यविधि तर्जुमा गरी कन्टिन्जेन्सी खर्चलाई व्यवस्थित गर्नुपर्दछ ।

८. **सडक निर्माण** - कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्र मार्फत यस वर्ष ९८ कृषि सडक निर्माण तथा मर्मत गरी रु.२८ करोड ४२ लाख ४८ हजार खर्च गरेको देखिन्छ । कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्रमा सडक निर्माणका लागि विषय विशेषज्ञ प्राविधिक नरहेको अवस्थामा उपभोक्ता समितिमार्फत कार्य गराउँदा डिजाईन तथा गुणस्तरमा प्रयाप्त ध्यान पुग्न सक्ने अवस्था रहँदैन । यस सम्वन्धमा देखिएका थप व्यहोरा निम्न छन :

८.१. विकास निर्माणका कार्यहरु गर्दा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वयमा दोहोरो नपर्ने गरी कार्य गर्नुपर्दछ । सडक निर्माण कार्य संघ र प्रदेशको पूर्वाधार विकास कार्यालय तथा स्थानीय तहबाट समेत भइरहेकोमा यस मन्त्रालय मातहत निकायहरुले पनि सोही प्रकृतिको कार्य सञ्चालन गरेको अवस्थामा समन्वयात्मक तवरले सञ्चालन गर्ने कार्यविधि, समन्वय संयन्त्र तयार गरेको छैन ।

८.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा कार्यालयले उपभोक्ता समितिबाट निर्माण काम गराउन सो उपभोक्ता समिति वा लाभग्राही समुदायको गठन गरेको, उपभोक्ता समितिसँग निर्माण कामको सम्झौता, सम्पन्न कामको उपभोक्ता समितिको भेलाले अनुमोदन गरेको, सार्वजनिक परीक्षण गरेको, निर्माण कामको लागत अनुमान स्वीकृत गरी प्राविधिक कर्मचारीले मूल्याङ्कन गरेको खर्च विल, भरपाई, खर्च प्रमाणित गर्ने अन्य कागजात समुदायको बैठकबाट अनुमोदन गराउनु पर्ने व्यवस्था रहेको छ । मन्त्रालय मातहत निकायबाट विभिन्न ९८ वटा सडक निर्माण तथा मर्मत बापतको रु.२८ करोड ४२ लाख ४८ हजार उपभोक्ता समितिलाई उपलब्ध गराएकोमा उपभोक्ता समितिले नियममा उल्लेख गरेका उपर्युक्त प्रक्रिया पूर्ण गरेका छैनन् ।

८.३. कृषि विकास निर्देशनालयले उपभोक्ता समितिले निर्माण गरेका १९ सडकहरुको निर्माण कार्यको रु.४ करोड ८१ लाख १६ हजारको सम्बन्धमा गाउँपालिकाको प्राविधिकबाट बिल प्राप्त भए पश्चात् अनुगमन मूल्याङ्कन, प्राविधिक परीक्षण गर्न मन्त्रालयका इन्जिनियरलाई पत्राचार गरेकोमा मन्त्रालयको प्राविधिकबाट अनुगमन मूल्याङ्कन र नापजाँच भएको छैन । केवल 'स्थलगत अवलोकन गर्दा कार्य सम्पन्न गरेको पाइएकोले नियमानुसार भुक्तानीको लागि अनुरोध छ' भन्ने व्यहोराको पत्र पठाएको आधारमा भुक्तानी गरेकोछ ।

८.४. साना कृषि सडक निर्माण, मर्मत तथा सञ्चालन कार्यविधि, २०७५ को बूँदा नं ९ मा साना कृषि सडक निर्माण र मर्मत गर्न प्रदेश सरकारको स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएबमोजिम कुल लागतको १० प्रतिशत साझेदार संस्थाले लगानी गर्नुपर्ने व्यवस्था छ । कृषि विकास निर्देशनालयले कृषि सडक निर्माण गर्नका लागि १९ संस्थालाई रु. ४ करोड ८१ लाख १६ हजार, कृषि ज्ञान केन्द्र, रामेछापले विभिन्न १२ संस्थालाई रु.३ करोड ९६ लाख ९१ हजार, धादिङ्गले ९ संस्थालाई रु.२ करोड ७७ लाख ३४ हजार, काभ्रेपलाञ्चोकले १९ संस्थालाई रु.५ करोड ४७ लाख १५ हजार चितवनले रु.४ करोड २२ लाख ७२ हजार लगायत रु.२८ करोड ४२ लाख भुक्तानी गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७५।१०।१७ को मन्त्रीस्तरीय निर्णय अनुसार कार्यविधि विपरित लाभग्राही समितिबाट लागत सहभागिता नगराउने निर्णय गरेको कारणले यो कार्यक्रममा साझेदार संस्थाले व्यहोर्नुपर्ने लागत सहभागिताको रकम रु.२ करोड ८४ लाख २५ हजार प्रदेश सरकारमा व्ययभार परेको देखियो । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश सरकारका आयोजना कार्यान्वयन गराउँदा लागत सहभागीता नगराउने भनी लेखि आएकोले जनसहभागीताको अंश कायम गर्न नसकिएको र आगामी दिनमा कार्यविधिलाई आधार मानी कार्यान्वयन गरिने मन्त्रालयले जनाएको छ ।

मन्त्रालय तथा निर्देशनालय जस्ता तालुक निकाय नीति, योजना, कार्यक्रम तर्जुमा, अनुगमन मूल्याङ्कन, कार्यक्रमहरुको समन्वय र पृष्ठपोषण कार्यमा संलग्न हुनुपर्नेमा सडक निर्माणको कार्य निर्देशनालय मार्फत गर्नु उपयुक्त देखिएन । त्यस्तै निर्देशनालय एवं मातहत कृषि ज्ञान केन्द्रमा समेत सडक निर्माणका लागि विषय विशेषज्ञ प्राविधिक नरहेको अवस्थामा यस्तो कार्यक्रमको कार्यान्वयन पक्षलाई प्रभावकारी वनाउने तथा सडक निर्माण तथा मर्मत तर्फका योजनाहरु उपभोक्ता समिति मार्फत मर्मत सम्भार गरी सडकको दीगोपनातर्फ ध्यान दिनुपर्ने एवं निर्देशनालयबाट सोको अनुगमन गरी खर्चको उपादेयता अभिवृद्धि गर्नुपर्दछ ।

९. **डीप बोरिङ्ग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउँदा लागत सहभागिताको आधारमा जनसहभागिताको अंशसमेतको रकम समावेश गर्नुपर्ने र डीप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५ दफा १० मा डीप बोरिङ्ग निर्माणमा जनसहभागिताको लागत ३ प्रतिशत हुने उल्लेख छ । सिन्धुली, मकवानपुर र चितवन जिल्लाको ३८ स्थानमा डीप बोरिङ्ग निर्माण कार्य गर्ने बार्षिक कार्यक्रम रहेकोमा चितवनका १७, मकबानपुरका ५ र सिन्धुलीका ३ समेत २५ स्थानमा डीप बोरिङ्गको उपभोक्ता समितिसँग सम्झौता गरेर मन्त्रालयबाट रु.२ करोड ३८ लाख १५ हजार भुक्तानी गरेको छ । डीप बोरिङ्ग निर्माण लागत अनुमान तथा खर्चको विलमा नियम अनुसारको ३ प्रतिशत जनसहभागिताको अंश कट्टा नगरी पूरै रकम उपभोक्ता समितिलाई भुक्तानी गरेकाले जन सहभागिताको अंश रु.७ लाख १४ हजार कम भई व्ययभार बढेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट संम्झौता भएको कार्य निर्माण व्यवसायीबाट गराउन नमिल्नेमा उपभोक्ता समितिले सबै

ड्रीलिङ्गकार्य कम्पनीहरुबाट गराएको देखियो । प्राविधिक क्षमता, उपकरण तथा रिंग मेसिन नभएका उपभोक्ता समितिलाई यस्तो काम दिन हुदैन ।

१०. **बधशाला निर्माण** - वार्षिक कार्यक्रम अनुसार साझेदारी संस्थाको सहकार्यमा ७ वटा बधशाला स्थापना गर्नको लागि सूचना प्रकाशन गरेकोमा ३ वटा साझेदारहरुले मात्र बधशाला स्थापना गर्न प्रस्ताब पेश गरेका छन । मन्त्रालयले साझेदार संस्थासँग गरेको सम्झौता अनुसार बधशाला निर्माण कार्यको भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन् :

१०.१. बधशाला निर्माण कार्यविधिको दफा १०(७) मा पशुबधशाला निर्माण तथा सुधार गर्न साझेदार निकायसँग आफ्नै स्वामित्वको कम्तिमा १५ रोपनी जग्गा हुनुपर्ने भनी उल्लेख गरेकोमा एक क्वालिटी फुड्स प्रा.लि.ले हेटौडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयको जग्गा २०६४।९।४ मा २० वर्षको लागि भाडामा लिएको प्रमाण पेश गरेको आधारमा अनुदान रकम भुक्तानी दिएको छ । अर्को हाईजेनिक मिट प्रा.लि.ललितपुरले विभिन्न ४ व्यक्तिको नाममा दर्ता भएको १६ रोपनी जग्गा २०७३।९।३ देखि १५ वर्षको लागि भाडामा लिएको उल्लेख गरे पनि कार्यविधि अनुसार साझेदार संस्थाको आफ्नै नाममा जग्गा नभएको अवस्थामा पनि मन्त्रालयबाट बधशाला निर्माणको लागि सम्झौता गरेकोले उक्त सम्झौताहरु कार्यविधि अनुकूल देखिएन ।

१०.२. बधशाला स्थापना गर्ने निजी कम्पनीहरु मुनाफा आर्जन गर्ने उद्देश्यले स्थापना भएका र निश्चित व्यक्तिलाई फाइदा पुग्ने गरी रु.१ करोड ५० लाख ८३ हजार अनुदान उपलब्ध गराएको मनासिव नदेखिँदा निजी एवम् व्यवसायिक फर्महरुलाई अनुदान दिने पद्धतीमा नियन्त्रण हुनुपर्दछ । स्वीकृत कार्यक्रममा निजी क्षेत्रसँगको सहकार्यमा बधशाला स्थापना गर्न सकिने व्यवस्था भएको मन्त्रालयले जनाएको छ ।

११. **दाना उद्योग स्थापना र सञ्चालन** - दाना उद्योगलाई अनुदान वितरण कार्यविधि, २०७५ दफा २० मा साझेदारी संस्थाले मेशिनरी उपकरण, ढुवानीका साधन तथा अन्य सामानहरु खरिद गर्दा स्पेसिफिकेसन र कार्यक्रम स्वीकृत भएपश्चात् मात्र खरिद गर्नुपर्ने उल्लेख छ । बार्षिक कार्यक्रममा २ वटा दाना उद्योग स्थापना र सञ्चालन गर्न रु.२ करोड ३६ लाख बजेट व्यवस्था भएकोमा मन्त्रालयले ३ दाना उद्योग स्थापनाको लागि ३ साझेदारी संस्थाहरु छनौट गरी यो बर्ष रु.१ करोड ६८ लाख ७ हजार भुक्तानी गरेको छ । सो मध्ये एक सहकारी संस्थाले जेनेरेटरमा रु.९ लाख ४० हजार र ३ थान सवारी सधानमा रु.७२ लाख ५ हजार खर्च गरेकोमा कार्यविधि अनुसार स्वीकृति लिएको देखिएन । दाना उद्योगसँग प्रत्यक्ष सम्बन्धित सामग्रीहरुमा मात्र अनुदान दिई उद्देश्य अनुरुप कार्य गर्नुपर्दछ ।

१२. **कृषि तथा पशु विकास** – प्रदेश जनसंख्याको चापलाई धान्न सक्ने गरी खाद्य तथा आधारभूत आवश्यकता पूरा गर्न कृषि तथा पशु सम्बन्धी उत्पादन र उत्पादकत्व बढाउनु पर्ने स्थिति छ । तर अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण र घडेरी विकास, जग्गा बाँझो राख्ने प्रवृत्तिले कृषि उत्पादन प्रयाप्त रुपले वृद्धि भएको छैन । साथै माछा, मासु, अण्डा र दुधको आपूर्ति गर्न पशुपक्षी व्यवसायिकरण कार्यक्रम अगाडि बढाउनु पर्ने पनि देखिन्छ । उल्लेखित विषयहरु सम्बोधन हुने गरी नीति निर्माण, कार्यान्वयन एवं अनुगमन गर्नुपर्दछ ।

१३. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने र नियमावलीको नियम ८५ अनुसार ५ लाख रुपैंयासम्म लागत अनुमान भएको परामर्श सेवा सोझै खरिद गर्न सक्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष डीप बोरिङ्ग, शित भण्डार लगायतको लागि रु.२० लाखका भन्दा कमका २५ टुक्रामा लागत अनुमान वनाई प्रस्तावका आधारमा परामर्श सेवा खरिद गरेर रु.१ करोड ९७ लाख ३४ हजार खर्च गरेको देखिन्छ । यस सम्बन्धी व्यहोरा निम्न छन :

१३.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई खरिद कार्य गर्नुपर्ने उल्लेख छ । मन्त्रालयले वार्षिक खरिद योजना अनुसार खरिदको प्याकेज वनाइ एकमुष्ट रुपमा खरिद गर्नुपर्नेमा पटक पटक खरिद गरेको छ । खरिद कार्यलाई व्यवस्थित, कानुनसम्मत्, मितव्ययी र प्रतिस्पर्धी वनाउनुपर्दछ ।

१३.२. कार्यान्वयनमा जाँदा आउने समस्या, स्रोतको आँकलन जस्ता पक्षलाइ मध्यनजर राखेर संस्थागत अपनत्व लिनेगरी यस प्रकारका अध्ययन गरेर कार्यसम्पादन प्रक्रिया अगाडि बढाउनुपर्नेमा परामर्शदाताबाट अध्ययन गराउने, सोको अभिलेखीकरण नगरेको अवस्थामा संस्थागत स्मरण जस्ता कारणले यस्ता खर्च प्रतिफलमुखी हुने अवस्था छैन ।

## कृषि ज्ञान केन्द्रहरु

१४. **अनुदानमा बिविधता** - कृषि ज्ञान केन्द्, चितवनले कृषि यान्त्रिकरण प्रबर्द्धन सम्बन्धी चितवन र मकवानपुर जिल्ला स्थित ७५ कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म तथा कृषि उद्यमीहरुलाई रु.३ करोड ३७ लाख १२ हजारको कृषि यन्त्र उपकरण खरिदमा रु.१ करोड ८९ लाख २४ हजार अनुदान उपलब्ध गराएको छ । कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यविधि समेतलाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियमबमोजिम प्रस्ताव आव्हान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी उपर्युक्त कानुनी व्यवस्था अवलम्वन गरी मितव्ययिताका साथ सामग्री प्राप्त गरी सरोकारवालालाई उपलब्ध गराउनुपर्नेमा कृषकले पेश गरेको बिलको आधारमा अनुदान उपलब्ध गराएकोले कृषकहरुले अनुदानमा प्राप्त सामानमा मितव्ययितापूर्वक खरिद भएको देखिएन । अनुदानमध्ये ७४ कृषक समूहलाई ५० प्रतिशत मात्र अनुदान उपलब्ध गराएको छ । तर माडी स्थित एक सहकारी संस्थालाई रु.५७ लाख ५० हजारको ५० प्रतिशतले रु.२८ लाख ७५ हजार मात्र अनुदान उपलब्ध गराउनुपर्नेमा निर्देशिकामा छुट्टै व्यवस्था गरी रु.४७ लाख ६२ हजार उपलब्ध गराएकोले रु.१८ लाख ८७ बढी खर्च गरेको छ । यसरी उपलब्ध गराईएको अनुदानबाट खरिद भएका मेशिन उपकरणको उपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

१५. **काममा दोहोरोपना** - कृषि ज्ञान केन्द्र सिन्धुलीले चिसापानी–भिरगाउँ–तेर्से कृषि सडक योजनामा १२० मीटर नयाँ ट्रयाक, ४३२० मीटर ग्रेडिङ्ग, ५९०० मीटर अर्थन ड्रेन, ह्युम पाइप कल्भर्ट, रिटेन्सशन वाल लगायतका कार्य गराई रु.२९ लाख ४९ हजार खर्च लेखेकोमा नापी किताबमा चेनेज खुलाएको छैन । सोही सडक योजनामा कमलामाई नगरपालिकाले पनि सडक विस्तार, ग्रेडिङ्ग/सर्फेस ड्रेसिङ्ग, ह्युम पाइप कल्भर्ट, रिटेन्सशन वाल लगायतका सडक स्तरोन्नति सम्बन्धी कार्य गर्न उपभोक्ता समितिसँग २०७५।९।२२ मा सम्झौता गरी यस वर्ष रु.१० लाख भुक्तानी गरेको छ । नगरपालिका कार्यालयले समेत नापी किताबमा आफूले गराएको कार्यको चेनेज तथा लोकेशन खुलाएको छैन । एउटै सडक योजनामा फरक २ निकायबाट कार्य गरिएको स्थान तथा चेनेज समेत नखुलाई कार्य गराएकोले दोहोरोपनाको स्थिति देखिएको छ । छानविन गरी यथार्थता एकीन हुनुपर्दछ ।

१६. **साझेदारी सस्था छनौट** - साना कृषि सडक निर्माण मर्मत तथा कार्यक्रम सञ्चालनको लागि मन्त्रालयले १५ दिनको सूचना प्रकाशन गरी साझेदारी सस्था छनौटको लागि प्रस्ताव माग गरेको देखिन्छ । चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र रहेको कृषि ज्ञान केन्द्र, चितवन अन्तर्गत जम्मा १४ वटा साझेदारी सस्था छनौट भएकोमा चितवन जिल्ला राप्ती नगरपालिकाका १३ र खैरहनी नगरपालिकाको १ साझेदारी संस्था छनौट भएको तर मकवानपुर जिल्लामा कुनै साझेदारी संस्था छनौट भएको नदेखिएकोले समानुपातिक एवम् निष्पक्ष रुपमा संस्था छनौट गरेको देखिएन । यसमा सुधार हुनुपर्दछ ।

१७. **उपभोक्ता समिति तोकेर निकासा** – कार्यक्रम र अख्तियारी प्राप्त भएपछि कार्यालयले कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यविधि समेतलाई आधार मानी सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम प्रस्ताव आव्हान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी कार्य गराउनुपर्नेमा कृषि ज्ञान केन्द्र चितवनलाई यो वर्ष साना कृषि सडक निर्माण तथा मर्मत कार्यक्रममा मन्त्रालयले १४ उपभोक्ता समितिको नाम किटान गरी रु.४ करोड ५५ लाख ४० हजार बजेट निकासा दिएको देखियो । तालुक मन्त्रालयले नै प्रस्ताव छनौट गरी त्यस्ता प्रस्तावदातालाई रकम निकासा दिनैपर्ने बाध्यकारी व्यवस्था सहितको कार्यविधि र अख्तियारी पठाएको कानुनसम्मत देखिएन् । मागमा आधारित कार्यक्रमलाई पारदर्शीरुपमा संचालन गर्नुपर्दछ ।

## भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखा

१८. **समुदायबाट कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा सम्पन्न भएको निर्माण कार्य स्वीकृत ड्इङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए भएको जाँच गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था रहेका छन् । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, दोलखाले २० वटा कृषक समूहलाई गोठ निर्माण, पानी भण्डारण टंकी व्यवस्थापन, घाँस खेती व्यवस्थापन, सरसफाई व्यवस्थापन, बाख्रा गाई भैंसी, चौरी खरिद व्यवस्थापन कार्यको लागि रु.३ करोड ५७ लाख ७० हजारको काममध्ये रु.२ करोड ८१ लाख १३ हजार भुक्तानी दिएको र रु.७६ लाख ५७ हजार समूहले सहभागितामा गरेको देखाएको छ । समुदायसँग

काम गर्ने समय, गुणस्तर नियन्त्रण अनुगमन र प्रतिवेदन समेत खुल्ने गरी सम्झौता गर्नुपर्नेमा सो अनुरुप गरेको छैन । नियमावलीमा भएको व्यवस्था बमोजिम कार्य गराउनुपर्दछ ।

## बाखा विकास फार्म, चित्लाङ

१९. **फार्म सञ्चालन** - बाखा विकास फार्म, चित्लाङ, मकवानपुरले फार्म सञ्चालनको लागि यो बर्ष उत्पादन सामग्रीमा रु.६० लाख ९९ हजार खर्च गरेको छ । बाखाहरुको गत बर्षको मौज्दात ३३८ रहेकोमा यो बर्ष उत्पादन २२८, बिक्री १७८, मृत्यु भएका संख्या ७६ र मौज्दात ३१२ रहेकोछ । यस बर्ष उत्पादन भएको २२८ को ३३.३३ प्रतिशत मृत्यु भएको देखिन्छ । विकास तथा अनुसन्धान गर्ने फार्ममा समेत जन्मिएका बाखाहरुमध्ये एक तिहाई मृत्यु हुनुले फार्मका प्राविधिकको कार्यसम्पादन कमजोर रहेको र यो बर्ष उत्पादन बिक्री आय रु.४ लाख १७ हजारमात्र रहेको छ । कूल प्रत्यक्ष खर्चको ६.८५ प्रतिशत मात्र आय देखिनु र मोर्टालिटी दर ३३ प्रतिशतभन्दा बढी भएको सम्बन्धमा छानविन गरी फार्मको सञ्चालनमा पुनरावलोकन हुनुपर्दछ ।

- **बेरुजू स्थिति –** लेखापरीक्षणबाट मन्त्रालय र मातहतसमेत २० निकायमा यो वर्ष रु. १५ करोड ८ लाख ७८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. १ करोड ५३ लाख ६४ हजार फछ्र्यौट गरेकोले रु १३ करोड ५५ लाख १४ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. ७ करोड ३७ लाख ३६ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकारको (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार प्रदेश स्तरको उर्जा, विद्युत, सडक, सिँचाई, खानेपानी जल उत्पन्न प्रकोप र नदी तथा पहिरो व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना समन्वय र नियमन गर्ने उद्देश्यले २०७४।११।४ मा यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष मन्त्रालय र मातहतका ४६ निकायको विनियोजन रु.६ अर्ब ८८ करोड ९५ लाख ६६ हजार, राजस्व रु.७ अर्ब ८७ करोड ७४ लाख ९५ हजार, धरौटी रु.६४ करोड ५२ लाख २० हजार र अन्य कारोवार रु.१ करोड ५८ लाख २२ हजार समेत रु.१५ अर्ब ४२ करोड ८१ लाख ३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । उक्त कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कार्यक्रम कार्यान्वयन** – स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा जल उपयोग तथा नदी व्यवस्थापन ऐन तर्जुमा, प्रदेश गौरवका आयोजना अध्ययन र पहिचान, यातायात व्यवस्थापन योजना निर्माण, खानेपानी तथा सिंचाई सम्बन्धी रणनीति, प्रदेश वैकल्पिक उर्जाको अध्ययन एवं यातायात व्यवस्थापन नीति निर्माण लगायतका कार्यहरु कार्यान्वयन भएको देखिएन । लक्षित उद्देश्य प्राप्त हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२. **विनियोजन** – प्रदेश सरकारको विनियोजन विधेयक, २०७५ अनुसार आर्थिक वर्ष २०७५।७६ को लागि मन्त्रालयलाई शुरुमा बजेट रु.१३ अर्ब ३२ करोड ४३ लाख ५९ हजार विनियोजन भएकोमा २०७६ आषाढमा ३१ मा रु.१ अर्ब २८ करोड ४८ लाख ८२ हजार घटाई रु.१२ अर्ब ३ करोड ९४ लाख ७७ हजार बजेट कायम गरेको र सो बजेटमध्ये मन्त्रालय र अन्तर्गत ४५ कार्यालयबाट रु.६ अर्ब ८८ करोड ९५ लाख ६४ हजार(५७ प्रतिशत) खर्च भई रु.५ अर्ब १४ करोड ९९ लाख १३ हजार बाँकी देखिन्छ ।

त्यसमध्ये पूर्वाधार विकास कार्यालय सिन्धुपालाचोक, नुवाकोट, ललितपुर र चितवनको क्रमशः रु.१३ करोड ८५ लाख ५० हजारका १५, रु.२० करोड ९ लाख ७६ हजारका २७, रु.१० करोड ६३ लाख ८२ हजारका १५ र रु.७५ लाखका ३ वटा गरी कुल रु.४५ करोड ३४ लाख ८ हजारका ६० योजनाहरुमा बजेट खर्च भएको छैन । यसबाट सडक संजालको उद्देश्य पूरा हुने देखिदैन । मन्त्रालयले मातहतका निकायहरुमा स्वीकृत कार्यक्रम सम्पन्न हुने गरी बजेट अख्तियारी प्रदान गर्ने र योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३. **कार्यक्रम तथा अख्तियारी** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा एकभन्दा बढी कार्यालयबाट खर्च गर्नुपर्ने अवस्थामा तालुक मन्त्रालयले विनियोजन ऐन जारी भएको सात दिनभित्र बाँडफाँड भएको रकमको जानकारी सम्बन्धित कार्यालयलाई दिनुपर्ने तथा एक पटक बाँडफाँड गरिसकेपछि पटक पटक बाँडफाँड गर्न नहुने उल्लेख छ । आर्थिक मामिला तथा योजना मन्त्रालयबाट २०७५।३।३१ मा मन्त्रालयलाई अख्तियारी दिइएकोमा यस मन्त्रालयले मातहतका कार्यालयलाई प्रथम पटक २०७५ मंसिरमा खर्च गर्ने अख्तियारी दिएको, ततपश्चात् पटक पटक बजेट संशोधन गरी आर्थिक वर्षको अन्तसम्म पनि अख्तियारी पठाएको छ । आषाढमा दिएको अख्तियारी तथा बजेटबाट काम गर्न कठीनाई हुने भएकोले मातहतका कार्यालयलाई एकमुष्ट बजेट र अख्तियारी दिई गरिने कार्यको ठेक्का बन्दोबस्त सहित अन्य व्यवस्थापकीय कार्यलाई सहज बनाउनु पर्दछ ।

काभ्रेपलाञ्चोक जिल्लामा ७५ र सिन्धुपाल्चोक जिल्लामा ६५ गरी १४० वटा क्रमागत खानेपानी आयोजनालाई भैपरी आउने विकास कार्यक्रमबाट २०७६ आषाढमा रु.१२ करोड ५७ लाख ५० हजारको अख्तियारी दिएकोमा समय अभाव देखाई प्रतिस्पर्धा वेगर उपभोक्ताबाट सिधै खरिद कार्य गराएको छ । एक महिनाको अवधिमा पाइप र फिटिङ्गस खरिद सहित कार्य सम्पन्न गर्न संभव देखिदैन । यस प्रकार आर्थिक वर्षको अन्त्यमा बजेट निकासा दिई उपभोक्ता समितिमार्फत कार्य गराउने प्रवृतिमा सुधार गर्नुपर्दछ ।

४. **अबण्डा** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६(२) मा बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी खर्च गर्न नहुने व्यवस्था छ । तर मन्त्रालयले यस वर्ष एक शिर्षकमा रु.५ करोड अवण्डा राखेकोमा आर्थिक मामिला तथा योजना मन्त्रालयले २०७६।०१।२४ मा रु.२ करोड ३६ लाख चालुतर्फ र रु.२ करोड ६४ लाख पूँजीगततर्फ रकमान्तर गरी मन्त्रालय अन्तर्गत निकायलाई अख्तियारी दिएको छ । ऐन विपरित गरिने कार्यमा सुधार हुनुपर्दछ ।

५. **बजेट वक्तव्यको कार्यान्वयन** – संघीयताको कार्यान्वयन र प्रदेश स्तरीय कार्यालयको क्षमता वृद्धि, मागमा आधारित सन्तुलित योजना तथा कार्यक्रम सञ्चालन, नतिजा केन्द्रित अनुगमन प्रणालीको व्यवस्था मार्फत जनतामा सुशासनको प्रत्याभूति प्रदान गर्ने, प्रदेशको आर्थिक एवं सामाजिक रुपान्तरणका आधारशीला तयार गर्ने २०७५।७६ को बजेटको उद्देश्य रहेको छ । यो वर्ष खानेपानीको अभाव भएका अति सुख्खाग्रस्त क्षेत्र र सुख्खा क्षेत्रमा प्राथमिकताका साथ खानेपानी आयोजना पुऱ्याउन सतह १११ वटा पानी पोखरी निर्माण, २७५४ धारा जडान, १३३२ मिटर ढल जडान, २५ वटा आयोजनाहरु ठेक्का सम्झौता र १४ खानेपानी आयोजना निर्माण भईरहेको अवस्था छ । "मुख्यमन्त्री ग्रामीण सडक कार्यक्रम" अन्तर्गत जिल्ला सदरमुकाम वा लोकमार्गदेखि स्थानीय तहको मुकामसम्म जोड्ने ५७ सडकलाई तीन वर्षमा कालोपत्रे गर्ने कार्यक्रममा १८ आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार भई निर्माण कार्य अगाडी बढेको र २० आयोजनाहरुको डि.पि.आर.तयार भएको छ । प्रदेशको गौरव योजनाको रूपमा रहेको पुष्पलाल प्रदेश चक्रपथको सम्भाव्यता अध्ययन कार्य शुरु भएको अवस्था छ । प्रविधिको प्रयोग गरी सतह, भूमिङ्गट्ट, जलशाययुक्त स्रोतलाई लिफ्ट र सौर्य उर्जामा आधारित सिँचाई प्रणालीबाट सम्भाव्य स्थानमा सिँचाई सुविधा पुऱ्याउने कार्यक्रमतर्फ स्वीकृत ५१७ मध्ये ९० योजना सम्पन्न भई १२५० हेक्टरमा सिचाइ सुविधा पुगेको भएपनि ३५० हेक्टरमा आंशिक रुपमा मात्र सिचाई सुविधा पुगेकोछ ।

मुख्य शहरहरूको सवारी साधन पार्किङ समस्या समाधानका लागि सुविधा सम्पन्न बस पार्क निर्माण, पोष्ट बहादुर बोगटी (भीमफेदी - कुलेखानी) सुरुङ मार्ग र नुवाकोटको गणेस्थान–वेत्रावती सुरुङ मार्गको सम्भाव्यता र प्रदेश तथा स्थानीय तहले निर्माण गर्ने सबै भौतिक संरचनालाई फरक क्षमता भएका व्यक्तिमैत्री बनाउने गरी भवन संहिता तथा अन्य पूर्वाधार निर्माण सम्बन्धी नीति बनाइ कार्यान्वयनमा ल्याइने कार्यहरुको थालनी नै भएको छैन । वजेटमा उल्लिखित कार्यक्रमहरु प्राथमिकतासाथ कार्यान्वयन गरी लक्ष्य हासिल गर्नु पर्दछ ।

६. **समपूरक अनुदान** – यस वर्ष संघीय अर्थ मन्त्रालयको २०७५।११।२ को समपूरक अनुदानको मार्गदर्शन बमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयलाई भौतिक पूर्वाधारतर्फ रु.६० करोडको अख्तियारी उपलब्ध गराएको छ । सो अनुरुप यस मन्त्रालयको कार्यक्षेत्रका १३ जिल्लाका सडक आयोजनाको लागि प्रदेश सरकारको ६० प्रतिशतले रु.९० करोड र संघीय सरकारको ४० प्रतिशतले रु.६० करोड समेत रु.१ अर्व ५० करोडको काम गर्नुपर्नेमा संघीय सरकारबाट प्राप्त रकम फिर्ता भएको छ । अतः समपूरक सम्बन्धी कार्यविधि, २०७५ अनुसार बजेटको कार्यान्वयन गर्नुपर्दछ ।

७. **कोष दाखिला** – संघबाट प्राप्त सर्शत र समपूरक अनुदानको रकम आषाढ मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ । यस मन्त्रालयले मातहत निकायलाई अख्तियारी दिएको सर्शत अनुदान खर्च भई संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने बाँकी रकमको स्रोतगत खर्च देखिने गरी एकीकृत वित्तीय विवरण तयार गरेको छैन । स्रोतगत स्थिति देखिने गरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

८. **बजेट तथा कार्यक्रम कार्यान्वयन** – प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा मातहतका कार्यालयबाट भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको चौमासिक, अर्धवार्षिक तथा वार्षिक विवरण लिई सो अवधि समाप्त भएको दुई महिनाभित्र भौतिक तथा वित्तीय पक्षको मूल्याङ्कन तथा समीक्षा गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट तथा कार्यक्रमको चौमासिक प्रगति तयार गरेको छैन । साथै मन्त्रालयको वार्षिक बजेटको मध्यावधि मूल्याङ्कन र वार्षिक समीक्षा नगर्दा कार्यक्रम कार्यान्वयनको समग्र अवस्था उपर विश्लेषण गर्न सकिएन । चौमासिक तथा वाषिक प्रगतिको मूल्यांकन गरी आवश्यक सुधार गर्नुपर्दछ ।

९. **कर्मचारी दरवन्दी/पदपूर्ति** – यस मन्त्रालय र अन्तर्गतका कार्यालयमा कूल ८९९ दरवन्दी रहेकोमा ७३९ पदपूर्ति भई १६० जना रिक्त रहेको छ । सोमध्ये मन्त्रालयमा २ जना महाशाखा प्रमुख संघीय सरकारबाट काजमा रहेका छन् । रिक्त दरवन्दीको कारण अख्तियारी तथा कार्यक्रम उपलब्ध गराउन ढिलाई भएकोले मन्त्रालयको औषतमा ५७.२२ प्रतिशत खर्च भएको छ । त्यसैगरी मन्त्रालय तथा मातहतका निकायहरुमा कार्यालय प्रमुख लगायत कर्मचारीहरुको पदस्थापनमा ढिलाई भएको कारण सेवा प्रवाहका साथै कार्यक्रम सञ्चालनमा समेत प्रभाव परेको छ । दरवन्दी बमोजिम पदपूर्तिको व्यवस्था मिलाई कार्यक्रम संचालन गर्नुपर्दछ ।

१०. **सापटी** – मन्त्रालयले यस वर्ष ६ खानेपानी तथा सरसफाई कार्यालयलाई बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएपश्चात् हिसाब मिलान गर्ने गरी कार्यरत कर्मचारीहरुलाई श्रावण, भाद्र, आश्विन र पर्व खर्च समेत गरी चार महिनाको तलब भत्ताका लागि सम्बन्धित कार्यालय प्रमुखको नाममा रु.३ करोड २१ लाख ६१ हजार पेश्की कायम गरी सापटी दिएको छ । जसबाट विकास निर्माण र सेवा प्रबाहमा संलग्न हुने मातहतका कार्यालयहरु कार्यक्रमको अभावमा ४ महिनाको अवधिभर प्रशासनिक कार्य बाहेकका कार्यमा संलग्न नभएको अवस्था देखियो ।

११. **खरिद योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ तथा नियम ८ मा मन्त्रालयले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैंयाभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै रु.१० लाखभन्दा बढी रकमको खरिद गर्नुपर्दा आगामी आर्थिक वर्षको अनुमानित बजेट तथा वार्षिक कार्यक्रम तयार गर्दा खरिद योजना तयार गर्नुपर्ने र आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । मन्त्रालयले यस वर्ष रु.२० करोड ५३ लाख २६ हजार खर्च गरेकोमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना वनाएको छैन । नियममा तोकिए बमोजिमका योजना वनाई गरिने काम व्यवस्थित गर्नुपर्दछ ।

१२. **पूँजीगत अनुसन्धान तथा परामर्श खर्च** - सार्वजानिक खरिद ऐनको दफा ७६(क) बमोजिम मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था भएबमोजिम मन्त्रालयले ६७ वटा प्रस्ताब माग गरेको, पाँच लाख रुपैयासम्मको परामर्श सेवामा सार्वजानिक निकायको प्रमुख आफैँले र सोभन्दा माथिको रकमको हकमा एक तह माथिको अधिकारीको स्वीकृति लिई ऐनको दफा ३७ को प्रतिकूल नहुने गरी सोझै वार्ताबाट खरिद गर्न सकिने उल्लेख भए अनुसार ६८ वटा प्रस्ताब माग गरी यस वर्ष १३५, टुक्रामा परामर्श सेवा खरिद गरेको छ । परामर्शसेवा सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन् :

१२.१. सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार बीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी खानेपानीतर्फ २ वटा परामर्श सेवामा रु.६८ लाख ४३ हजार खर्च गरेको छ भने बाँकी रु.१६ करोड ३१ लाख ३८ हजारको २० लाख र रु.५ लाखभन्दा तलका १५५ टुक्रामा लागत अनुमान वनाई खर्च गरेको देखिएको छ ।

मन्त्रालयले खुल्ला रुपमा आशयपत्र माग गरी विस्तृत परियोजना प्रस्ताबको छनौंट तयार गर्दा लागत अनुमानभन्दा २४.१० देखि ३२.१६ प्रतिशतसम्म घटीमा कार्य भएको छ । तर सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७२ र ८२ बमोजिम परार्मश सेवा खरिद गरी लागत अनुमानकै हाराहारीमा रु.१६ करोड ३१ लाख ३८ हजार खर्च गरेको छ । खुल्ला रुपमा आशयपत्र माग गरी विस्तृत परियोजना प्रस्ताब तयार गर्दा न्यूनतम २४.१० प्रतिशत घटीमा सम्पन्न भएको छ । तर प्रतिस्पर्धा नगराई सिधै काम गराउँदा घटीको न्यूनतम् प्रतिशतले रु.३ करोड ९३ लाख १६ हजार थप व्ययभार परेको देखियो ।

१२.२. परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन ।

१२.३. तयार गरेका विस्तृत परियोजना प्रतिवेदन स्वीकृत नभएको कारण यो वर्ष परामर्श खर्च मात्र भएको छ । बजेटको सुनिश्चितता नगरेको कारण तयार गरेको प्रतिवेदनहरुको कार्यान्वयन हुने अवस्था छैन । आयोजना संचालन गरिने समय, बजेट, कार्यक्रम, कार्यनीति तयार नगरी कार्यान्वयनको सुनिश्चितता वेगर यो वर्ष पूँजीगत अनुसन्धानमा लेखेको खर्चको उपलब्धि अनिश्चित छ । श्रोतको सुनिश्चितता र विस्तृत परियोजना प्रतिवेदनमा भएको खर्चको आश्वस्तता र प्रतिवद्ध कार्यक्रमको रणनीति तयार गरी गरिएको खर्चलाई उपलब्धिमूलक वनाउन सोको मार्गचित्र प्रस्तुत गर्नुपर्दछ । नीति निर्माण, अनुगमन जस्ता कार्यमा केन्द्रीत हुनुपर्ने निकाय स्वयम आयोजनाको सर्वेक्षण, विस्तृत परियोजना प्रतिवेदन तयारी लगातयका कार्यमा हुने संलग्नता उपयुक्त होइन ।

१३. **प्रतिवेदन अद्यावधिक खर्च** - बागमती प्रदेश अन्तर्गतका १३ वटै जिल्लामा गत विगतमा विभिन्न निकायबाट तयार भएको विस्तृत परियोजना प्रतिवेदनहरु सङ्कलन गरी मन्त्रालयले आफ्नो कार्य क्षेत्रभित्र पर्ने

जिल्ला स्थित सडक, सिचाई, खानेपानी लगायतका प्रमुख आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदनहरु प्रदेश मापदण्ड अनुसार पुनरावलोकन गर्न विभिन्न १२ टुक्रामा सिधै परामर्श सेवा लिई रु.४८ लाख ७५ हजार खर्च गरेको छ । संघीय सरकारका निकायबाट तयार गरिएका ती प्रतिवेदनहरु यथास्थितिमा कार्यान्वयन नगरी थप खर्च गरेको छ । साविकमा जिल्ला स्तरिय कार्यालयबाट उपलब्ध गराईएका विस्तृत आयोजना प्रतिवेदन औचित्य नरहने, कार्य क्षेत्रमा परिर्वतन हुने भएकोले साविकको सर्भे तथा डिजाईन नर्म्समा आवश्यकताअनूसार परिर्वतन गर्ने सचिव स्तरिय निर्णय गरी कार्य गराएको मान्त्रालयले उल्लेख गरेको छ । विगतमा अध्ययन भई प्राप्त सूचनाको अद्यावधिक गर्ने कार्य नियमित कार्य भएको र मौजुदा जनशक्तिबाट सम्पादन हुन सक्नेमा पुनः परामर्श सेवा लिएको उपयुक्त देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनपर्दछ ।

१४. **जटिल प्रकृतिका कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययिता, गुणस्तरीय, रोजगारी सृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना मात्र उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट हुने कार्य भारी उपकरण प्रयोग गरी सम्पन्न नगर्ने, जनसहभागीता गराउनु पर्ने र निर्माण व्यवसायिबाट गर्न नहुने उल्लेख छ । कार्यालयहरुले उपभोक्ता समिति मार्फत गराएका कार्यको सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन :

१४.१. खानेपानी तथा सरसफाई सम्बन्धी क्रमागत आयोजनाहरुको लागत अनुमान स्वीकृत गर्दा डिस्ट्रीव्युसन पाइप लाइन लगायतको श्रममूलक कार्यमा कम्तिमा २० प्रतिशत जनसहभागिताबाट गराउने गरी स्वीकृत गरेको छ । खानेपानी तथा सरसफाई डिभिजन मकवानपुरबाट जनसहभागिता बेगर ३६ वटा टंकी, इन्टेक, प्रोटेक्सन र ट्रान्समिसन पाइप लाइनका कार्य उपभोक्ता समितिबाट गराई यो बर्ष रु.६ करोड ५१ लाख ११ हजार भुक्तानी गरेको छ । जटिल प्राविधिक काम जनशक्ति, उपकरण र स्रोत नभएका र हस्तान्तरण नहुने कार्य उपभोक्ता समितिबाट गराउने, योजना कार्यान्वयनमा जनसहभागिता गराउने, खर्च सार्वजनिक गर्ने जस्ता कानुनी प्रावधानहरुको पालना सम्बन्धमा पनि ध्यान दिएको देखिएन । उपभोक्ता समितिको क्षमता भित्र पर्ने काम मात्र त्यस्ता समितिबाट गराउनुपर्दछ ।

१४.२. संघीय सरकारको खानेपानी तथा सरसफाई आयोजनाहरुमा सहलगानीको अवधारणा अनुसार लागत अनुमानको ७०% नेपाल सरकार र ३०% उपभोक्ता संस्थाको हुने व्यवस्था गरेको छ । प्रदेश सरकारले कृषि क्षेत्रमा लाभग्राही समूहबाट कार्य गराउदा १० प्रतिशत लागत सहभागिता जुटाउने गरी परिपत्र गरेको छ । मन्त्रालयले केही काममा लाभग्राही समूहबाट कार्य गराउदा लागत सहभागिता जुटाउन नपर्ने गरी निर्देशन पनि जारी गरेकोले यस विषयमा एकरुपता छैन । खानेपानी तथा सरसफाई डिभिजन नं.४ रामेछापले उपभोक्तालाई जिम्मा दिएका कार्यमध्ये विद्युतको सामान सप्लाई, जी. आई. पाइप तथा फिटिङ्गस, खरिद, र इलेक्ट्रीकल वर्क लगायत कार्य २ उपभोक्ता समितिसँगको ४ सम्झौताबाट गराई रु.३ करोड ३९ लाख २ हजार भुक्तानी गरेको छ । त्यस्तै रु.१ करोड ९६ लाख लागत अनुमान भएको गेलु लिफ्ट खानेपानी आयोजना र रु.१ करोड ५७ लाख लागत अनुमान भएको तामाकोशी नगिला लिफ्ट खानेपानी आयोजनाको कार्य रु.१ करोड भित्र पार्न २ टुक्रामा विभाजन गरी एकै उपभोक्ता समितिबाट गराएको छ । उपभोक्ता समितिबाट काम गराउँदा दुवैमा लागत सहभागिता जुटाएको छैन । कन्टिन्जेन्सी, ओभरहेड र मू.अ.कर समेत रु.१ करोड लागत अनुमान सम्मको कार्य उपभोक्ता समितिबाट गराउनुपर्ने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को पालना गरेको छैन । नियमको अनुशरण गरी खरिद कार्य गर्नुपर्दछ ।

१४.३. भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय, काभ्रेले १४ उपभोक्ता समिति मार्फत बोरिङ्ग गर्ने कार्य, पम्पघर, वितरण प्रणाली र टंकी निर्माण, विद्युतीकरण सम्बन्धी कार्यको रु.२ करोड ६ लाख ५७ हजार, ५ लिफ्ट सिंचाई योजना निर्माण कार्यको रु.१ करोड ३५ लाख ९३ हजार र ११ डीप बोरिङ्ग र स्यालो ट्यूववेलको रु.७ करोड ९९ लाख ७८ हजार समेत रु.११ करोड ४२ लाख २८ हजार काम उपभोक्ता समितिबाट गराई खर्च लेखेको छ । प्राविधिक रुपले जटिल, दक्ष प्राविधिक र मेशिनको उपयोग हुने कार्य गराउँदा योजनाहरुको स्वीकृत लागत अनुमानको आधारमा प्रतिस्पर्धा गराएर निर्माण व्यवसायीहरु मार्फत कार्य गराउनुको सट्टा उपभोक्ता समितिहरुसँग सम्झौता गरी कार्य गराएको छ । उपभोक्ता समितिबाट जटिल प्रकृतिको काम गराउँदा लागत सहभागिता समेत जुटाएको छैन । जनसहभागीता सुनिश्चित नहुने तथा जटिल प्रकृतिको कार्य प्रतिस्पर्धाको माध्यबाट गराउनुपर्दछ ।

१४.४.पूर्वाधार विकास कार्यालय रामेछापले २ उपभोक्ता समितिबाट सडक निर्माण गराउन रु.५७ लाख ५१ हजारको सम्झौता गरेको मध्ये रु.४१ लाख १ हजार अर्थात ७१.३० प्रतिशतको कार्य निर्माण सेवाबाट गराएको देखियो । नियमको प्रतिकूल हुने गरी गरिने यस्ता कार्य पूर्णतया नियन्त्रण पर्दछ ।

१४.५.सहरी विकास तथा भवन कार्यालय, मकवानपुरले ६ उपभोक्ता समितिसँग सम्झौता गरी रु.२ करोड ८६ लाख ३७ हजारको ६ भवन निर्माण कार्य गराई रु.२ करोड ४८ लाख ६२ हजार भुक्तानी गरेको छ । प्राविधिक रुपमा जटिल निर्माण कार्य उपभोक्ता समितिबाट गराएको, निर्माण कार्यमा लागत सहभागिता समेत नजुटाएको र कार्यालयबाट बोलपत्रबाट निर्माण भएका संरचनाहरुमा प्रतिस्पर्धा र कार्यकुशलताले गर्दा ३८ प्रतिशतसम्म घटीमा कार्यसम्पन्न भएको अवस्थामा प्रतिस्पर्धा वेगर उपभोक्ता समितिबाट गराएको छ । यस्ता कार्य प्रतिस्पर्धाबाट हुनुपर्दछ ।

१५. **मूल्य अभिबृद्धि** - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा ५० प्रतिशत मूल्य अभिबृद्धि कर सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयहरुले २०७६।२।१६ देखिको भुक्तानीमा ५० प्रतिशत राजस्व शीर्षकमा दाखिला नगरी भुक्तानी दिएको र उक्त रकम समायोजन भएको समेत देखिदैन । भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय, चितवनले रु.५ लाख ३३ हजार, जलस्रोत तथा सिँचाइ कार्यालय, चितवनले रु.२ लाख ६६ हजार, यातायात पूर्वाधार निर्देशनालयले रु.३ लाख ९८ हजार, पूर्वाधार विकास कार्यालय चितवनले रु.१२ लाख ६५ हजार, ललितपुरले रु.२ लाख २७ हजार, काभ्रेले रु.२ लाख ३२ हजार समेत रु.२९ लाख ३१ हजार भुक्तानी दिएको रकमको मुल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ ।

१६. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा लागत अनुमान तयार गर्दा वर्क चार्ज स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सीमा समावेश गर्न पाउने व्यवस्था रहेको छ । दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी, छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यालय संचालन खर्चमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, रामेछापले रु.६५ लाख १ हजार, मकवानपुरले रु.४३ लाख ६९ हजार, भक्तपुरले रु.९० लाख ५१ हजार, पूर्वाधार विकास कार्यालय, चितवनले रु.१ करोड ४६ लाख १४ हजार, काभ्रेपलाञ्चोकले रु.६२ लाख १८ हजार, ललितपुरले रु.४९ लाख ८७ हजार, सिन्धुपाल्चोकले रु.९१ लाख ५६ हजार, नुवाकोटले रु.४८ लाख ३२ हजार, जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, चितवनले रु.५६ लाख ३ हजार, नुबाकोटले ६८ लाख २८ हजार, दोलखाले रु.६३ लाख ८२ हजार, काभ्रेले रु.५३ लाख ३४ हजार र डिभिजन सडक कार्यालय रामेछापले रु.३२ लाख ७७ हजार समेत रु.८ करोड २४ लाख ६५ हजार खर्च गरेका छन् । नियममा विस्तृत व्यवस्था गरी कन्टिन्जेन्सी खर्चको कार्यविधि समेत तर्जुमा गरी खर्च गर्नुपर्दछ ।

## यातायात पूर्वाधार विकास निर्देशनालय

१७. **परामर्श सेवा** - सार्वजनिक खरीद ऐन, २०६३ को दफा २९ अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा सार्वजानिक खरिद नियमावली, २०६४ को नियम ७० अनुसार वीस लाख रुपैयाँभन्दा बढी मूल्यको परामर्श सेवा खरिद गर्दा ऐनको दफा ३० बमोजिम सूचना प्रकाशन गरी आशयपत्र माग गरी खरीद गर्न सक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन् :-

१७.१. निर्देशनालयले यो वर्ष रु.४ करोड ६४ लाख ८४ हजार लागत अनुमानको परामर्श सेवा ३५ वटा फर्मबाट रु.४ करोड ४० लाख ७० हजारको खरिद गरेर यो बर्ष रु.२ करोड ८६ लाख ३० हजार खर्च गरेको छ । खरिद गुरुयोजना र वार्षिक योजना बेगर विभिन्न टुक्रामा विभाजन गरेर परामर्शदाताको प्रस्ताव छनौट भएको देखियो । बजेटको आकार र कामको प्रकृति अनुसार प्रतिस्पर्धा गराई कार्य गर्नुपर्दछ ।

सम्झौता अनुसार इन्सेप्पसन रिर्पोट, ड्राफ्ट रिर्पोट र फाइनल रिर्पोट पेश गर्नुपर्नेमा अधिकांश फर्महरूले एकै पटक अन्तिम प्रतिवेदन पेश गरी भुक्तानी माग गरेको देखिन्छ । टर्म्स अफ रिफरेन्स अनुसार काम गरे नगरेको मूल्यांकन गरेको देखिदैन । परामर्शदाताबाट अध्ययन गराउने तर अध्ययन गरिएको योजनालाई तत्काल कार्यान्वयनमा नलैजाने र संस्थागत स्मरणको लागि व्यवस्थित अभिलेख नराख्ने जस्ता कारणले यस्तो खर्च प्रतिफलमुखी हुने अवस्था छैन ।

१७.२. विस्तृत परियोजना प्रतिवेदन तथा सर्भे कार्यमा पूर्वाधार विकास कार्यालय, रामेछापले ५ सडक योजनामा रु.५२ लाख ३९ हजार र जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, रामेछापले ३ सिचाई योजनाको लागि रु.१९ लाख ४५ हजार खर्च गरेको देखियो । उक्त कार्यको प्रतिवेदन जिन्सी आम्दानी बाँधेको छैन ।

प्रतिस्पर्धाको माध्यमले कार्य नगराई सोझै परामर्शदातासँग प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु उचित देखिएन । यसमा सुधार हुनुपर्दछ ।

## खानेपानी तथा सरसफाई डिभिजनहरु

१८. **क्रमागत आयोजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने आयोजनाका लागि रु.१० करोड भन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना स्वीकृत गराउनु पर्ने व्यवस्था छ । खानेपानी तथा सरसफाई डिभिजन भक्तपुर अन्तर्गत काठमाडौंमा १३२, भक्तपुरमा २८ र ललितपुरमा ५१ समेत २११ वटा खानेपानी योजना निर्माणको क्रममा रहेको देखियो । आ.व २०६४/६५ देखि २०७४/७५ सम्म शुरुवात भएका उक्त आयोजनाहरुमध्ये १५१ आयोजना स्वीकृत भएर पनि २०७५।७६ मा बजेट विनियोजन नभएको, ६४ आयोजनामा २०७४।७५ सम्म रु.६५ करोड ९७ लाख १३ हजार खर्च हुदाँ समेत आयोजना सम्पन्न नभएको अवस्था छ । यो बर्ष बजेट विनियोजन नभै ती योजना अधुरो रहेको देखियो । आयोजनाहरुको कुल लागत अनुमान, शुरुवात र सम्पन्न हुने सयमको अद्यावधिक अभिलेख राखेको छैन । आयोजनामा प्राथामिकताको आधारमा बजेट विनियोजन गरी समयमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

१९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यस सम्बन्धी देखिएका प्रमुख व्यहोरा निम्न छन :

१९.१. खानेपानी तथा सरसफाई डिभिजन नं.४, रामेछापले यो बर्ष विभिन्न १० फर्मबाट रु.५ लाखभन्दा घटीको टुक्रा पारी रु.४२ लाख १ हजारको पाइप तथा फिटिंग्स खरिद गरेको छ । फिटिङ्गस र ईलेक्ट्रीक पोल सप्लाईको बोलपत्रमा ४.१४ प्रतिशतदेखि ८.२२ प्रतिशतसम्म घटेको देखिएतापनि सोझै खरिद गर्दा लागत अनुमानकै हाराहारीमा खर्च भएको छ । खरिद योजना बनाइ प्रतिस्पर्धी तवरले खरिद गर्नुपर्दछ ।

१९.२. खानेपानी तथा सरसफाई डिभिजन, धादिङले यो बर्ष रु.८१ लाख ११ हजार, सिन्धुपाल्चोकले रु.९९ लाख १७ हजारको फिटिंग्स खरिद तथा निर्माण कार्य टुक्राटुक्रा गरी १७ पटक मा खरिद गरेको, खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले यो बर्ष टुक्रा टुक्रा पारी २६ पटकमा पाइप, पम्म तथा फिटिंग्स खरीद गरी रु १ करोड १३ लाख ७० हजार र सोझै निर्माण कार्यमा रु ३७ लाख २५ हजार खर्च गरेको र खानेपानी तथा सरसफाई डिभिजन मकवानपुरले जी.आई पाइप फिटिङ्गस, पम्प र टुल्स लगायत २९ पटकमा सोझै र खुला दरभाउपत्रबाट ३/३ वटा प्रस्ताव माग गरी खरिद गरेकोमा ० प्रतिशतदेखि १.३७ प्रतिशतसम्म घटीको प्रस्ताव स्वीकृत भएको छ । स्वीकृत कार्यक्रम अनुसार खरिद योजना बनाइ प्रतिस्पर्धी तवरले खरिद गर्नुपर्दछ ।

२०. **उपभोक्ता समितिबाट सामान खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा मू.अ.कर. ओभरहेड र कटिनजेनसी समेत एक करोड रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । खानेपानी तथा सरसफाई डिभिजन सिन्धुपाल्चोकले सम्बन्धित खानेपानी योजनाको पाइप, फिटिङ्गस् र ट्रान्सफरमर ७० टुक्राबाट रु.३ करोड ६८ लाख १५ हजारमा सम्बन्धित उपभोक्ता समितिले खरिद गरेको बिलको आधारमा २०७६ आषाढ २५ पछि उपभोक्ता समितिले सम्बन्धित आपूर्तकलाई भुक्तानी दिन अनुरोध गरेको आधारमा कार्यालयले भुक्तानी दिएको देखिंदा यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धी अन्य ब्यहोरा निम्न छन् ।

२०.१. खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले उक्त नियम विपरित उपभोक्ता समितिमार्फत रु.१ करोड बढीको हयूम पाइप, लगायत विभिन्न किसिमका सामग्रीहरु प्रतिपर्धा बेगर सिधै खरिद गरी रु.१ करोड १३ लाख ३६ हजार भुक्तानी गरेको छ । ढल निर्माण जस्तो जटिल प्रकृतिको कार्य र सामान खरिद कार्य समेत उपभोक्ता समितिबाट गर्नु नियमसम्मत देखिएन ।

२०.२. डीप बोरिङ्ग निर्माण तथा सञ्चालन कार्यविधि, २०७५ को दफा १० अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा ३ प्रतिशत जनसहभागिता परिचालन गर्नुपर्नेमा खानेपानी तथा सरसफाई डिभिजन भक्तपुरले डीप बोरिङ्ग निर्माणका ८ खानेपानी योजनामा जनसहभागीता भएको देखिएन । उपभोक्ता समितिले नियम विपरित निर्माण व्यवसायिबाट कार्य गराउन नमिल्नेमा कन्ट्रयाक्टरबाट गराई रु.२ करोड ३६ लाख २१

हजार भुक्तानी दिएको छ । सार्वजनिक खरिद कानुनको पालना गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नुपर्दछ ।

२१. **उपभोक्तालाई बढी भुक्तानी** - खानेपानी तथा सरसफाई डिभिजन, भक्तपुरले चाँगु-८ लिफ्ट खानेपानी उपभोक्ता समितिसँग पाइप लाइन खन्ने, पुर्ने, जडान गर्ने र ढुवानी गर्ने कार्यको लागि २०७६/१/६ मा रु.३५ लाख ३४ हजारको सम्झौता भएको मध्ये रु.१८ लाख ५९ हजार (५२.६० प्रतिशत) कार्य जनसहभागितावाट गर्ने गरी तोकिएको छ । उपभोक्ता समितिले रु.४० लाख ३ हजारको कार्य गरेकोमा जनसहभागिताको रकम रु.२१ लाख ६ हजार कट्टा नगरी सवै भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रकम सम्वन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्दछ ।

किर्तिपुर वडा न.१९ सल्यानथान डिप बोरिङ्ग उपभोक्ता समितिसँग रु. १८ लाख ११ हजार जनश्रमदान गर्ने गरी रु.५१ लाख २५ हजारमा सम्झौता भएको छ । उपभोक्ता समितिले रु. ३५ लाख ५४ हजारको कार्य गरेकोमा जनश्रमदान बापत हुने रु.१२ लाख ८१ हजार कट्टा नगरेकोले उक्त रकम असुल हुनुपर्दछ । त्यसैगरी कोइराला थोक भुर्तेल थोक खानेपानी योजना चन्द्रागिरी उपभोक्ता समितिसँग रु.९९ लाख ८९ हजारको सम्झौता अनुसार २० प्रतिशतले जनसहभागिता गर्ने गरी सम्झौता गरेको छ । उपभोक्ता समितिले रु.८० लाख ४८ हजारको मात्र कार्य गरेकोमा रु.८० लाख ४८ हजार नै भुक्तानी दिएको छ । तसर्थ जनश्रमदान वापत अनुपातिक कट्टी नगरेको रु.१६ लाख ९६ हजार असूल गर्नुपर्दछ ।

## पूर्वाधार विकास कार्यालयहरु

२२. **वोलपत्रको शर्त** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ मा योग्य वोलपत्र दातालाई खरिद प्रकृयामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने उल्लेख छ । यसको लागि खास प्रकृतिको बोलपत्रमात्र छनौट हुन सक्ने गरी अनुभव उल्लेख गर्न मिल्ने देखिदैन । पूर्वाधार विकास कार्यालय, चितवनले पुल निर्माण कार्यको बोलपत्र आव्हान गर्दा बोलपत्र सम्बन्धी कागजातको सि.न.२.४.२ मा स्पेशिफिक कन्स्ट्रक्सन एक्सपिरियन्समा पछिल्लो दश वर्षमा २.६७ करोडको २ पुल निर्माण गरेको हुनुपर्ने र रेडिमिक्स कंक्रीट प्रयोग गरी १५ मीटर लामो पुल निर्माण गरेको अनुभव हुनुपर्ने उल्लेख गरेकोले २ पुल निर्माण गरेको अनुभव भए तापनि रेडिमिक्स कंक्रीट प्रयोगको अनुभव नभएको कारण चनौली अमृतानगर सडक खण्डको पुल निर्माण कार्य र भवानीपुर मोटरेवल पुल निर्माण कार्यको लागि क्रमशः ५ र ७ वटा बोल पत्र दर्ता हुन आएकोमा एकमात्र निर्माण कम्पनी वाहेक अन्य बोलपत्र प्राविधिक मूल्यांकनको मुख्य अनुभवमा असफल भएको देखियो । उक्त कम्पनीसँग क्रमशः रु.२ करोड ८४ लाख ३८ हजार र रु.३ करोड ३ लाख ६५ हजार गरी रु.५ करोड ८८ लाख २ हजारमा सम्झौता गरेको छ । प्रतिस्पर्धा सीमित नहुने गरी बोलपत्र आहवान गर्नुपर्दछ ।

२३. **प्राविधिक मुल्यांकन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, ललितपुरले दर विश्लेषण गर्दा सबबेशको प्रति घ.मी.रु.२ हजार ७५५ को दर उल्लेख गरेकोमा प्रति घ.मी. रु.२ हजार ९८१ का दरले गणना गरी ८८८ घ.मी.मा प्रति घ.मी.रु.२२६ ले रु.२ लाख १ हजार र १४ थान म्यानहोल कभर प्रयोग हुने गरी लागत अनुमान तयार गरेकोमा उपभोक्ता समितिले २० थान खरिद गरेको बिल पेश गरेकोमा प्राविधिक मूल्यांकनमा ४० थान प्रयोग भएको देखाई २० थानको प्रतिगोटा रु.१३ हजार ४४२ का दरले बढी भुक्तानी दिएको रु.२ लाख ६९ हजार समेत रु.४ लाख ७० हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

२४. **बढी भुक्तानी** - पूर्वाधार विकास कार्यालय, नुवाकोटले मैलुङ-पैतिसकिलो-तिरु सडक निर्माण उपभोक्ता समितिको विलको आइटम नं.४ मा ब्रेकर लगाई प्रति घन मीटर रु.१ हजार ६०७ का दरले ९५३ घन मीटर कडा चट्टान फुटाउने कार्यको रु.१५ लाख ३२ लाख भुक्तानी गरेको छ । सडक तथा अन्य निर्माण कार्य गर्दा साईटमा उपलब्ध हुने ढुङ्गामध्ये कम्तीमा ४० प्रतिशत प्रयोग गर्नेगरी लागत अनुमान तयार गर्ने असल अभ्यासको आधारमा ३८१ घन मीटर ढुङ्गा प्रयोग गर्नुपर्नेमा कार्यालयले एकै चेनेजमा काम गर्दा पनि ती ढुङ्गा प्रयोग गरेको नदेखाई ७४४ घन मीटर ग्याविन वर्कको लागि आवश्यक पर्ने ढुङ्गा प्रति घ.मी रु.१ हजार ५६२ का दरले रु.११ लाख ६२ हजारमा खरिद गरी प्रयोग गरेको देखाइएकोले साइटको स्थिति एकीन गरी रु.५ लाख ९५ हजार र धोविखोला पुलनिर्माण तथा संरक्षण कार्यको लागि कन्टिजेन्सी र जनश्रमदान कट्टा गरी रु.३८ लाख ८१ हजार भुक्तानी गर्ने गरी सम्झौता भएकोमा उक्त कार्यको अन्तिम बिल रु.४२ लाख ५० हजार भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु.३ लाख ६९ हजार समेत रु.९ लाख ६४ हजार असुल गर्नुपर्दछ ।

२५. **नन्फाइलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पूर्वाधार विकास कार्यालय, रामेछापले मूल्य अभिवृद्धि कर रु.२२ लाख ६० हजार, चितवनले रु.३८ लाख ८८ हजार र प्रादेशिक सडक डिभिजन कार्यालय रामेछापले रु.२८ लाख ३६ हजार विभिन्न फर्मलाई भुक्तानी दिए पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्दछ ।

२६. **बि.ओ.क्यू.मा सवारी साधन** - सार्वजनिक लेखा समितिले ठेक्का रकमको विल अफ क्वान्टीटीमा सवारी साधन राखी भुक्तानी नगर्ने २०६९।९।२ मा निर्देशन गरेको छ । पूर्वाधार विकास कार्यालय, रामेछापले २ ठेक्कामा सवारी साधन आपूर्तिको व्यवस्था राखी रु.१ करोड ६० लाख ८६ हजार भुक्तानी गरेको छ । निर्माण कार्यसँग असम्बन्धित आइटम राखी अनियमित रुपले भुक्तानी गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२७. **टुक्राटुक्रा पारी निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा सार्वजनिक निकायले २० लाखभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन :

२७.१. पूर्वाधार विकास कार्यालय, नुवाकोटले दर्शनटार तारुका सडक निर्माण गर्नको रु.९५ लाख ८१ हजारको लागत अनुमान तयार गरी बोलपत्रबाट घटी कबोल गर्ने एक कन्स्ट्रक्सन प्रा.लि. को रु.६२ लाख १८ हजार ३५.१० प्रतिशत कम कबोल अङ्क स्वीकृत गरी अन्तिम बिलसम्मबाट रु.६१ लाख २४ हजार भुक्तानी दिएको छ । तर बोलपत्रबाट बचत रकम सोही बाटोमा रु.१८ लाख ९२ हजार लागत अनुमान तयार गरी दरभाउपत्रको सूचना प्रकाशन गरेर घटिवाला सोही निर्माण सेवाको कबोल अङ्क स्वीकार गरी अन्तिम बिलबाट रु.१८ लाख ७७ हजार भुक्तानी दिएको छ । यस प्रकार बोलपत्र प्रकाशन गरी निर्माण कार्य गराएको सडकमा पुनः लागत अनुमान टुक्रा पारी सोही निर्माण व्यवसायीबाट रु. ४ लाख ८ हजार र अर्को एक निर्माण व्यवसायीबाट रु. ४ लाख ६१ हजार सिधै कोटेशनको माध्यमबाट कार्य गराई लागत अनुमान कै रकम रु.८ लाख ६९ हजार भुक्तानी भएको छ । एउटै सडकमा चेनेज स्पष्ट नगराई कार्य गराउँदा खरिद योजना, विधि र मितव्ययिताको पालना नभएकोले यस्तो अस्वस्थ निर्माण कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२७.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । बोलपत्र तथा सिलवन्दी दरभाउपत्र प्रकाशन गरी खरिद गर्दा बचत हुन आएको रकमबाट पूर्वाधार विकास कार्यालय, नुवाकोटले ६ टुक्रामा रु. २५ लाख ६९ हजार र शहरी विकास तथा भवन कार्यालय, मकवानपुले बोलपत्रबाट कार्य गराउँदा लागत अनुमानभन्दा ३८ प्रतिशत सम्म घटीमा कार्य गराएकोमा सोझै खरिद गर्दा २१ टुक्रा काममा लागत अनुमान कै हाराहारीमा काम गराई रु.९४ लाख ६१ हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी निर्माण कार्य गराउनु पर्दछ ।

## जलस्रोत तथा सिंचाइ विकास डिभिजनहरु

२८. **जनसहभागिता** - सार्वजनिक खरिद नियमावली, २०६४ को ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा उपभोक्ता समिति र कार्यालयले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर जनसहभागीता कट्टा नगरी जलस्रोत तथा सिंचाइ विकास डिभिजन, नुवाकोटको रु.१४ लाख ५८ हजार र काभ्रेको रु.१२ लाख ३ हजार समेत रु.२६ लाख ६१ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

२९. **हस्तान्तरण र कार्यसम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावलीको नियम ९७ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्बन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्थाहरु रहेका छन् । जलस्रोत तथा सिंचाइ विकास डिभिजन, काभ्रेपलाञ्चोकले ७ आयोजनाको कार्य उपभोक्ता समितिबाट गराई रु.२ करोड १५ लाख २३ हजार भुक्तानी गर्दा जनसहभागिता वा लागत सहभागिता नगराई ग्यावित तार खरिद, ग्याबियन बक्स निर्माण, रिटेनिङ्ग वाल, पिसिसि कार्यहरु लगायत नदी नियन्त्रण र सिंचाई सम्बन्धी

दक्ष जनशक्ति र मेशिन उपकरण आवश्यक पर्ने कार्यहरु समेत गरेकोछ । निर्माण कार्य गराउँदा सम्झौता अनुसारको काम गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा कुडुले फाट पटगाँउवेशि सिंचाई योजना को ७४ प्रतिशत, आँपटारजोगी सिंचाई योजना मण्डनदेउपुरको ४५ प्रतिशत र कमलामाई सिंचाई योजना धुलिखेलको १२ प्रतिशत मात्र कार्य गरेको अवस्थामा कार्यसम्पन्न गरेकोले आयोजनाको निर्माण कार्य अधुरै रही लक्षित बर्गमा प्रतिफल पुगेको छैन । यस प्रकार आंशिक कार्य गराई योजना फरफारक गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३०. **पुरस्कार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२६ मा समयभन्दा अघि काम सम्पन्न गर्नेलाई पुरस्कार दिन सकिने व्यवस्था छ । सो अनुसार नारायणी लिफ्ट सिंचाइ कार्यालयले यो बर्ष ५ ठेक्काको निर्माण व्यवसायीलाई रु.६८ लाख ५१ हजार पुरस्कार दिएको छ । ४५९ दिन ठेक्का अवधि रहेकोमा निर्माण व्यवसायीले १२३ दिनभित्र कार्य सम्पन्न भएको उल्लेख गरी ठेक्का रकमको १० प्रतिशत सम्म पुरस्कार दिएको छ । निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार वर्षयामको ३ महिना काम नहुने गरी उल्लेख भएकोमा सो अवधिको पनि पुरस्कार दिएको रु.५२ लाख ३९ हजार कटटा गर्नुपर्नेमा रु.३ लाख ९३ हजार असूल गरेकोले बढी भुक्तानी गरेको ४८ लाख ४६ हजार थप असूल गर्नुपर्दछ । बढि अवधि लाग्ने जटिल प्रकृतिको काम समय अगाबै सम्पन्न गरेमा पुरस्कार दिनु स्वभाबिक भएपनि कम ठेक्का अवधी भएको काममा समेत बोनस राख्ने व्यबस्थाको अन्त्य हुनुपर्दछ ।

३१. **बढी मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वियन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने उल्लेख छ । प्रादेशिक सडक कार्यालय नुबाकोटले दुई निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिदा मोबिलाइजेशन पेश्की कट्टा गरी बाँकी रकममा मात्र मूल्य समायोजन भुक्तानी दिनु पर्नेमा सो नगरी पेश्की रकम समेतको मूल्य समायोजन भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.६ लाख ६२ हजार र पूर्वाधार विकास कार्यालय, ललितपुरले मूल्य समायोजन गणना गर्दा फरक फ्याक्टर प्रयोग गरी बढी भुक्तानी दिएको रु.३ लाख १७ हजार समेत रु.९ लाख ७९ हजार असुल हुनुपर्दछ ।

३२. **अधुरो निर्काण कार्य** - सिन्धुपाल्चोकको टेकनपुर टौथली सिंचाई योजनाको पहिलो प्याकेजको काम २०६९।१०।१९ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायिसँग २०६८।७।२० मा रु.१ करोड ५१ लख ४५ हजारमा सम्झौता भई रु.३९ लाख ८९ हजार खर्च भइसकेको र मूल्यवृद्धि समायोजन दावी नगर्ने र डिजाईन स्टिमेट परिमार्जन गरी काम गर्ने गरी २०७४।१।२५ सम्म म्याद थप गरेको भए तापनि यो आर्थिक वर्षमा समेत योजनाको काम भएको छैन । सम्झौताको शर्त अनुसार कार्य सम्पन्न गराउनु पर्दछ ।

३३. **टुक्राटुक्रा पारी निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखाले विगु ४ सिँगटी खोला नदी नियन्त्रण कार्यको लागि बोलपत्रको माध्यमबाट लागत अनुमानभन्दा ४६.९० प्रतिशत घटीमा काम गराएकोमा बचत रकमबाट पुन: बोलपत्र वा सिलबन्दी दरभाउपत्रबाट काम नगराई तीन निर्माण व्यवसायिबाट लागत अनुमान रु. ९ लाख ४२ हजार र तीन उपभोक्ता समितिबाट रु.९४ लाख ८२ हजारको काम गराएको छ । समयमै बोलपत्र वा सिलबन्दी दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई बचत रकम खर्च गर्नु पर्दछ ।

## शहरी विकास तथा भवन कार्यालय,

३४. **उपभोक्तालाई बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्यसम्पन्न गरिसकेपछि सार्वजनिक निकायले उपभोक्ता समितिबाट भएका निर्माण कार्यको प्राविधिक कर्मचारीबाट वास्तविक नापी गरी नापी कितावमा चढाउनु पर्दछ । यो वर्ष शहरी विकास तथा भवन कार्यालय, काठमाण्डौले विभिन्न उपभोक्ता समिति वा लाभग्राही समुदायले विभिन्न आयोजनाहरुको निर्माण कार्यसम्पन्न गरिसकेपछि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारीबाट नापजाँच गरेको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन परीक्षण गर्दा विभिन्न २४ उपभोक्ता समितिलाई दर विश्लेषणमा उल्लेख गरेकोभन्दा फरक दर राखी गणना गरेको तथा विभिन्न आईटमहरुमा नापी कितावमा उल्लेख भएका परिमाणहरुको गणना फरक पारी बढी भुक्तानी गरेको रु. ९२ लाख ९२ हजार असुल गर्नुपर्दछ ।

३५. **बेस कोर्स गरी छाडेको –** सडक कालोपत्रे कार्य तत्काल गर्ने अवस्थामा मात्र बेस कोर्सको कार्य गराउनुपर्नेमा शहरी विकास तथा भवन डिभिजन कार्यालय, सिन्धुलीले सालघारी–दुधौली सडक स्तरोन्नति योजनामा आषाढ महिनाको अन्त्यतिर वर्षात् शुरुवात भइसकेपछि रु. ६ लाख २० हजारको ३०२ मीटर बेस कोर्स गराई कालोपत्रे नगरी छाडेको पाइयो । वर्षा अधिनै कालोपत्रे समेत सम्पन्न गर्ने गरी सडक निर्माण गर्नुपर्दछ ।

## यातायात व्यवस्था कार्यालय

३६. **सेवा प्रवाह** - यातायात व्यवस्था कार्यालयहरु, काठमाण्डौ, ललितपुर, भक्तपुर र मकवानपुरका ६ कार्यालयबाट २ पाङ्ग्रे तथा ४ पाङ्ग्रे सवारी साधनको नयाँ सवारीचालक अनुमति पत्र वितरण, नवीकरण तथा विदेशी सवारीचालक अनुमति पत्रको नेपालीकरण जस्ता सेवा प्रवाह हुँदै आइरहेको छ । यस वर्ष ६ कार्यालयले नयाँ सवारीचालक अनुमति पत्र जारी, नवीकरण जस्ता सेवा प्रवाहबाट रु.३ अर्ब ९० करोड २२ लाख ८४ हजार राजस्व आर्जन भएको छ । सवारी चालक अनुमति पत्र लिनेको संख्या वृद्धि भए अनुरुप वितरण प्रक्रिया सरल र प्रभावकारी हुन सकेको छैन । कार्यबोझका तुलनामा कर्मचारीको संख्या कम रहेको, उपलब्ध जनशक्तिमध्ये पनि सूचना प्रविधिमैत्री जनशक्तिको न्यूनता रहेको, नियमित तालिमको व्यवस्था नभएको, ट्रायल पछि स्मार्ट कार्ड समयमा दिन नसकेको, प्रयोगमा ल्याइएको सफ्टवेयरको कनेक्टिभिटीमा बारम्बार समस्या आउने गरेको, सफ्टवेयरमा एकै सेवाग्राहीको दुई वा दुइ पटक भन्दा वढी इन्ट्री हुने गरेको अवस्था छ ।

यातायात व्यवस्था कार्यालयबाट यस बर्ष सवारी साधनको नयाँ दर्ता, नामसारी, रुट इजाजत, जाँचपास लगायतबाट रु.२ अर्ब ६० करोड १५ लाख २३ हजार राजस्व आर्जन गरेको छ । रुट इजाजत प्रक्रिया अन्तर्गत सार्वजनिक यातायातको रुपमा सञ्चालन हुने सवारी साधनहरुलाई सडकको क्षमता, यात्रुको चाप, लाभान्वित जनसंख्या, सवारीको संख्या जस्ता प्राविधिक पक्षहरुमा पर्याप्त ध्यान नपुऱ्याइएको, पूर्ण रुपमा सडक पूर्वाधार सम्पन्न नभइसकेको अवस्थामा पनि बाटो अनुमति पत्र दिएको, विना इजाजत सवारी साधन सञ्चालन हुने गरेको, यातायात व्यवसायीहरुबीच अस्वस्थ प्रतिस्पर्धा एवं सीण्डिकेट प्रणालीवाट सेवाग्राहीले सुलभ, गुणस्तरीय, सुरक्षित र भरपर्दो यातायात सुविधाबाट बञ्चित रहनु परेको, रुट अनुमति प्रक्रिया व्यवस्थित, वैज्ञानिक र प्रभावकारी हुन नसकेले ती कार्यालयले दिने सेवामा थप प्रभावकारीता ल्याउन आवश्यक सुधार गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** लेखापरीक्षणबाट मन्त्रालय र मातहतसमेत ४१ निकायमा यो वर्ष रु. ५९ करोड ७५ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. ३ करोड ६१ लाख ५९ हजार फछ्र्यौट गरेकोले रु ५६ करोड १३ लाख ७७ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु.३७ करोड ५५ लाख ७७ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ ।

# सामाजिक विकास मन्त्रालय

कार्य विभाजन नियमावली अनुसार प्रदेशस्तरका स्वास्थ्य, शिक्षा, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, सामाजिक सुरक्षा, भाषा सँस्कृति, पूरातत्व, युवा खेलकुद, श्रम तथा रोजगारसँग सम्बन्धित विषयहरुको जिम्मेवारी तोकिएको छ । यस मन्त्रालयको कार्यक्षेत्रभित्र रहेका निकाय बीच समन्वय, नियमन, नियन्त्रण र सहज कार्य सञ्चालनका लागि आवश्यक प्रदेश स्तरीय कानुन, नीति, मापदण्डहरुको तर्जुमाको साथै विषय क्षेत्र भित्रका विभिन्न कार्यक्रमहरु निर्माण गरी कार्यान्वयन, समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष ४५ निकायको विनियोजन रु.२ अर्ब ७६ करोड ९३ लाख ३७ हजार, राजस्व रु.६२ लाख ५७ हजार, धरौटी रु.२ करोड ४५ लाख १९ हजार र अन्य कारोवार २२ करोड २१ लाख १ हजार समेत रु.३ अर्ब २ करोड २२ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । अन्य संस्था तथा समितिको रु.५४ करोड २४ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन् :

१. **कार्य सम्पादन स्थिति** - स्वीकृत वार्षिक बजेट बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा संपदा सूचीमा परेका स्मारक र पूरातत्विक महत्वका स्थलहरुको संभावना र भावी दीगो कार्यदिशा, प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, आपतकालिन तथा महामारी व्यवस्थापनका लागि प्रदेशस्तरीय हेल्थ सेन्टर संचालन, स्वास्थ्य बीमा, औषधि व्यवस्थापन, सूर्ति, मदिरा जस्ता लागुपदार्थको मापदण्ड, टोल फ्रि  टेलीफोन मार्फत स्वास्थ्य सेवा सुविधा, निशुल्क पाइने औषधी उपचार सुविधा सहायता, अनुगमन र नियमन लगायतका कार्य गर्न बाँकी रहेको छ ।

   महिला तथा बालबालिकाका संबिधान प्रदत्त हक अधिकारको रक्षाका लागि आवश्यक नीति तर्जुमा, सामाजिक जागरण, सामाजिक बिभेदको अन्त्य, अपाङ्गता सम्बन्धी नीति, एकल महिला, बृद्ध बृद्धा, उच्च शिक्षा तथा शैक्षिक परामर्श सेवाको मापदण्ड, प्रदेश स्तरका शिक्षक व्यवस्थापन मापदण्ड तर्जुमा र कार्यान्वयन लगायतका सम्बन्धमा नीति वनाई कार्यान्वयनमा ल्याउनू पर्नेमा ल्याएको देखिएन । मन्त्रालयले नीति, कानुन, मापदण्ड तयार गरी  कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२. **कानुन निर्माण** - स्वीकृत वार्षिक कार्यक्रममा मन्त्रालयको कार्यक्षेत्र अन्तर्गतका विविध १० कानुन निर्माण गर्ने उल्लेख भएकोमा ५ ऐन, २ नियमावली र कार्यविधि तयार गरेको विवरण प्राप्त भएको छ । कार्यक्षेत्र अन्तर्गतका आवश्यक अन्य कानुन पहिचान गरी तर्जुमा गर्नुपर्दछ ।

३. **कर्मचारी दरवन्दी/पदपूर्ति** - कूल ५४ दरवन्दी रहेकोमा मन्त्रालयमा ३० पदपुर्ती भई २४ जना रिक्त रहेको छ । रिक्त दरवन्दीको कारण मन्त्रालयको कार्यमा कठिनाई रहेको, ७ महाशाखा भएपनि ५ जना मात्र महाशाखा प्रमुख रहेको, सचिवहरुको पटक पटक फेरवदलले अख्तियारी तथा कार्यक्रम उपलब्ध गराउन ढिलाई भएको, अन्तर्गतका निकायहरुमा कार्यालय प्रमुख लगायत कर्मचारीहरुको पदस्थापन ढिलाई भएको कारण कार्यक्रम सञ्चालन तथा सेवा प्रवाहमा कठीनाई भएको छ । दरवन्दी वमोजिम पदपूर्तिको व्यवस्था मिलाई कार्यक्रम कार्यान्वन गर्नुपर्दछ ।

४. **विनियोजन** - प्रदेश सरकारको विनियोजन विधेयक, २०७५ अनुसार आर्थिक वर्ष २०७५।७६ को लागि मन्त्रालय र मातहतलाई शुरुमा रु.४ अर्व २१ करोड ८५ लाख १६ हजार बजेट विनियोजन भएकोमा रु.२३ करोड ५८ लाख ९९ हजार थप गरी रु.४ अर्व ४५ करोड ४४ लाख १५ हजार पुगेको देखिन्छ । उक्त बजेटमध्ये अन्तर्गत कार्यालय र मन्त्रालय समेतमा रु.२ अर्व ७६ करोड ६० लाख ५१ हजार खर्च भई रु.१ अर्व ६८ करोड ८३ लाख ६४ हजार बाँकी देखिन्छ । बजेट तथा कार्यक्रम वनाउँदा सीमाको आधारमा अवण्डा समेत नरहने गरी कार्यक्रमको समग्र विवरण तयार गर्नुपर्नेमा अवण्डा समेत राखेको छ । छुट्टयाएको बजेट अन्तर्गतका निकायलाई एकमुष्ट अख्तियारी उपलब्ध गराउनुपर्नेमा पटक पटक अख्तियारी दिएकोले नियमको पालना गरेको छैन ।

५. **कार्यक्रम संशोधन** - बजेट तथा कार्यक्रम शंशोधन समयमै गर्नुपर्दछ । मन्त्रालयको २०७६।१।४ को पत्रबाट मागमा आधारित प्रदेश विकास योजना(सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम छनौट गरिएका

योजना तथा कार्यक्रमका लागि रकम व्यवस्थापन गर्नुपर्नेमा मन्त्रालयले भवन निर्माण, पूँजीगत परामर्श र कार्यक्रम खर्चतर्फ यो वर्ष खर्च नहुने रु.१० करोड १५ लाख बजेट सर्मपण गरेकोछ । फिर्ता रकमबाट पुनः माग भई आएका योजनामा कार्यक्रम संशोधन गरेर पुनः सोही रकमको अख्तियारी दिएकोमा सो रकम समेत खर्च भएको छैन । वर्षान्तमा आई कार्यक्रम संशोधन गराई क्लव भवन निर्माण, खेल मैदान निर्माण, मन्दिर तथा गुम्बा निर्माण, विद्यालय भवन तथा क्यान्टिन निर्माण, सामुदायिक भवन निर्माण लगायतका ४१ कार्यक्रमको लागि रु.१९ करोड ६५ लाख ६३ हजारको अख्तियारी २०७६।१।१० देखि २०७६।३।९ सम्म पठाएको देखिन्छ । आर्थिक वर्षको अन्तिम चौमासिक र आषाढमा पनि कार्यक्रम र बजेट संशोधन गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ ।

६. **मन्त्रालयको अख्तियारी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश आर्थिक कार्यविधि नियमावली नवनेको अवस्थामा संघीय आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार रकम निकासा, खर्च गर्ने कार्यविधि अपनाउने व्यवस्था छ । आर्थिक कार्यविधिको नियमावली, २०६४ को नियम ३२ बमोजिम मन्त्रालयलाई बजेट विवरण र खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित सचिवले आफ्नो मन्त्रालयको कार्यसञ्चालन इकाई/कार्यालय प्रमुखलाई अख्तियारी दिनुपर्नेमा नदिई बचत बजेटबाट खर्च गरेकोले मन्त्रालयको बजेट र खर्च बिच तुलना गर्न सकिएन । मातहतका निकायलाई अख्तियारी दिई बचेको बजेट मन्त्रालयको हुने गरी अख्तियारी व्यवस्थापन हुँदा मन्त्रालयको इकाईगत बजेट सुनिश्चित गर्ने अवस्था छैन । यसका सुधार गर्नुपर्दछ ।

७. **संघीय कार्यालयलाई निकासा** - संघीय कार्यालयलाई प्रदेश सरकारबाट बजेट हस्तान्तरण गर्ने प्रक्रिया स्वीकृत नभएको कारण शिक्षा निर्देशनालय मार्फत १३ वटै शिक्षा समन्वय ईकाईको फ्रिज नहुने खाता ख( ६) मा रु.२७ करोड १८ लाख २० हजार निकासा दिएको छ । त्यस्तै गरी हस्तान्तरण प्रक्रिया स्वीकृत नभएकै अवस्थामा मन्त्रालयले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् मध्यक्षेत्रलाई रु.४२ करोड ३० लाख ७० हजार निकासा दिएको छ ।

बजेट वनाउँदा कार्यक्रमको सुनिश्चितता हुनुपर्ने, बजेट हस्तान्तरणको प्रक्रिया बेगर बजेट विनियोजन गर्ने र सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गरेको कारण वर्षको अन्त्यमा आई रकमान्तर गर्दा आर्थिक अनुशासन कायम हुन सक्दैन । तसर्थ बजेट र कार्यक्रमको कार्यान्वयन क्षमतालाई ध्यान दिई रकमको व्यवस्थापन गर्नुपर्दछ ।

८. **बजेट वक्तव्यको कार्यान्वयन** - बजेट वक्तव्यमा उल्लेख भएका विषयहरु प्रगति समीक्षा गरेको छैन । वार्षिक १० हजार व्यक्ति लाभाविन्त हुने गरी "मुख्यमन्त्री जनता स्वास्थ्य परीक्षण कार्यक्रम" सञ्चालन गर्ने उल्लेख भएकोमा ५ स्वास्थ्य संस्थाबाट ६७०० ले स्वास्थ परीक्षण गरेको, अस्पताल व्यवस्थापन कार्यक्रम अन्तर्गत २० अस्पतालको लागि भवन निर्माण गर्न सम्वन्धित स्थानीय तहमा अनुदान रकम उपलब्ध गराउने, बीसवटा शहरी क्षेत्रमा शहरी स्वास्थ्य केन्द्र निर्माण गरी निःशुल्क स्वास्थ्य सेवाको लागि आवश्यक औषधि एवं पाठेघरको मुखको क्यान्सर परीक्षण सामग्री खरिद, प्रदेश विश्वविद्यालय स्थापना र सबै जिल्लामा प्राविधिक विद्यालय स्थापना गर्न सम्भाव्यता अध्ययन, २० विद्यालय छनौट गरी सूचना प्रविधिमैत्री लाईब्रेरी स्थापना, वैज्ञानिक आविष्कार केन्द्र स्थापना र सञ्चालन जस्ता घोषित कार्यक्रम कार्यान्वयन भएको देखिएन ।

९. **बढि भुक्तानी** - यो वर्ष मुख्यमन्त्री जनता स्वास्थ्य परिक्षण कार्यक्रम अन्र्तगत १० हजार जनालाई सेवा प्रदान गर्ने लक्ष्य हासिल गर्न प्रति अस्पताल २ हजार लाभग्राहीलाई सेवा दिने गरी प्रदेशका ५ अस्पताललाई रु.५० लाखका दरले निकासा दिएको छ । स्वीकृत कार्यविधिमा प्रतिव्यक्ति स्वास्थ्य परीक्षण खर्चबापत अस्पताललाई रु.२ हजार २ सय दिने उल्लेख छ । सफ्टवयरमा अनलाईन सिष्टमबाट ६ हजार ७३७ लाभग्राहीले सेवा लिएको अभिलेख रहेको देखियो । अभिलेख अनुसार प्रतिव्यक्ति २ हजार २०० का दरले रु.१ करोड ४८ लाख २१ हजार खर्च हुने देखिन्छ । प्राप्त विवरणबाट ५ अस्पतालबाट रु.१ करोड ९६ लाख ९३ हजार खर्च भएको देखिएकोले नर्म्सभन्दा रु.४८ लाख ७१ हजार बढी खर्च लेखेको रकम एकीन गरी असुल गर्नुपर्दछ ।

१०. **अबण्डा** - बजेटमा व्यवस्था भएको रकम अवण्डा राखी पटक पटक गरी अख्तियारी दिन नहुने व्यवस्था छ । मन्त्रालयले प्रदेश सरकारको पूँजीगत कार्यक्रममा रु.८७ करोड ८२ लाख कार्यक्रम तथा योजना अनुरुप अन्तर्गत निकाय तथा कार्यालयलाई निकासा दिनुपर्नेमा २०७५।८।२० मा सार्वजनिक निर्माण कार्यान्वयन ईकाई काभ्रेपलाञ्चोक र धादिडलाई क्रमशः रु.४ करोड र रु.३ करोड पठाएको, तत्पश्चात पटक पटक गरी

२०७६ आषाढ ९ सम्म अवण्डाबाट अख्तियारी दिएको देखिन्छ । ढीलो अख्तियारी दिदाँ कार्यान्वयन तहमा गुणस्तरमा पर्ने असर र खर्चमा नियन्त्रण नहुने जोखिम रहने भएकोले अख्तियारी तथा कार्यक्रम तोकिएको समयमा पठाउनु पर्दछ ।

११. **अनुदान वितरण** - मन्त्रालयले विद्यालय, सामुदायिक क्याम्पस तथा अस्पतालहरुलाई पटक पटक गरी विभिन्न किसिमका अनुदान दिएको छ । अनुदान वितरण कार्यविधि तयार गरेको छैन । अनुदान निष्पक्ष र वास्तविक रुपमा आवश्यक पर्ने निकायलाई प्रदान गर्ने अनुदान वितरणको सार्वजनिक सूचना प्रकाशन गरी सम्भाव्य सवै प्रत्यासीबाट निवेदन संकलन गर्ने र निश्चित आधारमा निष्पक्ष मूल्याङ्कन गरी अनुदान वितरण गर्नुपर्नेमा विभिन्न विद्यालय तथा सामुदायिक क्याम्पसहरुको नामनै उल्लेख गरी शिक्षा निर्देशनालयले निकासा दिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना हुने गरी रु.८१ करोड २० लाख अनुदान निकासा दिएकोमा विद्यालय छनौटको आधार प्रस्तुत हुन सकेन । मन्त्रालयले विगतमा अनुदान लिई सकेका सस्थालाई पुनः अनुदान जान सक्ने जोखिम नियन्त्रण हुने गरी अनुदान प्राप्त गर्ने संस्थाको अभिलेख व्यवस्थित गरेको समेत देखिएन । अतः अनुदान व्यवस्थित गर्न आवश्यक आधारहरु विकास गरी अनुदान वितरणको अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

१२. **सेवा विस्तार अनुदान** - सामुदायिक अस्पताल ५ लाई सेवा विस्तारका लागि अनुदान दिन कार्यक्रममा रु.१ करोड बजेट व्यवस्था भएकोमा ७ अस्पताल छनौट गरेको भएतापनि ५ अस्पताललाई रु.७२ लाख ५० हजार भुक्तानी दिएको छ । अस्पताल र मन्त्रालयबीच २०७६।२।३० मा भएको सम्झौता अनुसार प्रथम किस्ताको विल भरपाई पेश भएपछि दोस्रो किस्ता निकासा दिने निर्णय भएतापनि विलभरपाई उपलब्ध नगराएको अवस्थामा दोस्रो किस्ता रु.४३ लाख ५० हजार अनुदान दिएको देखियो । सम्झौता अनुसार सामाग्री खरिद तथा जडान गरेको प्रमाण बेगर दोस्रो किस्ता भुक्तानी दिएको नियमित देखिएन् । सामुदायिक अस्पतालहरुले अनुदानबाट खरिद गरेका उपकरणको प्रयोग सम्बन्धमा मन्त्रालयले अनुगमन गर्नुपर्दछ ।

## प्रादेशिक अस्पतालहरु

१३. **अस्पतालको सेवा प्रवाह** - चौतारा अस्पतालको लागि स्वीकृत १५ शैया मध्ये इमरजेन्सी कक्षमा ६ शैया, एस. एन. सि यू मा २ शैया, महिला, बच्चा र पुरुषतर्फ १४ शैया, न्यूट्रेशनमा ७ शैया समेत २९ शैया सञ्चालनमा रहेको देखियो । लेखापरीक्षणको क्रममा २०७६।५।९ मा अवलोकन गर्दा पूरै शैयामा बिरामी भर्ना रहेको र बिरामीको चाप बढी रहेको देखियो । अस्पताललाई स्तरोन्नति गरी शैया संख्या थप गर्नुपर्ने देखिएको छ ।

अस्पतालमा १०० एम. ए को एक्सरे मेशिन मात्र सञ्चालनमा रहेको, अस्पतालमा रहेको ३०० यम ए को एक्सरे मेशिन केही महिनादेखि बिग्रिएको छ । जसको कारण स्पाइनल र लम्बर जस्ता शरीरका भागको एक्सरे हुन सकेको छैन । सेवा प्रबाहलाई प्रभावकारी वनाउन अस्पतालमा ५०० एम ए को एक्सरे मेशिन र यू.सी.जी. मेशिन आबश्यक भएपनि उपलब्ध हुन सकेको छैन । यसतर्फ सम्बन्धित निकायले ध्यान दिनु आवश्यक छ ।

१४. **उपकरणको अवस्था** - अस्पतालले पुऱ्याउने सेवा सुबिधालाई चुस्त राख्न उपकरण एवम् सम्पत्तिहरु उचित सम्भार, मर्मत तथा व्यवस्थापन गरी चालु अवस्थामा राख्नुपर्दछ । भक्तपुर अस्पतालमा रहेका उपकरण मध्ये बायोकेमेष्ट्री अटोमेटेड एनालाइजर १, इन्कुभेटर २, सोडियम पोटासियम मेशिन १, एक्सरे रिडर १, डिस्टीलेसन प्लान्ट १, डिफीब्रिलेटर खरिद पश्चात प्रयोगमा नै नआएको अवस्था देखिएकोछ । स्वास्थ्य संस्थाले प्रयोग गर्ने उपकरणहरु चालु हालतमा नराख्दा मेशिन खरिदमा परेको खर्च तथा मेशिनको वारेण्टी निस्प्रभावी हुनुका साथै अस्पतालले सर्वसाधारणलाई दिने स्वास्थ्य सुविधा प्रभावित हुन गएकोछ । उपकरणहरु चालु हालतमा राखी लागत प्रभावी वनाउनुको साथै सेवा प्रवाह समेत चुस्त राख्नुपर्दछ ।

१५. **दायित्व सृजना** - चालु वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी सामाग्री खरिद तथा खर्च गर्न नहुनेमा भक्तपुर अस्पतालले औषधी, प्रयोगशाला सम्बन्धी केमिकल्स, सर्जिकल सामान लगायतका सामानहरुको विगतको दायित्व बापत रु.२ करोड ३५ लाख यो बर्ष भुक्तानी गरेको छ । त्यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु देहाय अनुसार छन् :

१५.१. अस्पतालले औषधी, प्रयोगशाला सम्बन्धी केमिकल्स र सर्जिकल सामानको २०७२।७३ को रु.५८ लाख ७७ हजार र २०७३।७४ को रु.१ करोड ८६ लाख २७ हजारसमेत रु.२ करोड ४५ लाख ४ हजारको दायित्व सिर्जना गरेकोमा ४ बर्षपछि २०७५।७६ मा विभिन्न १४ सप्लायर्सहरुलाई रु.२ करोड ३५ लाख भुक्तानी दिएको छ । नियमको परिधि भन्दा बाहिर गई दायित्व सिर्जन गर्न मिल्दैन ।

१५.२. अस्पतालले बोलपत्रको माध्यमबाट खरिद गरेको र सोझै खरिद गरेको केही औषधी तथा औषधीजन्य सामग्रीको दररेट परीक्षण गर्दा केहीको अवस्था देहायबमोजिम देखिएको र खरिद गर्दा बोलपत्रबालासँग खरिद नगरी दरभाउपत्रवालासँग खरिद गरेको रकम भुक्तानी दिन बाँकी रहेको देखियो :

| सि. नं. | औषधीको नाम | सोझै खरिद दर | ठेक्का दर | सि. नं. | औषधीको नाम | सोझै खरिद दर | ठेक्का दर |
|---|---|---|---|---|---|---|---|
| १ | इनजेक्सन एड्रीलाइन | ४४ | १९.५८ | ४ | एम्पीसिलन ५०० यम जी | २० | ०.१९ |
| २ | इनजेक्सन बुकोपान | ४९.९९ | १३.० | ५ | भिटबिक फ्रीटाक्याप | ५.९९ | १.४९ |
| ३ | इनजेक्सन एलेक्सीकेन | ५०.०० | ०.५० | ६ | मट्रोन्जल४०० यम जी | २.७० | ०.१० |

बोलपत्रदातासँग खरिद नगरी बढी दरमा दरभाउपत्रबाट खरिद गरी भुक्तानी बाँकी देखाएकोले कारोवार यथार्थपरक छ भन्ने अवस्था नरहेकोले खरिदको वास्विकता निर्क्यौल गर्नुपर्दछ ।

१५.३. खरिद गरी वा हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानहरुको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नुपर्ने उल्लेख भएकोमा अस्पतालले ल्याव केमिल्स सम्बन्धी औषधीजन्य मालसामान खरिद गरी जिन्सी खातामा आंशिक आम्दानी जनाए पनि जिन्सी खाता प्रमाणित गरेको पाइएन । प्रक्रिया पुरा नगरी भुक्तानी बाँकी दायित्व सिर्जना गरी भुक्तानी दिएको नियमित देखिएन ।

१६. **नगद बाँकी** - हेटौडा अस्पतालले २०७३।७४ को नगद बाँकी रहेको रकम अस्पताल विकास समितिको खातामा जम्मा गरेको भनी रु.४ लाख ५५ हजार खर्च जनाएको छ । नगद बाँकी रकम जो व्यक्तिसँग रहेको हो सोबाट असुल गरी समितिको खातामा जम्मा गर्नुपर्नेमा सो नगरी विविध खाताबाट खर्च जनाई दाखिला गरेको सम्बन्धमा छानविन गरी उक्त रकम असुल हुनुपर्दछ ।

१७. **प्रदेश स्वास्थ्य सेवा –** प्रदेश सरकारको नीति अनुसार नागरिकलाई सुलभ स्वास्थ्य सेवा प्रदान गरी स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्नुपर्नेमा जनसंख्या अनुरुप स्वास्थ्य संस्थाहरुको स्थापना, सेवा प्रवाहको नियमन र अनुगमन, स्वास्थ्य वीमा, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरण सहितको स्वास्थ्य सेवा उपलब्धता र पोषणको महत्व बारे जागरण बढाउने कामहरु नभएकोले उक्त नीतिको लक्ष्य पूरा भएको छैन ।

## शिक्षा विकास निर्देशानालय, हेटौंडा

सङ्घीय संरचना अनुसार प्रदेश भित्रका समग्र विद्यालय शिक्षा व्यवस्थापन, कानुन तथा नीति निर्माण सहजीकरण, योजना निर्माण, संघ प्रदेश र स्थानीय तह समन्वय, गुणस्तर मापदण्ड निर्धारण, व्यवस्थापन र नियमनको कार्यक्षेत्रमा काम हुने गरी सामाजीक विकास मन्त्रालय, बागमती प्रदेश अन्तर्गत २०७५ आश्विन २ गते शिक्षा विकास निर्देशनालयको स्थापना भएको छ ।

१८. **अनुदान निकासा** - निर्देशनालयवाट यो वर्ष देहायका कार्यक्रम सञ्चालन गरी प्रदेश अन्तर्गतका १३ जिल्लाका विभिन्न सामुदायिक विद्यालय तथा क्याम्पसहरुलाई निम्नानुसार रु.७६ करोड ६८ लाख ८७ हजार अनुदान निकासा दिएको छ :

(रु. हजारमा)

| कार्यक्रमको नाम | विद्यालय संख्या/क्याम्पस | बजेट | अनुदान निकासा |
|---|---|---|---|
| बाल विकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन अनुदान | ४९९७ कोटा | ५०००० | ४९७९० |
| शैक्षिक सामाग्री व्यवस्था (दर रु २५हजार ) | ३६७१ | १००००० | ९१७७५ |
| ग्रामिण तथा पहाडी क्षेत्रमा स्थापना भएका सामुदायिक क्याम्पसहरुका लागि सवलिकरण सहयोग अनुदान | १३५ | ३३५००० | ३१६६०२ |
| प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुकालागि प्रयोशाला व्यवस्था | ३० | ९००० | ८२०० |
| विद्यालय स्तरिय खेलकुद कार्यक्रम ,खेल सामाग्री व्यवस्था र शिक्षकको लागि प्रोत्साहन अनुदान | १३१० | १३६००० | १३०१०० |
| विद्यालयमा आइसिटि भवन सञ्चालन अनुदान(ई लाइब्रेरी र स्मार्ट वोर्ड) | २० | २०००० | १९९७९ |
| शुद्ध पिउने पानी स्वच्छ विद्यालय कार्यक्रम अनुदान | ८१ | ८१००० | ७२८५४ |
| विद्यालय भवन निर्माण अभियान | ३८ | ८१००० | ७७५८७ |
| **जम्मा:** | | **८१२०००** | **७६६८८७** |

अनुदान सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छ :-

१८.१. विद्यालय भवन निर्माण अभियान कार्यक्रमको लागि १३५ वटा सामुदायिक क्याम्पस र ३८ वटा सामुदायिक विद्यालयहरुसँग रु ३९ करोड ८९ लाख ४१ हजारको अनुदान संझौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार प्रतिस्पर्धाको विधिबाट अुदानको कार्य गराउनु पर्ने उल्लेख भए तापनि एक क्याम्पस बाहेक सबैले उपभोक्ता समिति मार्फत काम गराएको देखियो । उपभोक्तालाई हस्तान्तरण गर्न नसकिने विद्यालय तथा क्याम्पसका भवन निर्माण तथा भवनमा तला थप गर्ने जस्ता कार्यसमेत उपभोक्ता समिति मार्फत गराएको देखियो । अनुदानको शर्त विपरीत हुने गरी कार्य गरेको अवस्थामा पछिल्ला किस्ता अनुदान रोक्का गरी शर्तबमोजिम निर्माण कार्य गराउन निर्देशनालयले पहल गरेको देखिएन ।

१८.२. मन्त्रीस्तरीय निर्णयवाट स्वीकृत कार्यसञ्चालन निर्देशिकाको सि.नं ११५ मा प्रदेशभित्र ग्रामीण तथा पहाडी क्षेत्रमा स्थापना भएका सामुदायिक क्याम्पसहरुको विवरण तयार गर्ने, तोकिएका क्याम्पसहरुबाट कार्ययोजना सहितको प्रस्ताव माग गर्ने, स्वीकृत प्रस्ताव बमोजिम रकम बाँडफाँड गरी अनुदान उपलब्ध गराउने उल्लेख छ । यो वर्ष कार्यसञ्चालन निर्देशिकामा नै १३५ वटा सामुदायिक क्याम्पसहरुको नाम र अनुदान रकम उल्लेख गरी निर्देशिका स्वीकृत गरेको र निर्देशिकामा उल्लेख भएका सामुदायिक क्याम्पसहरुसँग कार्ययोजना सहितको प्रस्ताव लिई रु.१५ लाखदेखि रु ४ करोड ५० लाखसम्म अनुदान दिई रु.३१ करोड ६६ लाख २ हजार खर्च लेखेको छ । कार्यक्रम सञ्चालनको लागि स्वीकृत कार्यविधि समेतलाई आधार मानी प्रस्ताव आव्हान गर्ने, निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी कार्य गराउनुपर्नेमा तालुक मन्त्रालयले नै कार्यसञ्चालन निर्देशिकामा अनुदान पाउने सामुदायिक क्याम्पसको नाम र अनुदान रकम उल्लेख गरी स्वीकृत गर्दा रकम निकासा दिनुपर्ने बाध्यकारी व्यवस्था सहितको कार्यसञ्चालन निर्देशिका पठाएको देखियो । छनौट प्रक्रिया सम्बन्धी कागजात उपलब्ध नहुनुको साथै आफ्नै स्रोत र साधनबाट सञ्चालन गर्न सक्ने क्षमता सहित सञ्चालन गर्न स्वीकृत लिएका सामुदायिक क्याम्पसलाई अनुदान दिनुपर्ने औचित्यता खुलाएको समेत देखिएन । शैक्षिक संस्थाको माग तथा आवश्यकता र पारदर्शीताको नीतिलाई आधार वनाईसंस्था छनौट गरेर मात्र कार्यसंचालन गर्नुपर्दछ ।

१८.३. निर्देशनालय र क्याम्पसहरुवीच भएको सम्झौता अनुसार सम्बन्धित क्याम्पसले खर्च गर्दा सम्झौताका साथ पेश गरेको कार्य योजना तथा ड्रईङ्ग डिजाइन बमोजिमका कार्यहरुमा खर्च गरी सोको नापी किताव, कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने तथा क्यामपसबाट निर्माण कार्य हुन नसकेमा अनुदान रकम असुल गर्ने उल्लेख छ । यो वर्ष १३५ सामुदायिक क्याम्पसहरुलाई क्याम्पस सवलीकरण सहयोग अन्तर्गत क्याम्पस भवन निर्माण कार्यको लागि प्रथम किस्ता रु.३४ लाख ५० हजार निकासा दिएकोमा ती क्याम्पसहरुले कार्य योजना तथा ड्रईङ्ग डिजाइन बमोजिमको कार्यसम्पन्न प्रतिवेदन, निर्माण सम्पन्न गरेको स्थानीय तहको सिफारिस तथा दोस्रो किस्ता माग समेत गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

१८.४. यो वर्ष ३ हजार ६७१ आधारभूत विद्यालयहरुलाई प्रतिविद्यालय रु.२५हजारका दरले सम्बन्धित विद्यालयको खातामा सोझै निकासा नदिई प्रदेशभित्रका १३ वटा शिक्षा समन्वय इकाई मार्फत निकासा दिने गरी शिक्षा समन्वय इकाईको ख ६ खातामा रु.९ करोड १७ लाख ७५ हजार जम्मा गरी शैक्षिक सामग्री अनुदान रकम निकासा दिएको देखियो । उक्त रकम मध्ये ८ शिक्षा समन्वय इकाईले २,११९ विद्यालयलाई रु.५ करोड १८ लाख ५९ हजार सम्बन्धित विद्यालयको खातामा निकासा दिएको र रु.३ करोड ९९ लाख १६ हजार उपलब्ध गराएको देखिएन । विद्यालयको खातामा उपलब्ध गराएको र शैक्षिक सामग्री खरिद गरी सिकाई क्रियाकलापलाई बालमैत्री तथा प्रभावकारी वनाउने प्रयोजनमा खर्च गरेको प्रमाण समेत पेश हुन सकेन । स्थानीय तह मार्फत सोही प्रयोजनको लागि विद्यार्थी संख्याको आधारमा रकम निकासा हुने व्यवस्था भएकोले यस प्रयोजनमा दुई स्रोतबाट रकम निकासा भएको अवस्था छ । फ्रिज नहुने ख-६ समुह खातामा पठाएको उक्त रकम सम्बन्धितले प्राप्त गरेको र निर्धारित कार्यमा प्रयोग भएको यकीन हुनुपर्दछ ।

१८.५. कार्यसञ्चालन निर्देशिका, २०७५ को सि.नं १०५ मा प्रदेशभित्रका विद्यालय र समुदायमा आधारित बाल विकास केन्द्रको विवरण तयार गरी उक्त केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताको संख्या यकीन गरी ती सहयोगी कार्यकर्ताहरुलाई मासिक रु.१ हजारका दरले १० महिनाको रकम सम्बन्धित समुदायमा आधारित बालविकास केन्द्रमा निकासा दिने उल्लेख छ । यो वर्ष ४ हजार ९९७ बालविकास सहयोगी कार्यकर्ताको रु.१० हजारका दरले हुन आउने रकम केन्द्रको खातामा सोझै निकासा नदिई १३ शिक्षा समन्वय इकाईको ख-६ समुह खातामा रु.४ करोड ९९ लाख ७० हजार प्रोत्साहन रकम निकासा दिएको देखियो । फ्रिज नहुने ख-६ समुह खातामा पठाएको रकम मध्ये रु.१ करोड ८४ लाख २१ हजार सम्बन्धित विद्यालयमा निकासा दिएको प्रमाण प्राप्त नभएकोले उक्त रकम सम्बन्धितले प्राप्त गरेको प्रमाण पेश हुनुपर्दछ ।

१८.६. यो वर्ष विद्यालय स्तरमा खेलकुदको पूर्वाधार विकास गर्न १,३१० माध्यमिक विद्यालयलाई प्रतिविद्यालय रु.१ लाखका दरले निकासा दिंदा सम्बन्धित विद्यालयले खातामा सोभै निकासा नदिई १३ शिक्षा समन्वय इकाईको ख-६ खातामा रु.१३ करोड १ लाख ७० अनुदान निकासा दिएको देखियो । फ्रिज नहुने ख-६ खातामा पठाएको उक्त रकम सम्बन्धित विद्यालयले प्राप्त गरेको मध्ये ५२५ विद्यालयलाई निकासा दिएको रु.५ करोड १५ लाख सम्बन्धितले प्राप्त गरेको र निर्धारित कार्यमा प्रयोग भएको एकीन हुनुपर्दछ ।

१८.७. यो वर्ष सामाजिक विकास मन्त्रालयले कार्य संचालन निर्देशिकामा नै समुदायिक विद्यालयहरुको नाम र अनुदान रकम उल्लेख गरी २० समुदायीक विद्यालयलाई आइ. सी. टी अनुदान रु १ करोड ९९ लाख ८० हजार स्वच्छ खानेपानी व्यवस्थापन गर्न ७६ विद्यालयलाई रु ७ करोड २८ लाख ५४ हजार र विद्यालय भवन निर्माण गर्न ३८ विद्यालयलाई रु ७ करोड ७५ लाख ८७ हजार समेत रु १७ करोड ४ लाख २१ हजार अनुदान दिएको छ । कार्यक्रम र अख्तियारी प्राप्त भएपछि अनुदानको लागि निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गर्ने र छनौट भएका प्रस्तावदातासँग सम्झौता गरी कार्य गराउनु पर्नेमा तालुक मन्त्रालयले नै कार्यसञ्चालन निर्देशिकामा अनुदान पाउने सामुदायिक विद्यालयको नाम र अनुदान रकम उल्लेख गरी स्वीकृत गर्दा रकम निकासा दिनैपर्ने बाध्यकारी व्यवस्था सहितको कार्यसञ्चालन निर्देशिका पठाएको देखियो । अनुदान प्राप्त गरेका विद्यालयहरुले कार्ययोजना अनुसार तोकिएका प्रविधियुक्त कक्षा कोठा निर्माण एवं व्यवस्थापन गर्ने, स्वच्छ खानेपानीको प्रवन्ध मिलाउने, लगायतका कार्यहरु सम्पन्न गरेको र निर्मित भवन तथा संरचनाहरु भवन संहिताको मापदण्ड अनुरुप गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन गरी प्रतिवेदन तयार हुनुपर्दछ ।

## सार्वजनिक निर्माण कार्यान्वयन इकाईहरु

१९. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची-१ मा लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी समावेश गर्न पाउने व्यवस्था रहेको छ । कन्टिन्जेन्सी खर्च सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छ :

१९.१. सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले रु.१ करोड १२ लाख ७३ हजार, काभ्रेपलाञ्चोकले रु.१ करोड ३ लाख १९ हजार, कार्यालय सञ्चालनसँग सम्बन्धित दैनिक भ्रमण भत्ता, इन्धन, गाडी र मोटरसाईकल मर्मत, कार्यालय तथा स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेका छन् । नियममा विस्तृत व्यवस्था गरी कन्टिन्जेन्सी खर्चको कार्यविधि तर्जुमा गरी खर्च गर्नुपर्दछ ।

१९.२. सार्वजनिक निर्माण कार्यान्वयन इकाई, काभ्रेपलाञ्चोकले निर्माणतर्फ रु.१३ करोड १५ लाख ८२ हजार खर्च गर्दा कन्टिन्जेन्सी बापत रु.१ करोड ३ लाख १९ हजार खर्च लेखेको छ । आयोजनागत कन्टेन्जेन्सी रकमको अद्यावधिक अभिलेख राखी नियमले तोकेको क्षेत्र र सीमाभित्र रही खर्च गर्नुपर्नेमा निर्माण खर्चको तुलनामा रु.३७ लाख ४० हजार बढी खर्च लेखेको तथा निर्माणसँग असम्बन्धित शीर्षकहरुमा समेत कन्टेन्जेन्सी खर्च लेखेकोले आर्थिक अनुशासनको पालना भएको छैन यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२०. **नापी फरक परेको** - सुर्वण शम्शेर अध्ययन प्रतिष्ठान, बुढानिलकण्ठ काठमाण्डौको क्रिकेट मैदान निर्माण कार्यको प्राविधिक मूल्याङ्कन श्रमदान बाहेक रु.४८ लाख ४० हजारमा श्रमदानको रु.८ लाख ३ हजार कट्टा गरी रु.४७ लाख ५९ हजार खर्च गरेको छ । सार्वजनिक निर्माण कार्यान्वयन इकाई, धादिङले प्राविधिक मूल्याङ्कन नापी किताबको सि.नं.५ पी.सी.सी.मा १०९.७७ घन मीटर हुनेमा १७२.८६ घन मीटर काम भएको भनी जोडजम्मा फरक परेको कारण ६३.०९ घन मीटरको प्रति घन मीटर रु.१६,६८८.१९ ले रु.१० लाख ५३ हजार उपभोक्ता समितिलाई बढी भुक्तानी भएको देखियो । सो रकम असुल गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – लेखापरीक्षणबाट मन्त्रालय र मातहतसमेत २२ निकायमा यो वर्ष रु. ३४ करोड ८९ लाख ३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. १६ करोड ५८ लाख २ हजार फछ्र्यौट गरेकोले रु १८ करोड ३१ लाख ३२ हजार फछ्र्यौट गर्न बाँकी रहेको छ । सो मध्ये रु. २ करोड ६३ लाख १३ हजार पेश्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ ।

अन्य संस्था र समिति तर्फ ८ निकायमा रु. १ करोड ७८ लाख १८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. २५ लाख ९७ हजार फछ्र्यौट गरेकोले रु १ करोड ५२ लाख २१ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-११** मा समावेश छ ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटील संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, गराउने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१ करोड ७१ लाख १ हजार, राजस्व रु.९ हजार र धरौटी रु.३ लाख ९३ हजार र अन्य कारोवार रु. ५८ हजार समेत रु.१ करोड ७५ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१ **कार्य सम्पादन -** मुख्य न्यायधिवक्ताको काम, कतर्व्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ अनुसार प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकारको संविधान एवं कानुनको व्याख्या संम्बधी कुनै जटिल संवैधानक वा कानुनी प्रश्न समावेश भएको वा सम्बन्धित प्रदेशको सर्न्दभमा सार्वजनिक महत्व, सरोकार रहेको मद्धामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भइ वहस पैरवी गर्ने, प्रदेश सरकार, प्रदेश सरकारले तोकेको अधिकारले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय प्रदान गर्ने कार्य मुख्य न्यायाधिवक्तालाई तोकेको छ । यो बर्ष प्रदेश सरकारलाई बिपक्षी वनाई परेका विभिन्न १५ मुद्धाको कार्यालयले प्रतिरक्षा गर्दा ४ खारेजी भएका, ९ को जबाफ लगाई बहस गरिएको र २ को कारबाही हुन बाकी रहेकोछ । दरवन्दी अनुसार ८ पद रिक्त रहन गई कार्य सम्पादनमा सहजता आएको छैन । कर्मचारीको पदपुर्ती समेत गरी कार्य सम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

- **बेरुजू स्थिति –** कार्यालय तर्फ यो वर्ष रु. ९१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्राप्त प्रतिक्रियाबाट रु. ६० हजार फछ्र्यौट गरेकोले रु.३१ हजार बाँकी रहेको छ । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा समावेश छ ।

# प्रदेश नीति तथा योजना आयोग

प्रदेश स्तरीय विकास नीति, योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नका लागि प्रदेश विकास समस्या समाधान समिति, प्रदेश मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति, प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति र जिल्ला स्तरीय समन्वय तथा अनुगमन समिति रहेका छन् । उल्लेखित समितिहरुलाई सहयोग गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न एवम सर्वसाधारण जनतासँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण सम्बन्धी क्रियाकलापहरु प्रदेश सरकारले कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु आयोगको प्रमुख उद्देश्य रहेको छ ।

यो वर्ष आयोगको विनियोजन रु.२ करोड ३२ लाख ७६ हजार र धरौटी रु.२ लाख ५९ हजार समेत रु.२ करोड ३५ लाख ३५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **कार्य जिम्मेवारी** - प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीतिको तर्जुमा, लगानी प्रक्षेपण, मूल्य स्थिति, सहवित्तीयकरण, प्रादेशिक वित्त सन्तुलन, आवधिक एवं क्षेत्रगत योजना, अन्तर प्रदेश विकास योजनाको समन्वय लगायतका विषय कार्यान्वयन र नियमन गर्ने आयोगको जिम्मेवारी रहेको छ । उक्त जिम्मेवारीको सूची बनाई कार्यान्वयन समय तालिका तयार गरिनु पर्नेमा आयोगले सो बमोजिम गरेको पाइएन । कार्यान्वयन तालिका तयार गरी कार्य जिम्मेवारीलाई कार्यान्वयन गर्नुपर्दछ ।

२. **दीगो विकास लक्ष्य** - प्रदेशमा दीगो विकासका बारेमा जनचेतना अभिवृद्धि गर्ने, राष्ट्रिय दीगो बिकास लक्ष्यका रणनीतिहरूमा प्रादेशिक दृष्टिकोणका लागि पैरवी गर्ने, राष्ट्रिय स्तरका लक्ष्यहरूलाई प्रादेशिक सन्दर्भ अनुरूप बनाउने र अनुगमन, मूल्याङ्कन गर्ने, अनुभवहरूबाट सिक्ने, स्थानीयतहका विकासका क्रियाकलपाहरूको योजना, ढाँचा निर्माण, कार्यान्वयन र अनुगमनमा संलग्न गराउने, योजना र नीतिहरु तथा कार्यक्रममा दीगो बिकासका सूचकहरुलाई समाहित गराइ सोको आधारमा संचालित आयोजना तथा कार्यक्रमको उपलब्धि मापन गर्ने कार्य प्रदेश नीति आयोगबाट शूरु भएको छैन । संघीय सरकार एवम् राष्ट्रिय योजना आयोगसँग समन्वय गरी प्रदेश सरकारले दीगो विकास लक्ष्य २०१६-२०३० का सूचकहरू लाई आन्तरिकीकरण गर्नु पर्दछ ।

३. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन,२०६३ को ८ मा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्नु नहुने उल्लेख छ । आयोगले प्रतिस्पर्धात्मक खरिद विधि र प्रक्रिया पूरा नगरी यो बर्ष रु.८७ लाख ३६ हजारको फर्निचर तथा कार्यालय सामग्री सोझै खरिद गरेको नियम सम्मत देखिएन । खरिद कार्य व्यवस्थित, कानुनसम्मत्, मितव्ययी र प्रतिस्पर्धी बनाउनुपर्दछ ।

- **बेरुजू स्थिति** - आयोगको लगती बेरुजू देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची-१०** मा छ ।

# परिच्छेद –४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धी ब्यहोरा निम्न छन्:

१. **फछ्र्यौट -** यो वर्ष प्रदेशक सरकारी कार्यालयतर्फ १८२ निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरी रु. १ अर्ब २१ करोड ३५ लाख ७० हजार लगती बेरुजू सहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा ७२ इकाईको प्रमाण तथा प्रतिक्रिया पेश भई सैद्धान्तिक दफा २२ र लगती दफा १२७ बाट रु. २४ करोड १४ लाख ८३ हजार फछ्र्यौट भएको र बाँकी ११८ इकाईको प्रतिक्रिया प्राप्त भएतापनि फछ्र्यौट हुन नसकि रु. ९७ करोड २० लाख ९४ हजार बाँकी रहेको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका ९ इकाईको रु. १ करोड ७८ लाख ५० हजारमा ३ निकायले प्रतिक्रियाबाट रु. २६ लाख २९ हजार फछ्र्यौट गरेकोले रु. १ करोड ५२ लाख २१ हजार बेरुजूबाँकी रहेको छ। कानुन बमोजिम बेरुजू असूल फछ्र्यौट गर्नुपर्दछ।

    गत वर्ष प्रदेशको सरकारी कारोबार तर्फको रु. ९ लाख ७२ हजार बेरुजू फछ्र्यौट गर्न बाँकी रहेकोमा फछ्र्यौटको लागी अनुरोध हुन नआएबाट बेरुजू सम्परीक्षण भएको छैन।

२. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरु संचालनको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, सार्वजनिक खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीमा जिम्मेवारी र जवाफदेहिता वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरण गर्नुपर्दछ।

# परिच्छेद ५
# सुधारका क्षेत्रहरु

स्रोत र साधनको प्राप्ति एवम् परिचालनबाट प्रदेशका विकास निर्माण, सेवाप्रवाहका गतिविधिलाई पारदर्शी, जवाफदेही, मितव्ययी र सुशासनयुक्त एवम् प्रभावकारी वनाउन शासन संचालन तथा आर्थिक कार्य प्रणालीमा सुधार गर्ने विषय निम्न छन्

